वर्ष : १४, अंक : ४९, काठमाडौं, २०७५ चैत १५ गते शुक्रबार, 29 March 2019, Friday पृष्ठ : ८, मूल्य रू : १०

राष्ट्रिय एकता, राष्ट्रियता र मधेशवादप्रति समर्पित www.madheshvani.com

राष्ट्रिय साप्ताहिक

# मधेशवाणी

The Voice of Madhesh

पत्रकार सम्मेलन, सभा, गोष्ठी वा बैठक गर्नुपरेमा हामीलाई सम्झनुहोस् ।

कुनै सभा, गोष्ठी, सम्मेलन, बैठक वा पत्रकार सम्मेलन गर्नुपरेमा ६० देखि ७० जनासम्म अटाउने क्षमता भएको हल मधेश मिडिया हाउसमा सम्पर्क राख्नुहोस् ।

| शुल्क | सेवा |
|---|---|
| रू. ५०००।- (पाँच हजार मात्र) | फोन, फ्याक्स, इमेल |

मधेश मिडिया हाउस

हनुमानस्थानचोक, अनामनगर, काठमाडौं

फोन नं. : ०१-५७०६१४१, ९८०८१२५०२४

ई-मेल : madheshmediahouse @gmail.com

## फोरम-राजपाको एकता !

# ‘प्रोपोगण्डा’ मात्रै कि सीके राउतको भय ?

मधेशवाणी डेस्क

काठमाडौं । सरकारमा रहेको संघीय समाजवादी फोरम नेपालले मंसिर २३ गते विचार मिल्नेहरूसँग पार्टी एकीकरण गर्न वार्ता समिति बनाएर एकताको प्रयास थालेको छ ।

उसले यसबीचमा राजपा, राष्ट्रिय जनमुक्ति पार्टी, नयाँ शक्ति पार्टी, नेपाललगायत विचार पक्षधरतासँग पत्राचार गरिसकेको छ । फोरमले अन्य पार्टीहरूसँग एकीकरणका लागि पत्राचार गरे पनि राजपासँग गरिएको पत्राचारबाट सबैको चासो बढेको छ । फोरमले एकीकरणका लागि राजपालाई अपील गर्दा उसले त्यसलाई महत्व नदिई मौन बस्यो । तर जब स्वतन्त्र मधेशको नाममा पृथकतावादी गतिविधि गरिरहेका डा.सीके राउतले विखण्डनकारी एजेण्डा छाडेर राष्ट्रिय राजनीतिको मूलधारमा आउने निर्णय गर्‍यो, त्यसपछि राजपा पनि फोरमसँग एकीकरणका लागि तातेको छ । फलस्वरूप उसले पनि राजेन्द्र महतोको संयोजकत्वमा वार्ता समिति बनाएर एकीकरणका लागि पत्र पठाएको छ । यद्यपी दुवै दलको वार्ता समिति बने पनि अहिलेसम्म एकीकरणको वार्ताले औपचारिक प्रवेश पाएको छैन ।

राजधानीको एक होटलमा गोप्य बैठक बसेर राजपाले फोरमसँग एकता गर्न प्रक्रिया अगाडि बढाउने निर्णय लिएको हो । फोरमको वार्ता समितिले पार्टी एकताको आह्वान गर्दै राजपालाई पत्र पठाएको लामो समयपछि मात्र राजपाले जवाब दिनु अर्थपूर्ण छ ।

एकता कुन मोडालिटीमा गर्ने भन्ने विषयमा अहिलेसम्म तय भइसकेको छैन । यद्यपी राजपाका नेताहरूले पार्टीले एकताका लागि रेस्पोन्स मात्रै गरेको र दुवै टोली बसिसकेपछि मात्र एकताको मोडालिटी तय गर्ने बताउँछन् । तर राजपाले सरकारलाई दिएको समर्थन फिर्ता लिएको अवस्था र फोरम सरकारमै सहभागी भएको अवस्थाले वार्ता कसरी अगाडि बढ्ने भन्ने अहिले अन्योल नै छ ।

राजपाले संविधान संशोधनलाई प्रमुख एजेण्डा बनाएको छ । फोरमसँग एकता गर्नका लागि पनि सरकार छाड्नुपर्ने र संविधान संशोधनलाई प्रमुख एजेण्डा बनाउनुपर्ने शर्त राख्ने सम्भावना छ ।




विश्लेषकहरूका अनुसार मधेशमा सीके राउतको उदयका कारण नै राजपा पनि फोरमसँग एकता गर्ने प्रक्रियालाई हठात् शुरू गरेको हो ।

### एकतामा गम्भीरता

मिल्दा र फुट्दापछिको चुनावी परिणामको अनुभव बटुलिसकेका मधेशी दलका नेताहरू एकताका लागि सुरूदेखि नै गम्भीर देखिन्छन् । २०६४ को पहिलो संविधानसभा निर्वाचनमा तीन मधेशी दलले प्रदेश नम्बर २ मा पर्ने जिल्लाका ४८ सिटमध्ये ३५ जितेका थिए । तत्कालीन समयमा मधेशी जनअधिकार फोरम, तराई मधेश लोकतान्त्रिक पार्टी र सद्भावना पार्टी चुनावमा होमिएका थिए ।

२०७० को दोस्रो संविधानसभा निर्वाचनमा फोरम फुटेर टुक्राटुक्रा भयो, सदभावना र तमलोपा पनि विभाजित भए । परिणाम ४८ सिटमध्ये मधेशी दलले चार सिटमै चित्त बुझाउनुपर्‍यो ।

पहिलो संविधानसभा चुनावमा जित र दोस्रोमा हारको अनुभवबाट नेताहरू पाठ सिकेको धारणा मधेशी नेताहरूको छ । विगतका अनुभव र गल्तीले सबै नेता घोत्लिनुपर्ने ठाउँमा पुगेका छन् ।

एमाले र माओवादी केन्द्र मिलेर वामपन्थी शक्ति निर्माण गर्दै गर्दा राजपा र फोरमले चुनावमा तालमेल तथा दीर्घकालीन एकताका लागि पहल गर्ने निर्णयसहित अघि बढेका थिए । निर्वाचन सकिएपछि पनि काठमाडौंमा भएको एक पत्रकार सम्मेलनमा राजपाका अध्यक्ष मण्डलका सदस्य राजेन्द्र महतोले संघीय समाजवादी फोरमसँगको एकता आजको आवश्यक्ता रहेको बताएका थिए । उनले चुनावलगत्तै पार्टी एकताका लागि पहल सुरू गरिने पनि बताएका थिए । निर्वाचनअघि दीर्घकालीन रूपमा पार्टी एकताबारे छलफल चलिरहेको बताइए पनि पछिल्लो समय एकताको विषय हराउँदै गएको थियो । मधेशका मुद्दामा लडिरहेका दलहरू मिल्नुको विकल्प नरहेको बताउने दलका नेताहरूले त्यसपछि एकताका विषयमा किन बोल्न छाडे ? आम चासोको विषय बनेको छ । संविधान संशोधन, मधेशीको पहिचान, अधिकार र राज्यमा मधेशीको सहभागिताका लागि पनि मधेशी दलहरू एक हुनुपर्ने नेताहरूको धारणा रहे पनि यस अघि किन एकताको लागि पहल भएन त?

### एकताको तगारो

झण्डै समान एजेन्डामा संघर्षरत दुवै पार्टीको मुख्य जनाधार क्षेत्र मधेश नै हो । दुवै पार्टी मिले मधेशी जनताले सहज अधिकार पाउने भन्दै मिल्नका लागि जनदबाव पनि छ ।

दुई पार्टीबीच भइरहेको प्रयास सार्थक होला त ? धेरै नेता भएर आलोपालो नेतृत्व गर्दै आएको राजपा र एकल नेतत्व गर्दै आएका फोरमबीच एकता भइ नै हाल्ने आधारहरू भेटिदैन ।

फोरम सत्तारूढ रहेको वर्तमान सरकारलाई यथास्थितिवादको मलजल गर्ने भन्दै राजपाले कडा आलोचना गरेकाले फोरम सत्तारूढ रहेसम्म पार्टी एकताको सम्भावना न्यून देखिएको छ । यद्यपी राजपाका नेताहरू एकताका लागि फोरमलाई सरकारबाट बाहिरिनु पर्ने शर्त नरहेको बताउँदै आएका छन् । राजपाका अध्यक्षमण्डलका एक नेता भन्छन्- पार्टीले एकताका लागि कुनै शर्त राखेको छैन । फोरम सरकारमा रहन्छ कि रहँदैन भन्ने कुराको निष्कर्ष त फोरमले तय गर्ने उनको धारणा छ । *मधेशवाणी*सँगको कुराकानीमा राजपाका अध्यक्षमण्डलका नेता महेन्द्रराय यादव भन्छन्, ‘हामीले कुनै शर्त राखेका छैनौं, यो अनावश्यक कुराहरू बाहिर आइरहेका छन् । जसले यस्ता कुराहरू गर्छन्, उनीहरू एकता चाहेका छैनन् । अहिलेसम्म वार्ताको टेबुलमा बसेको छैन, पहिला नै यसो गर्नुपर्छ, उसो गर्नुपर्छ भनेर वातावरण बन्छ ? जसले एकताका लागि शर्तको कुरा गर्छन् भने त्यो एकता विरोधी भावनाबाट प्रेरित छन् ।’

नेता यादवले यसो भनिरहँदा राजपाले अग्रगमन र परिवर्तनकारी शक्तिलाई धम्क्याउनका लागि दुस्साहस गर्न पुग्ने गरी फोरमले सरकारको पक्षमा दुई तिहाई

*बाँकी अन्तिम पृष्ठमा*

## हामी राज्यआतंकबाट पीडित छौं : ठाकुर



काठमाडौं । राष्ट्रिय जनता पार्टी नेपालका अध्यक्षमण्डलका नेता महन्थ ठाकुरले आफूहरू राज्यआतंकबाट पीडित रहँदै आएको आरोप लगाएका छन् । प्रतिनिधिसभाको आइतबारको बैठकमा अधिवेशन समापन कार्यक्रममा बोल्दै ठाकुरले भने, ‘अहिले राज्य आतंक चलिरहेको छ, राज्य आतंक सबैभन्दा ठूलो हुन्छ । किनकी उसको हातमा गोली हुन्छ, उसको हातमा कानून हुन्छ, उसको हातमा अदालत हुन्छ । उसले जहाँ पनि हान्न सक्छ’ नेता ठाकुरले भने ।

उनले टीकापुर घटनामा रेशम चौधरी जेल जानु राज्य आतंक भएको जिकिर गरे । ‘लोकतन्त्रमा अधिकार माग्दा जेल जानुपर्ने’ उनले प्रश्न गरे ‘अधिकार माग्दा जेल जानुर्पयो भने कुन सिस्टममा अधिकार माग्ने ?’ नेता ठाकुरले सरकारले अतंक मच्चाउदा इनाम र प्रशंसा पाउने तर जनताले अधिकार माग्दा जेल जानुपर्ने, गोली खानुपर्ने अवस्था रहेको बताए । अहिले लोकतन्त्र भए पनि केन्द्रीकृत खालको लोकतन्त्र रहेको जिकिर गरे ।

## भारतीय विदेश सचिव र प्रधानमन्त्रीबीच भेटवार्ता



काठमाडौं । नेपाल भ्रमणमा रहेका भारतका विदेश सचिव विजय गोखलेले प्रधानमन्त्री केपी शर्मा ओलीसँग भेटवार्ता गरेका छन् । नेपाल-भारत परराष्ट्र सचिव स्तरीय संयन्त्रको बैठकमा भाग लिन काठमाडौं आएका विदेश सचिव गोखलेले ओलीसँग भेटवार्ता गरेका हुन् । प्रधानमन्त्री निवास बालुवाटारमा भएको भेटवार्तामा द्विपक्षीय हित र चासोको विषयमा छलफल भएको हो । भेटमा नेपालका लागि भारतीय राजदूत मञ्जिवसिंह पुरी पनि उपस्थित थिए । त्यसअघि भारतीय विदेश सचिव गोखलेले परराष्ट्रमन्त्री प्रदीप ज्ञवालीसँग सिंहदरबारमा भेटवार्ता गरेका थिए । द्विपक्षीय हितको विषयमा कुराकानी भएको परराष्ट्र मन्त्रालयले जनाएको छ । त्यसअघि सचिव गोखले नेपाल भारत परराष्ट्र सचिव स्तरीय बैठकमा सहभागी भएका थिए । विदेश मन्त्रालयको सचिवको जिम्मेवारी सम्हालेको १५ महिनापछि उनी पहिलो पटक नेपाल भ्रमणमा आएका हुन् ।

## फोरम सरकारबाट बाहिरिनुपर्छ भन्नेहरू एकता भाँड्न चाहन्छन्



: महेन्द्र राय यादव

अन्तर्वार्ता पृष्ठ ३ मा

समय–सन्दर्भ

संगीता रेग्मी



# मधेशमा आएको राजनीतिक तरंग

**रेशम चौधरीको आजीवन कारावास, राजपा नेपालले सरकारलाई दिएको समर्थन फिर्ता र सीके राउतसँगको सहमति जस्ता घटनाक्रमले विकास भएको राजनीतिले मधेशलाई फेरि एक पटक हल्लाएको छ ।**

केही समयदेखि स्थिर रहेको मधेशको राजनीति फेरि एकचोटि तरंगित भएको छ । कैलालीबाट निर्वाचित राजपा नेपालका सांसद रेशम चौधरीलाई अदालतले आजीवन कारावासको फैसला सुनाउनु र अर्कोतिर पृथकतावादी अभियान चलाउँदै आएका डा. सीके राउत समूहसँग सरकारले गरेको ११ बुँदे सहमतिसँगै समग्र देशको राजनीति अहिले मधेश केन्द्रित भएको छ ।

संविधान घोषणा हुनुभन्दा पहिलेदेखि नै मधेशका मुद्दाहरू सम्बोधन नगरिएको र आफूहरूलाई बाहिर राखी जर्बरजस्ती संविधान जारी गरिएको भन्दै मधेश केन्द्रित दलले असन्तुष्टि जनाउँदै आएका थिए । त्यस विरूद्ध उनीहरूले तेस्रो पटक मधेश आन्दोलन गरेका थिए । आन्दोलनकै क्रममा ५६ जनाभन्दा बढीको ज्यान गएको थियो । त्यही समयमा कैलालीको टीकापुरमा भएको घटनमा राजपाका नेता रेशमलाल चौधरीको संलग्नता भएको भन्दै अदालतले दोषी ठहर गरी आजीवन कैदको सजाय सुनाएको छ । अदालतको यो फैसलासँगै राजपा नेपालले सरकारलाई दिएको समर्थन फिर्ता लिने निर्णय गरिसकेको छ । र यहि समयमा सरकारले सिके राउतसँग ११ बुँदे सहमति गरेर मधेशलाई झन तरंगित बनाइ दिएको छ । रेशम चौधरीको आजिवन काराबास, राजपा नेपालको सरकारलाई दिएको समर्थन फिर्ता र सिके राउतसँगले सहमति जस्ता घटनाले विकास भएको राजनीतिले मधेशलाई फेरि एक पटक हल्लाएको छ । यहि तरंगका बीच मधेशका दुई शक्तिबीच एकीकरणको प्रयास थाल्नु अर्को चासोको विषय बनेको छ ।

### अन्योलमा राजपाको महाधिवेशन

मधेशका मुद्दालाई केन्द्रमा राखेर राजनीति गर्दै आएका ६ वटा विभिन्न मधेशी दलहरू एक भई २०७४ वैशाख ७ गते राष्ट्रिय जनता पार्टी नेपाल राजपा गठन भएको हो । उसले स्थापनाको एक वर्ष अर्थात २०७५ मा महाधिवेशन गरीसक्ने जनाएको थियो । निर्धारित समयमा महाधिवेशन गर्न असम्भव भएपछि राजपा नेपालको राजनीतिक समितिको बैठकबाट २०७६ वैशाख ७, ८ र ९ गते महाधिवेशनको नयाँ मिति ताकेको छ ।

महाधिवेशनको तयारीका लागि हुनुपर्ने वडा, पालिका, प्रदेशस्तरको अधिवेशनहरू अहिलेसम्म भइसकेको छैन । जबकि तोकिएको महाधिवेशनको समय आउन अब लगभग तीन सातामात्र बाँकी छ । यस्तो अवस्थामा तोकिएकै समयमा महाधिवेशन हुनेमा आशंका बढ्न थालेको छ । तर, राजपा पार्टीका अध्यक्ष मण्डलका नेता महेन्द्र राय यादव भन्नुहुन्छ - ‘अहिलेसम्म हामी तोकिएकै मितिमा महाधिवेशन गर्ने पक्षमा छौं । अध्यक्षमण्डलको बैठक बसेर महाधिवेशनको विषयमा टुंगो लाग्छ ।’ यादवले यसो भनिरहँदा पनि महोधिवेशन समयमै हुने बारे सुनिश्चिता छैन । शीर्ष नेताहरूबीच रहेको ‘अमझदारी’ लाई ढाकछोप गर्न प्राविधिक कारणले महाधिवेशन हुन नसक्ने प्रवल सम्भावना छ ।

### मूलधारको राजनीतिमा सीके राउत

सरकारसँग अकस्मात् ११ बुँदे सम्झौता गरेर जनकपुर पुगेका सीके राउतले सिराहको लहानमा स्वतन्त्र मधेश गठबन्धनको राष्ट्रिय परिषद्को बैठक बोलाएर ‘जनमत पार्टी’को घोषणा गरे । उनले अब संविधान बमोजिम नै आफ्ना गतिविधि अगाडि बढाउने धारणा सार्वजनिक गरेका छन् । अबको केही दिनभित्रै निर्वाचन आयोगमा दल दर्ता गर्ने तयारी भइरहेको बुझिएको छ । सीके राउतको यो यू-टर्नलाई कतिपय विश्लेषकहरूले राउतको मूलधारको राजनीतिमा प्रवेशको रूपमा अर्थ्याएका छन् । सीके राउतको

*बाँकी पृष्ठ २ मा*





## सम्पादकीय

# सिके र विप्लव

देशको राजनीतिको मूल केन्द्रमा अहिले पृथक मधेश देशको अभियान छाडेर मूलधारको राजनीतिमा आएका डा.सीके राउत र हिंसात्मक आन्दोलनमार्फत राजनीति गरिरहेका नेत्रविक्रम चन्द 'विप्लव' रहेका छन् ।

यद्यपी उनीहरूले राजनीतिको 'शिखर' कहिले छुने हो, थाहा छैन । सहज पनि छैन, देखिँदैन । तर, समयले उनीहरूलाई अहिले चर्चाको शिखरमा चर्चित बनाएको छ । विखण्डनकारी भनेर चिनिएका सीके राउत र अर्का हिंसात्मक राजनीतिको तयारीमा रहेका विप्लव दुवैलाई सरकारले एकैपटक सम्बोधन गरेको छ । एउटा सरकारसँग समर्पण गर्न आएको देखियो, अर्को सरकारसँग पौंठेजोरी खेल्न । विखण्डनको माग नेपालको संविधानले स्वीकार गर्दैन । सीके राउतले यो अभियान नै चलाए । पढाइमा अब्बल सीकेले समातेको बाटो यद्यपि हिंसात्मक थिएन तथापि लक्ष्य गलत । करिब सात वर्षपछि उनी सही लक्ष्यमा फर्केका छन् ।

राउत चर्चा शिखरमा रहिरहेका बेला विप्लवले नेतृत्व गरेको नेपाल कम्युनिस्ट पार्टीका गतिविधिलाई सरकारले प्रतिबन्ध लगाउने निर्णय गरेको छ । माओवादीबाट विभाजित भएर बनेको विप्लव समूह राजनीतिक दलका रूपमा दर्ता छैन । दर्ता नै नभएको दललाई प्रतिबन्ध लगाउन आवश्यक हुन्छ कि हुँदैन ? यो अर्को प्रश्न हो । हिंसाको राजनीतिको घोषणा गरिएको नभए पनि विप्लवका गतिविधिहरू अर्धभूमिगत हिंसात्मक रूपमा सञ्चालन हुँदै आएका छन् । चन्दा असुल गर्ने र हिंसाको सहारामा जनमानसलाई आतंकित गर्ने घटना विप्लव समूहबाट भएको देखिन्छ ।

तर, सरकारले विप्लवलाई प्रतिबन्धको घोषणा गरेपछि सत्तारूढ पार्टीभित्रै केही असन्तुष्टि देखिएको छ । यो असन्तुष्टि सीके राउतलाई राजनीतिको मूलप्रवाहमा ल्याउँदादेखि विप्लवलाई प्रतिबन्ध लगाउँदासम्म पार्टी नेतृत्वले आवश्यक छलफल नगरेको प्रतिक्रियास्वरूप व्यक्त भएको हो । खासगरी तत्कालीन माओवादी पक्षका नेताहरूलाई यो निर्णयले केही असहज बोध गराएको देखिन्छ । उता प्रतिपक्ष र मधेशी दलले पनि राजनीतिक ढङ्गबाटै हिंसाको उपचार खोजिनुपर्ने बताउँदै आएको छ ।

**सीके राउतलाई राजनीतिक व्यवहार गर्न सक्ने सरकारले विप्लवलाई किन राजनीतिक अछुतका रूपमा व्यवहार गर्‍यो भन्ने तर्क पनि उठेको छ ।**

के ११ बुँदे सहमतिले स्वतन्त्र मधेशको एजेण्डालाई स्थापित गरेको छ ? सहमतिका बुँदाले त्यसो भन्दैनन् । काँग्रेससहित अन्य दलले सबैखाले विमतिको हल राजनीतिक संवादका माध्यमबाट खोज्न सकिने बताउँदै गर्दा सरकारले विप्लव नेतृत्वको पार्टीलाई प्रतिबन्ध लगाएको सन्दर्भमा वार्ताबाटै दीर्घकालीन रूपमा समस्याको समाधान खोज्न आग्रह गरेको छ । लामो हिंसाबाट शान्तिको सास फेरिरहेको अवस्थामा फेरि हिंसाबाट जर्जर भएर नागरिक जीवनमाथि खेलवाड नगर्न काँग्रेसले विप्लवलाई सचेत पनि गराएको छ ।

विप्लवका गतिविधि हिंसात्मक हुने र यही कारणबाट मुलुकमा फेरि त्रासको वातावरण जन्मने खतराबाट नागरिक भयभीत हुन थालेका छन् । सीके राउतलाई राजनीतिक व्यवहार गर्न सक्ने सरकारले विप्लवलाई किन राजनीतिक अछुतका रूपमा व्यवहार गर्‍यो भन्ने तर्क पनि उठेको छ । हिजो एउटै उद्देश्यका लागि एउटै मोर्चामा रहेका यतिबेलाका नेकपा नेता र कार्यकर्ताको ठूलो सकस यही हो । सीके राउतको प्रसंग यतिबेला आएको हुँदैन्थ्यो भने यति धैरै आलोचना सायद सरकारले खेप्नुपर्ने थिएन । कुनै पनि नाममा हुने हिंसाका पक्षमा नेपाली नागरिक छैन । हिजो हिंसालाई अन्तिम लक्ष्य मानेर हिंडेको युवा पनि त्यो मानसिकताबाट माथि उठेको छ । यतिबेलाको सत्य एउटामात्र छ- आमनेपाली शान्ति र विकास चाहन्छ । राजतन्त्रको समाप्तिपछि अबको केही समय राजनीतिक आन्दोलनको औचित्य समाप्त भएको छ । नेपालले अहिले विकास र समृद्धिको यात्रा तय गरेको छ । त्यसका लागि राजनीतिक स्थायित्व आवश्यक छ । त्यसमा अवरोध गर्नेमाथि राज्य बलियो रूपमा प्रस्तुत हुनु नै पर्छ ।

## साताको सात बात



मुलुकको समृद्धिका लागि तराईको उर्वर भूमिमा सिँचाइको व्यापकता हुनुपर्छ, कृषिमा यान्त्रीकरण गर्नुपर्छ । तर समृद्धिको एकोहोरो नारा रट्ने वर्तमान सरकारले तराई मधेशलाई आवश्यकता पर्ने यस्ता कुरामा पटक्कै ध्यान दिएको छैन । **रामचन्द्र पौडेल, वरिष्ठ नेता, नेपाली कांग्रेस**



नेत्रविक्रम चन्दले आफैँले पहल गरी शान्तिपूर्ण अवतरण हुने काम गर्नुभयो भने उहाँहरूको पनि शक्ति, ऊर्जा, अनुभव यो देशलाई रूपान्तरण गर्ने काममा प्रयोग हुन्छ । लगानीकर्तालाई बम पड्काएर, धम्की दिएर कसरी लगानी सम्मेलन सफल हुन्छ ? **माधवकुमार नेपाल, नेता, नेपाल कम्युनिष्ट पार्टी**



संविधान संशोधनको लागि प्रधानमन्त्री र प्रचण्डजी प्रतबिद्ध हुनुहुन्छ । हामी सरकारमा काम गर्न आएका हौं भात खान मात्र होइन । **उपेन्द्र यादव, उपप्रधान, स्वास्थ्य तथा जनसंख्या मन्त्री**



दुई तिहाइको दम्बले सरकार संविधानको मर्म र भावना विपरित अगाडी बढीरहेको छ । संविधानको मर्म विपरितको निर्णय सच्याउनुको विकल्प छैन । मुलुकलाई द्वन्द्व र मुढभेढ बाट जोगाउन वार्ता गर्नु पर्छ । **विजय कुमार गच्छदार, संसदीय दलको उपनेता, नेपाली कांग्रेस**



मजबुत शक्ति बनाउनका लागि राजनीतिक विचार मिल्ने दलसँग एकता गर्न हामीलाई समस्या छैन । फोरम राजपाबीच एकताको लागि वातावरण निर्माण गर्नुपर्छ भन्ने मात्रै हाम्रो तर्क हो । **राजकिशोर यादव, नेता, राष्ट्रिय जनता पार्टी**



अब मुलुकमा हिंसात्मक गतिविधि गर्ने जोसुकै समूहलाई पनि नागरिकले स्वत: प्रतिकार गर्छ । स्थायी सरकारले मुलुकलाई स्थायित्व दिन लागेका बेला बम पड्काउने गतिविधि रोकेर शान्तिपूर्ण राजनीतिक धारमा आउन म विप्लव समूहलाई आग्रह गर्न चाहन्छु । **पृथ्वीसुब्बा गुरूङ, मुख्यमन्त्री, गण्डकी प्रदेश**



अब नेपाल श्रमशक्ति निर्यात नभएर विदेशी श्रमशक्ति आकर्षित गर्ने देश बन्ने मुलुकका रूपमा विकास गर्नुपर्छ । नेपालमा कृषि, पर्यटन र जलस्रोतको सम्भावना धेरै छ । **पद्माकुमारी अर्याल, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारणमन्त्री**

# समृद्ध नेपाल र निर्णायक छलाङको प्रश्न



**केशवराज पौडेल**

**अब व्यवस्था प्राप्तिको लडाइ सकिएको छ, तर जनतालाई निर्णायक वैकल्पिक जनमुखी सत्ता चाहिएको छ, राणा र राजाहरूको दास नभएका जनताहरू अब कसैको दास हुने छैनन् ।**

परिवर्तन, परिवर्तन र परिवर्तन ! आज नेपाली समाजको एउटै मात्र नारा भएको छ । संसार परिवर्तन भएर कहाँ पुगिसक्यो ! हामी भने धेरै ढिलो भइसक्यौं । खोई ! संविधान निर्माण भएपछि राजनीतिक स्थायित्व र राष्ट्रिय चरित्रलाई दह्रोसँग आत्मसात गरेर राष्ट्रिय राजनीति अघि बढेको ? यो देश कुनै जात, व्यक्ति र राजनीतिक पार्टीको एकलौटी होइन । यसको राष्ट्रियता र लोकतान्त्रिक क्रान्तिप्रतिको अपनत्व र स्वामित्व सबैको छ । न छिमेकी भारत र चीनमा जस्तो एक व्यक्ति र एक पार्टीले राष्ट्रिय स्वतन्त्रताको नेतृत्व गरेको गौरवशाली इतिहास हाम्रो देशमा छ । अनि किन सबै मिलेर नेपाली साझा राष्ट्रवाद र देशभक्तिप्रति समर्पित भई विकसित मुलुकको जस्तो पद्धति निर्माण गरेर आर्थिक सामाजिक रूपान्तरणको बाटोमा निर्णायक रूपले अघि बढ्न नसकेको ?

राजतन्त्रलाई नेपाली जनताले माया गर्दागर्दै संस्थामा रूपान्तरण हुन नसक्दा परिवर्तनको आँधीले बढारेर लग्यो । पार्टीहरूमा पनि नयाँ युगले दिएको जिम्मेवारीलाई सत्ता स्वार्थभन्दा माथि उठेर पालन गर्ने चरित्र देखिएको छैन ।

२०६२-६३ को क्रान्ति एउटा नयाँ चेतना र सभ्यतातर्फको यात्रा थियो । यो परिवर्तनले नि:शस्त्र र सशस्त्र क्रान्तिको मर्मलाई आत्मसात गरी नेपाली क्रान्तिलाई पूर्णता दिएको छ । यसले राष्ट्र र सेना जनताको हो भन्ने नयाँ सन्देश दिएको छ । राष्ट्रिय राजनीतिलाई संघीय लोकतान्त्रिक गणतन्त्रात्मक समाजवादको विचारले स्थायी रूपमा सैद्धान्तिकृत गरेको छ । केही जातिहरूमा आफ्ना असन्तुष्टि छन् तर ती समस्याको समाधान संविधान संशोधनबाट गर्न सकिन्छ ।

राष्ट्रको राजनीतिलाई स्थायित्व प्रदान गरिसकेपछि एउटा राजनीतिक परिपक्वताको आशा गरिन्छ, हरेक देशको राजनीतिमा । आज त्यहीं भएर नयाँ राष्ट्रिय राजनीतिक स्कूलिङको जरूरी भइसकेको छ । एउटा कमाण्डिङ्ग राष्ट्रिय चरित्रले राष्ट्रलाई कमाण्ड गर्ने बेला भइसकेको छ ।

नेतृत्वमा हिजो क्रान्तिकालको जस्तो विरोधीलाई ध्वंश गर्ने चरित्रको अन्त्य हुन सकिरहेको छैन । हिजो क्रान्तिकालमा क्रान्तिको भावनाले जितेर सबैलाई एक ठाउँमा ल्यायो । क्रान्ति सफल भयो । राजनीतिक स्थायित्वको ग्यारेन्टी भयो । अब निर्माणकालमा सबैको राष्ट्रिय सोच एउटै भएर अघि बढ्नुपर्दछ । एउटा राष्ट्रिय पद्धति निर्माण गर्ने सवालमा राष्ट्रिय सुरक्षा र परराष्ट्र नीतिबारे सबैले एउटै सोच बनाई राष्ट्रिय एकताको बाटोमा राष्ट्रको राजनीतिलाई निर्ममतापूर्वक अघि बढाउनु पर्दछ । आज यही कमजोरीको कारण परिवर्तन विरोधी राष्ट्रिय र अन्तर्राष्ट्रिय शक्तिहरू सल्बलाइरहेका छन् । परिवर्तनको गाडी हाँक्ने ड्राइभरले जनताको लोकप्रिय इच्छाको मर्म बोकेर अघि बढ्न नसक्दा जनतामा आशा र उत्साह कमजोर भएर गएको छ ।

आज सत्तापक्षका मानिसहरूमा नै निराशा छाउनु राजनीतिको ठूलो कमजोरी भएको छ । हरपल आफ्नो सत्ताको र नेताको गुणगान गाउन तयार कार्यकर्ताहरूको मनोबल कमजोर हुनु भनेको पक्कै पनि हल्का विषय हुन सक्दैन ।

सैद्धान्तिक रूपमा फड्को मारिसकेको राष्ट्रिय राजनीतिलाई व्यावहारिक रूपमा पनि फड्को मारेको अनुभूति दिन सकिएन भने यो अवस्था भोलीको स्थायित्वलाई नै खतरनाक हुन सक्छ । पछाडि फर्काउन खोज्ने प्रतिक्रियात्मक मानिसलाई फाइदा पुग्न जान्छ । यहाँका राजनीतिक परिवर्तनका अभियन्ताहरू प्रतिगामी राजनीतिको सहयोगी हुन सक्दैनन् । अब पछाडि फर्कन खोज्ने हरेक सम्भावनालाई समाप्त पारेर राजनीतिलाई सकारात्मक र रचनात्मक दिशामा अघि बढाउनैपर्दछ, यसको विकल्प छैन ।

आज आर्थिक समृद्धिको कुरा चौतर्फी आइरहेको छ, के आर्थिक समृद्धि एउटा पार्टीको पनि एउटा गुटको मात्र एकल अभियान हुन सक्दछ ? हिजो राष्ट्रिय लोकतान्त्रिक क्रान्ति पनि १९९७ साल देखिको २०७२ सालसम्म संविधान नबनून्जेलसम्मको एउटा राष्ट्रिय अभियान थियो । त्यसैले अब सबै जनताहरूले बुझ्नुपर्दछ, अब जागिरे मनोवृत्तिका नेताहरूलाई राजनीति सुम्पनु हुँदैन । भारतमा नेहरू र मोदी जस्ता राजनेताहरूलाई जनताले भोट दिएर राष्ट्रको जिम्मेवारी दिए । हामीले पनि राष्ट्रप्रति जवाफदेही त्यस्तो नेता किन नखोज्ने ? समय आइसकेको छ । मूल कुरा गाडीको ड्राइभर फेर्ने हो, त्यसैले देशलाई एउटा समृद्धिको नयाँ इतिहास रच्ने लिक्वान चाहिएको छ । सबैले त्यसतर्फ सोचौं । नेपालको राजनीतिमा अब त्यसको विकल्प छैन ।

अहिलेसम्मको नेपाली राजनीति राणाकाल होस् वा राजतन्त्रकाल, राष्ट्रियताको केन्द्रविन्दू एक व्यक्ति नै भएको हो । तर आधुनिक संघीय लोकतान्त्रिक गणतान्त्रिक कालमा जनताले संविधानसभाबाट गतिशील संविधान निर्माण गरेपछि राष्ट्रियताबारे बृहत् बहस जरूरी छ । नेपाली राष्ट्रवादलाई गहिरो तरिकाले लिन हुदैन भन्ने चिन्तन माथिल्लो स्तरमा हावी भए पनि यसलाई चिरेर नगई समृद्ध नेपालको निर्माण असम्भव छ । नेपालको राजनीतिमा माथिल्लो स्तरमा नै राजनीतिलाई कमाउने भाँडो, क्यारियरको रूपमा हेर्ने गलत प्रवृत्ति छ, यसले गर्दा नेपाली राजनीतिको मौलिकतालाई नकारात्मक रूपमा प्रभावित गरिरहेको छ । त्यहीं भएर राजनीतिमा सकारात्मक र रचनात्मक चिन्तन हावी भएका नयाँ मानिसहरूको जरूरी छ, जसले राष्ट्रको आत्मालाई स्पष्ट गम्भीर चिन्तन र मौलिक क्षमताबाट उज्यालो बाटोतिर डोर्‍याउन र लम्काउन सकून । नयाँ नेपालको राजनीतिक अभियानले नेपाली राष्ट्रियता र लोकतान्त्रिक गणतान्त्रिक क्रान्तिको मर्मलाई दह्रोसँग आत्मसात गरेका त्यागी, तपस्वी र बलिदानी मानिसको नयाँ पुस्तालाई बडो नम्रताका साथ समृद्ध नेपालको निर्माणको लागि निमन्त्रणा गरेको छ । क्रान्तिकालअघि २००७ साल या २०४६ र २०६२/६३ होस्, हाम्रा अग्रज पुस्ताहरूको निर्मम आगमन बिना क्रान्ति सफल भएका थिएनन् ।

नेपालको राजनीतिमा निर्णायक वैकल्पिक शक्ति जनता छन् । यो राष्ट्रको राष्ट्रियता र राजनीतिक परिवर्तनका निर्णायक स्वामित्वकर्ता पनि नेपाली जनता मात्र छन् । किन पटक-पटकका सरकारले राजनीतिक-वैचारिक स्थायित्वको नेतृत्व गर्दै राष्ट्रलाई पद्धतिमा ढालेर अगाडि बढाउन सक्दैन ? किन हाम्रो राष्ट्रको राजनीतिले पुरस्कार र सजायको बाटोमा होस् वा हरेक कुरामा एक पाइला अगाडि बढ्यो भनेर जनतालाई आशावादी बनाउन सक्दैन ? किन जनताको ढुकुटीको संरक्षण हुन सक्दैन ? अब व्यवस्था प्राप्तिको लडाइ सकिएको छ, तर जनतालाई निर्णायक वैकल्पिक जनमुखी सत्ता चाहिएको छ, राणा र राजाहरूको दास नभएका जनताहरू अब कसैको दास हुने छैनन् ।

आज राष्ट्रलाई राष्ट्रियताबारे सहि परिभाषा, राजनीतिक परिवर्तनको सुरूआत र गन्तव्य तथा समाजको सामाजिक आर्थिक परिवर्तन गरेर समृद्ध नेपाल बनाउनेबारे वैचारिक स्पष्ट सोच अनि त्यो त्यसअनुसार लक्ष्य र एक्सनको जरूरी छ । त्यसलाई नेतृत्व दिने नयाँ वैकल्पिक लोकतान्त्रिक शक्ति र प्रभावशाली नेतृत्व, आज राष्ट्र र समाजको राष्ट्रिय आवश्यकता बनेको छ । त्यस्तो नेतृत्वले मात्र राजनीतिक स्थायित्वको नेतृत्व गर्दै मुलुक र जनतालाई आत्मगत र वस्तुगत रूपमा निर्णायक लक्ष्यतिर डोर्‍याउन सक्छ ।

आज पनि हाम्रो देशको राजनीतिमा ठूला मान्छे तथा अन्धविश्वास र कुरिती हावी हुने संस्कार छ । किन हाम्रो देशमा हरेक क्षेत्रका माथिल्लोस्तरका नेतृत्वलाई गल्ती गर्दा सजाय दिने पद्धति छ भने अनुभूति जनताले गर्न सकेका छैनन् ? किन हाम्रो राजनीति उत्पीडक र उत्पीडित, शोषक र शोषित, शासक र शासित दुई वर्ग निर्माण गर्न उद्धत छ ? हिजो त शासकहरूसँग बन्दुक थियो, गाह्रो थियो, आज पनि मुट्ठिभर उत्पीडकलाई यत्रो बहुमत इमान्दार जनताले कमाण्ड गर्न किन नसकेको ? त्यसैले आज नयाँ राष्ट्रिय पुनर्जागरण जरूरी छ । अब हरक्षेत्रका इमान्दार जनता र नेतृत्व जागेर राजनीतिलाई नयाँ तरिकले अघि बढाउनुपर्छ । क्रान्ति सकिए पनि नेपाली राजनीतिका अभियन्ताहरू नयाँ तरिकाको बाटोमा नलागीकन्, हाम्रो राजनीतिले सहि निर्णायक यात्रा हिंड्ने छाँट छैन । बेइमान, भ्रष्ट, तस्कर र माफियारूपी फोहोरलाई पाखा नलगाई हाम्रो राजनीतिक पोखरी सङ्लिने छैन । एउटा नयाँ सकारात्मक र रचनात्मक राष्ट्रिय अभियानका लागि सबै अभियन्ताहरू जागौं, जनता जगाउन तयार भएर अगाडि बढौं । यो बाहेक राष्ट्र बनाउन खोज्नेहरूका लागि अर्को बाटो छैन । तब मात्र व्यक्ति, पार्टी मात्र ठूलो नभई राष्ट्र, पद्धति, राजनीतिक स्थायित्व, संविधान ठूलो हो भन्ने सहि राजनीतिक संस्कारको विकास हुनेछ । तब मात्र समृद्ध नेपालको बाटोमा राष्ट्रले निर्णायक छलाङ हान्नेछ भन्नेमा दुईमत हुन सक्दैन ।

*rajkeshabp@gmail.com*

# राजनीतिको फोहोर सफा गर्न 'जनमत पार्टी'



**अब्दुल खान**

मधेशी जनताले पटक पटक आफ्नो अस्तित्व र पहिचानका लागि आन्दोलन र बलिदानी दिँदै आएको कुरा सर्ववितै छ । जनताको आन्दोलनलाई आआफ्नो अनुकूल नेताहरूले अधिकारको नाम दिई सत्तामोहमा लिप्त भई जनताको वास्तविक समस्यालाई पन्छाइरहे । त्यहीं वास्तविक समस्यालाई वैज्ञानिक अनुसन्धानबाट सिद्ध गरी डा. सीके राउतले जस्तोसुकै कष्ट र दुःख झेल्न तम्तयार भई गाउँ-गाउँमा घुम्न थाले ।

उनलाई मधेशी यूवाहरूले जस्तोसुकै परिस्थितिमा पनि साथ दिए । मधेशभरि डा.सीके राउत र स्वतन्त्र मधेश गठबन्धनको संगठित प्रचारप्रसार पनि भयो । जनभावना र चाहना अनुरूप डा.सीके राउतले "जनमत" नामक पार्टी समेत गठन गरी जन सम्प्रभूतालाई मुख्य आधारमानी स्वशासन र स्वराज स्थापना गर्न लोकतान्त्रिक संसदीय प्रणाली अवलम्बन गरी राजनीतिक मूलधारमा आउनुभएको छ ।

राजनीतिक शब्दबाट नै घृणा गरिने परिपाटीको अन्त गर्न, राजनीतिमा मौलाएको विकृत्तिलाई सफा पार्न तथा जनता राज स्थापित गर्न डा.सीके राउतको अध्यक्षयतामा "जनमत पार्टी' स्थापना भएको हो । मधेशीहरूको पहिचानलाई राष्ट्रिय, अन्तर्राष्ट्रिय स्तरमा संस्थागत गर्न र अन्तर्राष्ट्रिय समर्थन हासिल गरी समतामूलक समाजको निर्माणमा "जनमत पार्टी" अघि बढ्नेछ ।

जनमत पार्टीको राष्ट्रिय अध्यक्ष माथी अविश्वासको नकारात्मक, भ्रमात्मक अभिब्यक्ति दिने नेताहरू सावधान हुनुस्, जनताले हाम्रो वास्तविकता र संघर्षलाई बुझिरहेका छन् । जनताको भावनासँग खेलवाड गरिनेहरू नै जनमत पार्टीसँग डराइरहेका छन् । उहाँहरूको अहंकारलाई जनताले अवश्य नै सबक सिकाउने छन् ।

मधेश विकास र समृद्धिको अब एकमात्र विकल्प जनमत पार्टी हुनेछ । सम्पूर्ण जनता र नेताहरूलाई जनमत पार्टीमा स्वागत छ । निसंकोच तपाईहरू जनमत पार्टीको सदस्य बन्नुस्, हामी सम्पूर्ण मिलेर नयाँ युगको सुरूवात गरौं ।

*(खान जनमत पार्टीका केन्द्रीय कार्यकारिणी सदस्य हुनुहुन्छ ।)*

# मधेशमा...

दल दर्तासँगै उनले मधेशलाई नै केन्द्रविन्दु बनाएर राजनीति गर्छन् वा संमग्र देशभरि नै आफ्नो संगठन विस्तार गर्छन् भन्ने आम चासोको विषय भएको छ ।

**फोरम-राजपा एकीकरण**

पटक-पटक एकताको प्रयास भएपनि टुंगोमा पुग्न नसकेको राष्ट्रिय जनता पार्टी र संघीय समाजवादी फोरम नेपालले एकपटक फेरि एकीकरणका लागि मिलन बिन्दुको खोजी सुरू गरेका छन् । दुवै दलले एकीकरणका लागि औपचारिक रूपमा छलफल सुरू गरिसकेका छन् । राजपा नेपाल अहिले प्रतिपक्षी दल हो भने फोरम नेपाल सत्ता साझेदार दल हो । प्रदेश २ मा राजपा र फोरमको संयुक्त सरकार छ । आफ्ना मागहरू पुरा नगरेको भन्दै राजपा नेपालले सरकारको कडा रूपमा आलोचना गर्दै आइरहेको छ भने संघीय समाजवादी फोरम नेकपा नेतृत्वको सरकारले गरेका कतिपय निर्णयमा फरक मत राख्दै आएको छ ।

फोरमले गत पुस ११ मा राजपा नेपाललाई पार्टी एकताको लागि पत्र पठाएको थियो त्यतिबेला राजपा सरकार समर्थक दल थियो । मधेशी, जनजाति र समावेशी एजेन्डालाई राज्यले बेवास्ता गरेको, समान विचार र धारणा बोक्ने पार्टी एक ठाउँमा हुनुपर्ने आशय सहितको पत्र फोरमले राजपालाई पठाएको थियो । राजपाको प्रतिक्रिया आउनुभन्दा पहिले नै फोरमले राजपासँग एकीकरणका लागि सहअध्यक्ष राजेन्द्र श्रेष्ठको संयोजकत्वमा वार्ता समिति पनि गठन गरिसकेको थियो ।

फोरम नेपालले चैत्र ६ गते राजपालाई अर्को पत्र पठाउँदै कुनै दल सरकारमा र कुनै दल सरकार बाहिर भएकै कारणले मात्र पार्टी एकीकरण जस्तो महत्वपूर्ण कार्यमा बाधा, अवरोध हुनुहुँदैन, सरकार छोड्ने विषय रणनीतिक तथा कार्यनीतिक सवाल मात्र भएको आशयको पत्र राजपालाई पठाएको छ । पार्टी एकीकरण गर्न पार्टीहरूबीच, उद्देश्य, नीति, कार्यक्रम, सिद्धान्त र विचार मिल्नुपर्छ फोरमले पत्रमा उल्लेखित गरेको छ । एकीकरण हुनासाथ सरकार वा विपक्षमा कहाँ रहेर के कार्य गर्ने र कस्तो भूमिका खेल्ने भन्ने विषयमा निर्णय गरेर अगाडि बढ्न सकिन्छ फोरमले राजपालाई पठाएको पत्रमा उल्लेख गरेको छ । राजपाले एकीकरणको लागि फोरम सरकारबाट बाहिर आउनुपर्ने बताउँदै आएको छ । एउटा सरकारबाट बाहिर भएको दल र अर्को सरकारमा भएको दलबीच एकीरकण सम्भव नभएको राजपाको तर्क छ ।

बाहिरी रूपमा दुई चरणमा पार्टी एकीकरणको लागि फोरमबाट प्रस्ताव आएको भएपनि आन्तरिक रूपमा राजपा र फोरमले पार्टी एकीकरणका लागि गम्भीर छलफल गरिरहेको छ । फोरम र राजपाबीच विगतमा पनि एकीकरणको प्रयास नभएका होईनन् । तर सीके राउत र रेशम चौधरी प्रकरणले यी दुई शक्तिहरू एक हुन झन् अपरिहार्य भएको छ ।

# फोरम सरकारबाट बाहिरिनुपर्छ भन्नेहरू एकता भाँड्न चाहन्छन्

**एकीकरणका लागि सबै सम्भावनाहरू छन् । त्यसका लागि त वार्ताको टेबुलमा बस्नुपर्‍यो नि । शर्तको कुनै कुरा छैन । वार्ताको टेबुलमा जे–जे कुरा हुन्छ, बसेर एउटा निष्कर्ष निकालिन्छ । त्यसकारणले अहिले अनावश्यक कुराहरू गरेर एकताको वातावरण किन धुमिल पार्ने ?**



**महेन्द्र राय यादव**

**अध्यक्षमण्डलका नेता**

**राष्ट्रिय जनता पार्टी नेपाल**

**० राष्ट्रिय जनता पार्टी नेपालको प्रथम राष्ट्रिय एकताको महाधिवेशन अन्योलमा छ ?**

– हाम्रो पहिलो महाधिवेशन हुने अवस्था छ र गर्नैपर्छ । त्यसका निम्ति वातावरण र परिस्थिति बनाउन हामीले अहोरात लागिपरेका छौं । यो चैत १५ गतेसम्म सदस्य वितरणका लागि म्याद थपिएको छ । निश्चितरूपमा हामीसँग समय कम छ । अहिले राष्ट्रिय जनमुक्ति पार्टीको मानध्वज ब्लोन समूहसँग एकता भएको छ । त्यो एकताबाट राजपा नेपालको संगठन ३०/४० जिल्लामा विस्तार भएको छ । अन्य दलहरूबाट पनि नेता कार्यकर्ताहरू आउने सम्भावना बढिरहेकोले हामीले एउटा वैकल्पिक पार्टी निर्माण गर्नका लागि यो विस्तारको प्रक्रिया अगाडि बढाएका छौं । स्वाभाविकरूपमा यी सबै परिस्थिति हेर्दा तोकिएकै मितिमा महाधिवेशन गर्नका लागि अध्यक्षमण्डलको बैठक बसेर के गर्न सकिन्छ भन्ने बारे ठोस निर्णय तय गर्छौं । महाधिवेशन गर्नैपर्ने छ, यसलाई टार्न सकिँदैन । किनकि बिना महाधिवेशन पार्टीले शक्ति र ऊर्जा प्राप्त गर्न सक्दैन । त्यसकारण यो हाम्रो अभियान हो र यसमा लागिरहेका छौं ।

**० तोकिएकै मिति बैशाख ७-९ मा राजपाको महाधिवेशन सम्भव छ ?**

– त्यो कुरा अध्यक्षमण्डलको बैठकले तय गर्ने हो । सक्रिय सदस्य वितरण जारी छ, हामीसँग विधान छैन, त्यो बनाउनुपर्ने हुन्छ । यी कुराहरू समयमै पूरा गर्न सकियौं भने सम्भव छ । हामीले अहिलेसम्म विधानै बनाएका छैनौं, बिना विधान कसरी महाधिवेशन हुन्छ । देश अहिले संघीय संरचनामा गइसकेकोले त्यो अनुसार संरचना बनाउनुपर्ने, एकल कि सामूहिक नेतृत्व लगायतका विषयमा हामीले छलफल गरिरहेका छौं ।

**० भनेपछि केही दिनका लागि म्याद थप्नुपर्ने हुन्छ ?**

– म्याद थप्नुपर्छ कि पर्दैन भन्ने कुरा बैठकले तय गर्छ ।

**० तपाइँहरूले करिब ९ महिना अगावै महाधिवेशनको मिति तोक्नुभयो । यति दिन हुँदाहुँदै पनि किन तयारी पुगेन त ?**

– एक त ६ वटा पार्टी मिलेर यो राजपा नेपाल गठन भएको हो । दोस्रो कुरा, हामी पूरै लोकतान्त्रिक पार्टी बनाउन चाहेका हौं । आन्तरिक लोकतन्त्र, स्वायत्तता, सुशासन र पार्टीभित्र जीवन सांगठनिक संरचना बनाउनुपर्ने हुन्छ । त्यो प्रयासमा हामी अगाडि बढिरहेका छौं । केही दिन पहिला फेरि एउटा पार्टीसँग एकता भयो, अरू पार्टीसँग पनि एकता हुने सम्भावना छ । तर, पनि हामीले यो महाधिवेशन गर्नुछ र गर्नैपर्छ । पार्टीमा प्रवेश र एकता प्रक्रिया भएकोले सबैलाई समेटेर जानुपर्ने हुन्छ । त्यसैले, महाधिवेशनका बारेमा अध्यक्षमण्डलले ठोस निर्णय गर्छ ।

**० निर्वाचन आयोगले पहिला पनि महाधिवेशनका लागि पत्र पठाइसकेको छ, यसपटकको निर्धारित समयमा पनि महाधिवेशन हुनसकेन भने त्यसबाट के प्रभाव पर्छ ?**

– त्यस्तो कुनै असर नपर्ला । किनभने हामी महाधिवेशनको स्वरूपमा गइसकेका छौं । सबै प्रक्रिया अगाडि बढेको छ । वितरण भएको सक्रिय सदस्यतालाई सच्याउनुपर्ने हुन्छ, जथाभावी भयो । महाधिवेशन भनेको एउटा पर्वकै रूपमा हुन्छ । त्यो एकताको महाधिवेशन गर्नका लागि हामीसँग अवसर र चुनौती दुवै छ । ती सबै परिस्थितिलाई हामीले संयम भएर यो एकताको महाधिवेशन गर्छौं । पछि जेजस्तो परिस्थिति आउँछ, त्यसको समाधान हामीले मिलेर गर्छौं ।

**० राजपा-फोरम एकताको पनि कुरा चल्दैछ, एकीकरण प्रक्रियाका लागि के भइरहेको छे ?**

– एकताका लागि फोरमले पत्र पठाएको छ थियो र हामीले हालै त्यसको जवाफ पठायौं र फेरि पनि फोरमको पत्र आएको छ । अब हाम्रो अध्यक्षमण्डलको बैठक बस्छ, त्यो बैठकबाट फेरि हामी त्यो पत्रको जवाफ दिन्छौं । वार्ताका लागि राजपाले पनि पाँच सदस्यीय वार्ता कमिटी बनाएको छ । वार्ता कमिटीको माध्यमबाट हाम्रो पार्टीले विभिन्न मुद्दा, विचार मिल्ने समूहहरूसँग एकता, मोर्चाबन्दी, सहकार्य गरेर अगाडि बढ्ने नीति लिएको छ । त्यसैले, वार्ता कमिटीको माध्यमबाट पार्टीले एउटा ठोस निर्णय गर्नेछ । त्यसका लागि वातावरण बनाउनुपर्ने छ र यसका लागि फोरम बढी जिम्मेवार पनि छ । फोरमले एकताका लागि वातावरण कसरी बनाउँछ त्यसमै एकता प्रक्रिया निर्भर गर्छ । एकता कुनै नेताको आवश्यक्ता होइन, यो समग्र मधेशको चाहना हो । यो देशको मधेशी, थारू, मुस्लिम, दलित, जनजाति, महिला, आदिवासी लगायत पीडितवर्गको अहिले पनि पहिचान र अधिकारका लागि एउटा वैकल्पिक शक्तिको आवश्यक्ता छ । जनतालाई केन्द्रमा राखेर गयौं भने यो समस्या चाँडै समाधान हुन्छ । मुलुकको राजनीतिक कोर्ष परिवर्तन भइसकेको छ । यो समय परिस्थितिलाई हामीले ख्याल गर्न सकेनौं भने आन्दोलनमा उठेका मागहरू पूरा गराउनका लागि देशमा एउटा वैकल्पिक, पहिचानवादी र परिवर्तनकारी शक्ति आउने छ । देशमा मधेशी, मुस्लिम, दलित, आदिवासी जनजाति, थारू नै पहिचानवादी शक्ति हो । यी सबै समुदायको हक अधिकार स्थापित गराउनका लागि एकता आवश्यक छ । यो एकता जनता र राष्ट्रका लागि हो । यो आवश्यक्तालाई महसुस गर्दै राजपा र फोरम दुवै दलले सकारात्मकरूपमा पत्राचार गरेको छ । यसको ठोस परिणाम आउँछ ।

**० भनेपछि यो एकताका लागि बल फोरमकै कोर्टमा छ ?**

– पछिल्लो समय एकताका लागि फोरमले नै पत्राचार गर्‍यो । वार्ता टोलीमार्फत् एकताका लागि सौहार्दपूर्ण वातावरण बन्छ । दुवै पक्षबाट एकता प्रक्रिया सहज बनाउन सकारात्मक पहल हुनुपर्छ । त्यसमा फोरम बढी जिम्मेवार छ ।

**० तर, तपाइँहरूले त एकताका लागि फोरम सरकारबाट बाहिर आउनुपर्छ भन्ने शर्त राख्नुभएको छ नि ?**

– हामीले कुनै शर्त राखेका छैनौं, यो अनावश्यक कुराहरू बाहिर आइरहेका छन् । जसले यस्ता कुराहरू गर्छन्, उनीहरू एकता चाहेका छैनन् । यस्ता कुरा एकता नहोस् भन्ने प्रवृत्ति र सोचको उपज हो । फोरम सरकारमा रहन्छ कि रहँदैन भन्ने कुराको निष्कर्ष त फोरमले तय गर्छ नि । यी कुराहरूको छिनोफानो वार्ताको टेबुलमा हुन्छ । त्यसकारण, एकताका लागि राजपाको तर्फबाट कुनै शर्त छैन । पहिला वार्ताको टेबुलमा बसोस्, एकताको वातावरण बनोस् । त्यसपछि हामीले निष्कर्ष निकाल्ने हो । अहिलेसम्म वार्ताको टेबुलमा बसेको छैन, पहिला नै यसो गर्नुपर्छ, उसो गर्नुपर्छ भनेर वातावरण बन्छ ? यसले वातावरण बिग्रिन्छ । यो देशमा मधेशीलाई अधिकार नदिने, मधेशी आदिवासी जनजातिलाई मिल्न नदिने कुरामा त्यस्ता व्यक्तिहरू लागेको हुन सक्छन् । जसले एकताका लागि शर्तको कुरा गर्छन् भने त्यो एकता विरोधी भावनाबाट प्रेरित छन् ।

**० फोरम सरकारबाट बाहिर आउनुपर्छ भनेर पत्रमा पठाउनुभएको छैन ?**

– छैन । सञ्चारमाध्यमले पनि सही सत्य कुरा नल्याउँदा परिणाम सकारात्मक हुन सकेको छैन ।

**० भनेपछि, फोरम सरकारमा रहिरहँदा पनि राजपाले एकीकरण गर्न तयार छ ?**

– एकीकरणका लागि सबै सम्भावनाहरू छन् । त्यसका लागि त वार्ताको टेबुलमा बस्नुपर्‍यो नि । शर्तको कुनै कुरा छैन । वार्ताको टेबुलमा जे-जे कुरा हुन्छ, बसेर एउटा निष्कर्ष निकालिन्छ । त्यसकारणले अहिले अनावश्यक कुराहरू गरेर एकताको वातावरण किन धुमिल पार्ने ?

**० मधेशमा पृथकतावादी अभियान चलाइरहेका डा.सीके राउत समूह मूलधारको राजनीति आउँदा राजपा किन चिढिएको छ ?**

– डा.सीके राउत मूलधारको राजनीतिमा आउनुबाट राजपा चिढिएको होइन । किन चिढिनुपर्‍यो ? त्यो एउटा राम्रो सम्झौता भएको छ । हामीले पनि उठाउँदै आएका थियौं कि विखण्डनवादको नाराले मधेश, देश र राष्ट्रहितलाई राम्रो गर्दैन । स्वायत्तता र स्वशासनको अधिकार नदिने देशमा यो सम्भवै छैन, यो नारा नै ठिक छैन भनेर हामीले सुरूदेखि नै भन्दै आएका छौं । त्यसकारणले डा.सीके राउतले आफ्नो विचार र नीति परिवर्तन गरेर सरकारसँग सम्झौता गरे, यो सकारात्मक कुरा हो । त्यसमा हामी खुशी छौं । उ पनि मधेश र राष्ट्रका जनताका लागि अगाडि बढ्छ भने त राम्रो काम हो नि ।

**० तर, ११ बुँदे सहमतिको बुँदा नं. २ मा 'जनअभिमत' मा तपाइँहरूको आपत्ति थियो नि ?**

– जसले जति बुझ्छ, उसले त्यही प्रकारको अर्थ लगाउँछ । जनअभिमत भनेको त जनताकै अभिमत लिने हो । यसको धेरै व्याख्या भइसकेको छ । जनताको मत लिएर यो देशमा सरकार बनेको छ, कुनै राजनीतिक पार्टी चल्छ । जनअभिमत भनेको जनादेश हो । त्यसैले, राजपाले यसलाई सकारात्मकरूपमा लिएको छ ।

**० जसरी तपाइँकै पार्टीका सांसदलाई जन्मकैदको फैसला, राजपाको समर्थन फिर्ता, त्यसपछि सीके राउतलाई रिहा गर्न सर्वोच्च अदालतको आदेश र त्यसकै भोलिपल्ट अकस्मात् ११ बुँदे सहमति हुनु यी सब घटनाक्रमले के संकेत गर्छ ?**

– हैन, यो कुनै घटनाक्रम होइन । संयोग मात्रै हो । सांसद रेशम चौधरीको मुद्दाको विषयमा हामीले अदालतमा छौं, त्यसबाट टुंगो लगाउने हो । सीके राउतसँग सरकारले वार्ता गरेको छ र सहमति गरी मूलधारमा ल्याएको छ । यो सकारात्मक कुरा हो । तर, मान्छेहरूले अनावश्यकरूपमा यसलाई तिलको तार बनाइरहेका छन् ।

**० डा.सीके राउत मूलधारको राजनीतिमा आइसकेपछि उहाँको पनि राजनीति गर्ने आधारभूमि मधेश नै हो । उहाँको समूहसँग सहकार्य, एकता वा मोर्चाबन्दी हुने सम्भावना छ ?**

– त्यो कुरा त पछिको विषय हो । सबभन्दा पहिला उसको विचार, नीति र सिद्धान्त के हुन्छ, त्यो हेर्नुपर्‍यो । मुद्दा र विचार मिल्नेसँग सहकार्य र सहमतिका लागि हामी उहिल्यैदेखि सकारात्मक छौं । त्यसकारणले, एकता वा सहकार्य समय परिस्थितिले बताउँछ । हाम्रो मूल उद्देश्य भनेको देशभरि छरिएर रहेका शक्तिहरूलाई गोलबद्ध गर्ने हो, चाहे मधेशका हुन् वा पहाड-हिमालका । सबैसँग सहकार्य, मोर्चाबन्दी, एकता गरेर जाने हाम्रो त अभियानै हो । त्यो अभियानअन्तर्गत जो पनि आउँछ, वार्ता समितिको माध्यमबाट सहकार्य गर्छौं । तर, सबैको विचार र मुद्दा हेरेर प्रक्रिया अगाडि बढाउँछौं ।

**० अहिले मधेशमा जसरी विभिन्न राजनीतिक शक्तिहरूले आफ्नो गतिविधि बढाएका छन्, यी सबै केका संकेत हुन् ?**

– मधेशमा सबै जान पाउँछन् । हामी पनि पहाडमा जान सक्छौं नि । हामी पहाडमा नजाने, अनि मधेशमा गएका मान्छेप्रति हामी किन इर्ष्या गर्ने ? हाम्रो लागि पनि त बाटो खुला छ नि, मधेशका पार्टीहरू पनि जानुपर्‍यो नि हिमाल र पहाडमा । मधेशका पार्टीहरू आफ्नो ठाउँबाट नजाने, अनि अरू गए भने त्यसको इर्ष्या गर्नुपर्दैन । लोकतान्त्रिक विधि प्रक्रिया र यो संविधानलाई मान्ने, प्राप्त उपलब्धिलाई आत्मसात गर्दै बाँकी उपलब्धि हासिल गर्ने विचार लिएर मधेशमा जाँदा स्वागत छ । तर, मधेशका पहिचान, संस्कृतिलाई फेरि प्रतिगामीतर्फ लान खोज्न भने सचेत हुनुपर्छ, जनता सचेत छन् । मधेशलाई गरिब प्रदेश भनेर बुझ्छन् र आफ्नो स्वार्थसिद्धका लागि मान्छेहरू जान्छन्, मधेशको स्वार्थका लागि जाँदैन । जसले मधेशीलाई मधेशी भन्दैन भने त्यस्ता व्यक्तिले मधेशलाई अपमान गरेका छन् । त्यस्ता व्यक्तिहरूलाई मधेशी जनताले लटेखेर पठाउनुपर्छ । अहिले पनि मधेशमा प्रतिगामी शक्तिहरू जुर्मुराइरहेका छन् । मधेशका लागि त्यत्रो रगत बगाएका छन्, त्यसलाई मधेश नभन्ने ? त्यस्ता बहुरूपिया मान्छेहरू मधेशमा आउँछन्, फर्केर जान्छन् । मधेश मधेशीकै रहन्छ ।

**० अहिले नागरिकता विधेयकको विषयमा चर्चापरिचर्चा भइरहेको छ, त्यसमा राजपाको धारणा के हो ?**

– नागरिकता विधेयकको केही कुराहरूमा हाम्रो असहमति छ । हाम्रो पार्टी त्यसको छलफलमै छ । एउटा समिति बनेको छ, त्यो समितिमा राजपाबाट सांसद राजकिशोर यादवजी हुनुहुन्छ । संशोधनको प्रस्तावमा अहिले छलफलको विषय हो । महिला अंगीकृत अनुसार नागरिक पाउनुपर्छ भन्ने हाम्रो मान्यता हो । अहिलेको विधेयकमा जुन प्रावधानहरू राखिएको छ, त्यसले नागरिकता नदिने मनसाय छन् । त्यो हटाउनुपर्छ । जन्मसिद्धका छोराले वंशजको नागरिकता पाउनुपर्ने कुरा संविधानमै लेखिएको छ । बाहिर मान्छेहरू जेजति भनेपनि संविधानमा लेखिएको कुरा ठिक छ । त्यसकारणले, यसलाई सहज ढंगले टुंगोमा पुर्‍याउनुपर्छ । किनकि नागरिकप्रति अहिले देखिएका कुराहरू केही व्यक्तिहरूको मानसिक उपज हो । नागरिकता विधेयकलाई सबैको सहमतिको आधारमा अगाडि लिएर गयो भने सजिलै समाधान हुन्छ । जहाँ वंश हुन्छ, अंश त्यहीं हुन्छ । हाम्रो समाजको परम्पराले पनि के देखाएको छ भने जब बिहेबारी भइसकेपछि उसले त्यहीं वंशको परम्परागत र संस्कारबाट सबै प्राप्त गर्छ । त्यसैले यो सामान्य कुरा हो । तर, यो देशमा मात्र भारतलाई हेर्छ । भारतको विरोध गरेन भने कतिपय मानिसहरूको अन्नपानी नै पच्दैन । नेपालमा धेरै देशहरूबाट बिहेबारी भएका छन् नि । त्यसको कसैले खोजबिन गर्दैन । त्यसकारण यो पहिचान र अधिकारका लागि हो ।

**० छिमेकी मित्रराष्ट्र भारतमा अहिले आम निर्वाचनको मिति तय भइसकको छ । यो निर्वाचनबाट भारतमा सरकार परिवर्तन हुँदा नेपाल-भारत सम्बन्धमा कस्तो असर पर्छ ?**

– छिमेकी मित्रराष्ट्र भारतमा जुनसुकै सरकार आएपनि नेपाल-भारतबीचको सम्बन्धमा कुनै असर पर्दैन । नेपाल र भारतबीच धार्मिक, सांस्कृतिक, सामाजिक, पारिवारिक लगायत सबै प्रकारका सम्बन्ध छन् । विश्वमा कुनै पनि मुलुकसँग यस्तो प्रकार सम्बन्ध नेपालको छैन । यो सम्बन्धलाई अटूट राख्नुपर्दछ । नेपाल वा भारतमा जुनसुकै सरकार आए पनि नेपाल भारतको सम्बन्धमा कुनै फरक पर्दैन ।

**० भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले आफ्नो एकै कार्यकालमा पाँच पटक नेपाल भ्रमण गर्नुभयो । यसले सम्बन्धमा कस्तो किसिमको आयाम थपियो ?**

– स्वाभाविकरूपमा नरेन्द्र मोदीजीको प्रधानमन्त्रीकालमा उहाँले नेपाललाई धेरै नजिकबाट हेर्नुभयो । नेपालको शान्ति, समृद्धिप्रति उहाँको बढी चासो थियो । नेपाल एउटा सार्वभौमसत्ता देश हो भनेर स्पष्टरूपमै भनेर जानुभयो । गौतम बुद्ध नेपालमै जन्मेका हुन् भन्ने अभिव्यक्तिहरू पनि दिनुभयो । भारतका पहिलो प्रधानमन्त्रीको रूपमा मोदीजीले नेपालको संसदमा सम्बोधन गर्दा सबै पार्टीका नेताहरूले ताली बजाएर जसरी स्वागत गरे यो त नेपालका लागि सबभन्दा सकारात्मक कुरा हो । आम नेपाली जनता मोदीजीप्रति एकदम सकारात्मक छन् । त्यसकारणले मोदीजीको कार्यकालमा नेपाल-भारतको सम्बन्ध अझ मजबुत भएको छ । छिमेकीलाई गर्नुपर्ने व्यवहार उहाँले गर्नुभयो । त्यसकारणले मोदीजीको पालामा नेपाल-भारतको सम्बन्ध राम्रो भएको छ । जुनसुकै सरकार आएपनि नेपाल-भारतको सम्बन्धमा तात्विक फरक पर्दैन ।

*(मधेशवाणीका लागि रामसुकुल मण्डलले गरेको कुराकानीको सम्पादित अंश)*

☞ महाधिवेशन गर्नैपर्ने छ, यसलाई टार्न सकिँदैन । किनकि बिना महाधिवेशन पार्टीले शक्ति र ऊर्जा प्राप्त गर्न सक्दैन ।

☞ फोरमले एकताका लागि वातावरण कसरी बनाउँछ त्यसमै एकता प्रक्रिया निर्भर गर्छ । एकता कुनै नेताको आवश्यक्ता होइन, यो समग्र मधेशको चाहना हो ।

☞ हामीले कुनै शर्त राखेका छैनौं, यो अनावश्यक कुराहरू बाहिर आइरहेका छन् । जसले यस्ता कुराहरू गर्छन्, उनीहरू एकता चाहेका छैनन् । यस्ता कुरा एकता नहोस् भन्ने प्रवृत्ति र सोचको उपज हो ।

☞ यो देशमा मधेशीलाई अधिकार नदिने, मधेशी आदिवासी जनजातिलाई मिल्न नदिने कुरामा त्यस्ता व्यक्तिहरू लागेको हुन सक्छन् ।

☞ डा.सीके राउतले आफ्नो विचार र नीति परिवर्तन गरेर सरकारसँग सम्झौता गरे, यो सकारात्मक कुरा हो । त्यसमा हामी खुशी छौं । उ पनि मधेश र राष्ट्रका जनताका लागि अगाडि बढ्छ भने त राम्रो काम हो नि ।

☞ अहिले पनि मधेशमा प्रतिगामी शक्तिहरू जुर्मुराइरहेका छन् । मधेशका लागि त्यत्रो रगत बगाएका छन्, त्यसलाई मधेश नभन्ने ? त्यस्ता बहुरूपिया मान्छेहरू मधेशमा आउँछन्, फर्केर जान्छन् ।

# न्यायपालिकालाई निष्पक्ष र स्वतन्त्र बनाउँछौं

**अधिवक्ता सुधिर कुमार कर्ण**

**नेपाल बार एसोसिएसनको उपाध्यक्ष पदका उम्मेदवार**



**○ नेपाल बार एसोसिएसनको निर्वाचनमा तपाइँहरूको तयारी कस्तो छ ?**

– निर्वाचनका लागि मत माग्न हामीले पूर्व कञ्चनपुरदेखि पश्चिम झापासम्मको यात्रा हामीले सकायौं। त्यसपछि काठमाडौं आएर यहाँका साथीहरूलाई पनि आफ्ना प्रतिबद्धता सुनाउँदै मत माग्ने कामहरू भइरहेको छ।

**○ निर्वाचनमा तपाइँहरूको मूल एजेन्डा के-के छन् ?**

– मुख्यत: हामीले दुई/तीनवटा मूल मुद्दाहरू लिएर निर्वाचनमा आएका छौं। विगतमा जति पनि निर्वाचनहरू भए त्यो नेतृत्व केन्द्रित भए। यसपटकको निर्वाचनमा हामी नीतिकेन्द्रित भएर आएका छौं। नेपाल बार एसोसिएसनको नीति भनेको मुख्य तवरबाट कानून व्यवसायीहरूको मानमर्यादालाई कसरी उच्च राख्न सकिन्छ भन्ने एउटा मूल एजेन्डा रहेको छ। दोस्रो, नियन्त्रित र निर्देशित शासन विरूद्ध पनि हाम्रो अभियान रहेको छ। त्यसैगरी, कानूनको शासन, मानवअधिकार रक्षा लगायतका विषयहरूलाई हामीले एजेन्डाका रूपमा प्रस्तुत गरेका छौं। अहिले पूर्वदेखि पश्चिमसम्म हामीले आफ्ना एजेन्डा तथा प्रतिबद्धताहरू प्रस्तुत गर्दै कानून व्यवसायीमाझ आफ्ना कुरा राख्दै आएका छौं।

**○ तपाइँले नियन्त्रित र निर्देशित विरूद्ध अभियान भन्नुभयो, त्यो के हो ?**

– विगत केही समयदेखि न्यायपालिकामा राजनीतिक हस्तक्षेप बढेको भन्ने कुरा हामीले देखिरहेका छौं। न्यायाधीशहरूको नियुक्ति जुन हिसावले भयो, त्यो कुनै राजनीतिक दलको सिफारिसको आधारमा नियुक्ति गर्ने र भोली गएर न्यायाधीशहरूले पनि आफ्ना चरित्रहरू देखाउँदा कहीं न कहीं आफ्नो राजनीतिक पृष्ठभूमिलाई न्यायालयमा पनि उजगार गरेको पाइन्छ। न्यायपालिकाका लागि यो सुखद् होइन। यसले न्यायपालिकालाई स्वतन्त्र र सक्षम राख्दैन। अहिले जसरी दुई तिहाइको घमण्डमा कार्यपालिका रहेको छ र उसले न्यायपालिकालाई पनि नियन्त्रित गर्न खोजेको छ, त्यो कहीं न कहीं आभाष भइरहेको अवस्था छ। यस्तो अवस्थामा एउटा मजबुत बार एसोसिएसनको निर्माण हामीले गर्न सकेनौं भने एउटा सक्षम बार एसोसिएसन आउन सकेन भने न्यायपालिकालाई बचाउन सक्दैनौं। जुन मुलुकमा मजबुत न्यायपालिका हुँदैन, त्यो मुलुकको लोकतन्त्र पनि रहँदैन भन्ने उदाहरण हामीले देखिसकेका छौं। त्यसकारणले सम्पूर्ण कानून व्यवसायीहरूको चिन्ता एउटै रह्यो कि कार्यपालिकाको छाया न्यायपालिकामा पर्दै गएको छ। यो नेपाल बार एसोसिएसनले त्यसलाई रोक्न सक्छ कि सक्दैन भन्ने कुराको चिन्ता व्यक्त गरिएको छ। त्यसका लागि हामी अगाडि आएका छौं। यदि हामी निर्वाचित भयौं भने त्यो कुरा रोक्ने हामीले प्रतिबद्धता व्यक्त गरेका छौं।

**○ तपाइँहरू निर्वाचित हुने आधारहरू के-के हो ?**

– कानून व्यवसायीहरूको पेसा तब मात्र टिकाउ हुनसक्छ जब न्यायालय सक्षम, पारदर्शी र निष्पक्ष रहन्छ। त्यसकारण सबै कानून व्यवसायीहरूको धारणा त्यहीं रह्यो कि कसरी हामी न्यायपालिकालाई निष्पक्ष र स्वतन्त्र बनाउन सक्छौं। न्यायपालिकाका विकृत्ति र विसंगतिलाई कसरी हटाउन सक्छौं। न्यायपालिकाभित्र केही भ्रष्टाचारका कुराहरू पनि बराबर सुनिरहेका छौं। यो कुरालाई यदि हामी निर्मूल पार्न सक्यौं, स्वतन्त्र न्यायपालिकाको अवधारणालाई अगाडि ल्याउन सक्यौं भने कानून व्यवसायीले पनि आफ्ना पेसा अगाडि बढाउन सक्छ। हाम्रो मूल एजेन्डा नै त्यहीं रहेको छ। त्यसैले हामीबाहेक अर्को विकल्प छैन। किनभने बार एसोसिएसनलाई एउटा स्थायी प्रतिपक्षको रूपमा पनि हेर्ने गरिन्छ। भोली गएर कार्यपालिकाले गलत कार्य गऱ्यो भने त्यसको आलोचना गर्न सक्ने हैसियत भएका समूहहरू नेपाल बार एसोसिएसनमा हेर्न चाहन्छन्। त्यसैले हामी बाहेक कानून व्यवसायीहरूले विकल्प देखेका छैनन्।

**○ लोकतन्त्रमा न्यायपालिकाको भूमिका कस्तो हुनुपर्ने हो ?**

– न्यायपालिका जब मजबतु, स्वतन्त्र हुन्छ, त्यसले गर्ने निर्णयहरू अनुमानयोग्य रहन्छ अनि मात्रै लोकतन्त्र सवल रहनसक्ने अवस्था रहन्छ। हाम्रा छिमेकी मुलुकहरू भारत र पाकिस्तान एउटै मितिमा स्वतन्त्र भएको हो। पाकिस्तानका लोकतन्त्र आजका मितिसम्ममा मजबुत हुनसकेन, निरन्तर त्यहाँ सैनिक शासन लागे। त्यसको प्रमुख कारण नै हो कि त्यहाँका न्यायपालिका स्वतन्त्र रहेन। भारतको न्यायपालिका स्वतन्त्र रहेको कारणले गर्दा आज भारतको लोकतन्त्र एकदम मजबुतीका अगाडि बढेको छ। त्यसकारणले लोकतन्त्र तब मात्रै सवल हुनसक्छ, जब न्यायपालिका स्वतन्त्र र सक्षम रहने अवस्था हुन्छ। त्यसकारणले हामी यो न्यायपालिकालाई कसरी सवल र स्वतन्त्र बनाउन सकिन्छ भन्ने एजेन्डाका साथ हामी आएका छौं।

**○ भनेपछि, अहिलेसम्म नेपालको न्यायपालिका त्यति स्वतन्त्र र निष्पक्ष देखिएन ?**

– निश्चितरूपमा। हाम्रो मुलुकमा जुन पद्धतिबाट न्यायाधीशको नियुक्ति हुन्छ, जसरी न्यायपालिकामाथि कार्यपालिकाले हस्तक्षेप गर्ने प्रयासहरू गर्छन्, त्यो बेलामा न्यायपालिका यदि स्वतन्त्र र सक्षम रहेन भने लोकतन्त्र पनि मजबुत रहँदैन। बेला-बेलामा हामीले हेरिरहेका छौं, न्यायपालिकाका विकृत्ति र विसंगतिका कुराहरू। न्यायपालिका कहीं न कहीं निर्देशित भएर काम गर्न थाल्यो कि भन्ने कुराको आभाष पनि गरिरहेका छौं।

**○ न्यायालयलाई राजनीतिक प्रभावबाट कसरी टाढा राख्न सकिन्छ ?**

– हाम्रो यहाँ जसरी न्यायाधीश नियुक्तिको प्रक्रिया राखियो, त्यो प्रक्रिया न्याय परिषद्ले गर्ने हुन्छ भने सर्वोच्च अदालतका न्यायाधीशको सुनुवाई फेरि संसदीय विशेष सुनुवाई समितिले गर्छ। संसदीय विशेष सुनुवाई समिति भनेको विशुद्ध रूपमा राजनीतिक संसद हो। जहाँ विभिन्न राजनीतिक दलका व्यक्तिहरू बसेर न्यायाधीशका नियुक्तिलाई अनुमोदन गर्ने वा खारेज गर्ने भन्ने कुरा हुन्छ। जानेर वा नजानेर हामीले न्यायपालिकालाई राजनीतिभित्र छिराएकै हौं। त्यसकारणले न्यायाधीश नियुक्तिको संयन्त्रलाई हामीले परिवर्तन गर्नुपर्ने हुन्छ अथवा सुनुवाईको व्यवस्थालाई हामीले हटाउनुपर्ने हुन्छ। अनि मात्रै न्यायपालिकालाई राजनीतिबाट अलग गर्न सक्छौं भन्ने अवस्था आउन सक्छ। हामीले त्यसलाई पनि एउटा एजेन्डाको रूपमा निर्वाचनमा ल्याएका छौं।

**○ पछिल्लो समय न्यायालयप्रति आम जनताको विश्वास घट्दै गएको हो ?**

– न्यायपालिकाप्रति जनताको विश्वास अझ पनि छ। तर, जुन हदसम्म न्यायपालिकाप्रति विश्वास बढाउनुपर्ने हो कहीं न कहीं त्यो खस्किँदो अवस्थामा छ। यसको जिम्मेवारी न्यायपालिका र राजनीतिक दललाई मात्रै दिनु हुँदैन, हामी कानून व्यवसायीहरू पनि त्यसतर्फ लाग्नुपर्ने हुन्छ। कसरी न्यायालयको गरिमा बढाउने, जनताको विशवास बढाउने त्यो कुरामा बार एसोसिएन र कानून व्यवसायीहरू पनि लाग्नुपर्ने हुन्छ। जबसम्म न्यायपालिकाप्रति जनआस्था वृद्धि हुँदैन, न्यायबाट जनता यदि विमुख भए भने कहीं न कहीं विद्रोहको अवस्था आउँछ।

**○ न्यायालयप्रति जनआस्था कसरी बढाउन सकिन्छ ?**

– सबभन्दा पहिला त न्यायालय सर्वसुलभ होस्, सबैको पहुँचमा होस्। न्यायालयभित्र प्रवेश गर्ने व्यक्तिहरूले सस्तो, सुलभ र भरपर्दो न्याय पाउन सकोस् त्यो माहौल हामीले बनाउनुपर्ने अवस्था हुन्छ। न्यायाधीशहरू पनि सक्षम होस्, कानून व्यवसायीहरू पनि सक्षम होस्। अनि त्यो भइसकेपछि निश्चितरूपमा जनताहरूको न्यायालयप्रति जनविश्वास बढ्छ। यो जनविश्वास बढिसकेपछि मात्रै दिगो शान्ति र सुदृढ लोकतन्त्रको परिकल्पना गर्न सक्छौं।

**○ नेपाल बार एसोसिएसनमा राजनीतिक प्रभाव कतिको छ ?**

– विगतमा बार एसोसिएसनले आफ्ना धारणाहरू प्रकट गर्दा कहीं न कहीं राजनीतिक आस्थाबाट प्रभावित भएर गरे कि भन्ने कुराहरू हामीलाई लागेको अवस्था छ। तर, अब नेपाल बार एसोसिएसनले आफ्नो कोर्स परिवर्तन गर्नुपर्छ। हामीले जुन नीति लिएका छौं, त्यसले बार एसोसिएसन राजनीतिक प्रभावभन्दा बिल्कुल तटस्थ हुनेछ।

**○ तपाइँ प्रदेश २ बाट उपाधयक्ष पदका उम्मेद्वार हुनुहुन्छ। प्रदेश २ मा न्यायालयको अवस्था कस्तो पाउनुहुन्छ ?**

– समग्र मुलुकका न्यायालयको जुन अवस्था छ, प्रदेश २ त्यसभन्दा अलग छैन। तर, प्रदेश २ का कानून व्यवसायीहरू झन् बढी पीडामा छन्। यो पीडा र दुखको घडीमा नेपाल बार एसोसिएसनले प्रदेश २ लाई साथ दिएको विगतमा हामीले देखेका छैनौं। त्यसले गर्दा कमसेकम यस्तो व्यक्ति नेपाल बारमा आओस् जसले मोफसलका कानून व्यवसायीहरूको कुरा पनि उठाइदिओस्। हामी मनोवैज्ञानिक रूपबाट विभाजित छौं। आज काठमाडौं र मोफसलको बीचमा एउटा दूरी छ। मेरो मिसन पनि के हो भने मोफसलका कानून व्यवसायीहरूको कुरा कसरी काठमाडौंसम्म ल्याउने हो। म निर्वाचित भएर गएँ भने मोफसलका कानून व्यवसायीहरूका कुरा ल्याउनेछौं।

## सन्दर्भ : नेपाल बार एसोसिएन निर्वाचन

# न्यायालयको शुद्धीकरणमा हाम्रो भूमिका अपरिहार्य छ

**अधिवक्ता वीरेन्द्र कुमार ठाकुर**

**नेपाल बार एसोसिएनको केन्द्रीय सदस्यका उम्मेदवार**



**○ नेपाल बार एसोसिएसन निर्वाचनमा तपाइँहरूको तयारी कस्तो हुँदैछ ?**

– यो निर्वाचनलाई हामीले एउटा अभियानको रूपमा लिएका छौं। मेचीदेखि महाकालीसम्म हरेक उच्च अदालत बार र जिल्ला अदालत बारमा कार्यक्रम सम्पन्न गरेका छौं। यो निर्वाचनमा निर्वाचित भएकाहरूले तीन वर्षसम्म बारलाई डोऱ्याउनेछ र न्यायालयलाई कोर्ट अफिसरका रूपमा कानून व्यवसायीको भूमिकालाई सशक्तरूपमा राख्ने एउटा छाता संगठन हो। त्यसको कार्यभार हामी लिन गइरहेका छौं। सम्पूर्ण कानून व्यवसायीहरूले एकदम उत्साहका साथ हामीप्रति सहभागिता देखाएका छन्।

**○ तपाइँहरूको मूल एजेन्डा के-के छन् त ?**

– संघीय लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत गर्ने, स्वतन्त्र, निष्पक्ष न्यायपालिका, विधिको शासनका लागि व्यावसायिक बारको आवश्क्ता छ। सेवामुखी बारको आवश्यक्ता छ। यो नै हाम्रो मूलमन्त्र हो। त्यसैलाई हामीले लक्ष्य बनाएर हिंडेका छौं।

**○ यो बार एसोसिएसन राजनीतिक प्रभावबाट कतिको टाढा छ ?**

– नेपालमा दलगत व्यवस्था छ। सबै कानून व्यवसायी कुनै न कुनै राजनीतिक दलप्रति आस्था होला। तर, न्यायालयको मन्दिर बारभित्र प्रवेश गरिसकेपछि दलगत आस्थालाई ढोकामै फुकालेर एउटा कानून व्यवसायी भएर व्यावसायिक निष्ठामा रहेर काम गर्नुपर्छ। आस्था सबैको आआफ्नो ठाउँमा छ तर न्यायालयको शुद्धीकरणका लागि, व्यावसायीकरणका लागि, सेवामुखी बनाउनका लागि दलीयरूपमा हाम्रो कुनै भूमिका रहने छैन। त्यो म प्रतिबद्धता प्रकट गर्न चाहन्छु। त्यसमा रत्तिभर पनि हामी विचलित हुँदैनौं।

**○ अहिलेसम्म बार किन राजनीतिक प्रभावबाट बाहिर आउन सकेन ?**

– संक्रमणकालमा केही विचलन त आएको हो नै। तर बारको इतिहास हेर्ने हो भने हरेक अवस्था र व्यवस्था महत्वपूर्ण भूमिका निर्वाह गरेको हो। विगतमा भएका कमी कमजोरीलाई सच्याउने मौका हो। हाम्रो समूहका सबै निर्वाचित भएर बारमा गयौं भने हामीले पक्ष वा प्रतिपक्ष भएर होइन, विशुद्ध एउटा पेशाकर्मीको रूपमा हाम्रो उपस्थिति रहनेछ। कुनै दलमा मेरो आस्था होला तर बारभित्र त्यो आस्थाको प्रतिविम्ब झल्किँदैन।

**○ तर, कार्यपालिकाले बेलाबखतमा न्यायपालिकामाथि हस्तक्षेप गर्दै आएको गुनासोहरू छन् नि ?**

– हामी धेरै ठूलठूला संघर्षहरू पार गर्दै संघीय लोकतान्त्रिक गणतन्त्रमा प्रवेश गरेका छौं। अब यो नयाँ युगमा नयाँ किसिमबाट केही गरौं न त भन्ने जुन जनअभिलाषा छ, त्यसमा हामी खरो ओर्लिनुपर्छ। नेपाल बार भनेको कार्यपालिका, न्यायपालिका, व्यवस्थापिकाको बीचमा एउटा पुलको रूपमा यसलाई निष्पक्ष, स्वतन्त्र, जनमुखी बनाउने दिन आइसकेको छ। अहिले देश एकढिक्का भएको छ। त्यसैले अहिलेको युगमा यथास्थितिको विचलनलाई हटाएर जानुपर्छ। न्यायालयमाथि कुनै प्रकारको हस्तक्षेप हुन दिँदैनौं। हामीले स्वतन्त्र न्यायपालिकाको गरिमालाई बढाउनुपर्छ।

**○ यदि तपाइँहरू नेतृत्वमा पुग्नुभयो भने न्यायपालिकामाथि कुनै किसिमको हस्तक्षेप हुँदैन ?**

– हामीले हाम्रो ठाउँबाट खबरदारी गर्ने हो। नेपाल बारको २०१३ साल पुस ७ गते स्थापनाकर्ता हुनुहुन्छ देवनाथ वर्मा। म त्यहीं देवनाथ वर्माको भूमिबाट मधेशको प्रतिनिधित्व गर्छु। उहाँको जुन सपना थियो, त्यसमा आजको दिनसम्म पनि बार खरोरूपमा उभिएको छ। केही त्रुटिहरू भएका छन्, ती त्रुटिहरू आगामी दिनमा दोहोरिन दिनु हुँदैन भन्ने मान्यतामा हामी छौं।

**○ नेपाल बार एसोसिएसन गठनको मूल उद्देश्य के थियो ?**

– यसको मूल उद्देश्य नै सामाजिक न्याय कायम गर्न एउटा व्यावसायिक कानून व्यवसायीहरूको संगठन हो। अन्यायमा परेका मान्छेलाई न्याय दिलाउनु र विधिको शासनको पक्षमा एकढिक्का भएर समाजलाई डोऱ्याउने एउटा संस्था हो नेपाल बार। निष्पक्ष न्याय र स्वतन्त्र न्यायपालिकालाई सहयोगीको भूमिका खेल्ने नै यसको मूलभूत उद्देश्य हो। समाज परिवर्तनमा एउटा पाटो कानूनी शिक्षा पनि हो। त्यो कानूनी शिक्षालाई विस्तार गर्ने, कानून व्यवसायीलाई एकढिक्का गर्ने, उनीहरूलाई व्यावसायिक बनाउने, मेलमिलाप गर्ने, मध्यस्तकर्ताको काम गर्ने त्यसका लागि यसको स्थापना भएको हो। यसलाई संविधानले चिनेको छ। यो संस्थाले त्यो भूमिका आजको दिनसम्म निर्वाह गरिआएको छ।

**○ नेपाल बारमा निर्वाचित हुनुभयो भने के-के काममा जोड दिनुहुन्छ ?**

– कानूनी शिक्षाका लागि एउटा अभियान चलाउनुपर्ने हुन्छ। त्यसका लागि प्रशिक्षण, तालिम, कार्यक्रम लगायतका कुराहरू गर्नुपर्छ। कानूनी शिक्षालाई विस्तार गरेर सामाजिक अन्याय र कुरितीहरूलाई अन्त्य गर्न सामाजिक अभियन्ताको रूपमा काम गर्छु। यसमा म प्रतिबद्धता जाहेर गर्न चाहन्छु।

**○ न्यायालयप्रति जनआस्था घट्दै गएको भन्ने आभाष हुन्छ, तपाइँ के भन्नुहुन्छ ?**

– केही हदसम्म यो सही पनि हो। तर, न्यायालयबाट जुन किसिमका फैसलाहरू हुने गरेको छ, त्यसलाई पुनरावलोकन हुने गरी कुनै काम हुने गरेको पाइएको छैन। त्यसका लागि एउटा प्राज्ञिक समिति बनाएर त्यस्ता त्रुटिहरूलाई उजागर गर्नुपर्छ। त्यसप्रति लक्षित भएर हामी काम गर्नेछौं। आगामी दिनमा त्यस्ता विचलनलाई व्यवस्थापन गर्छौं र न्यायालयको गरिमालाई कायम गर्न हामी काम गर्छौं। हामी बोलेर होइन, गरेर देखाउनुपर्छ। म जे बोल्छु, त्यो गर्छु भन्ने आत्मविश्वासका साथ म बारको सदस्यमा आउन चाहन्छु। न्यायालयप्रति जुन असन्तुष्टिहरू छन्, त्यसलाई चिर्ने प्रयास गर्छु।

**○ लोकतन्त्रमा न्यायालयको भूमिका कस्तो हुनुपर्ने हो ?**

– लोकतन्त्र भनेको अफ द पिपुल, बाइ द पिपुल र फोर द पिपुल हो। जनताबाट जनताको अपेक्षाअनुसार सबै चीज हुनुपर्छ भन्ने व्यवस्था नै लोकतन्त्र हो। सर्वजन हिताय, सर्वजन सुखायको मार्गमा लोकतन्त्र स्थापित भएको छ। यसलाई सुदृढ गर्नका लागि न्यायालयले सबैभन्दा महत्वपूर्ण भूमिका निर्वाह गर्छ। त्यसबाट रत्तिभर पनि विचलित हुनुहुँदैन। नेपालको लोकतन्त्रलाई कतैबाट अलिकति पनि खतरा छैन। यसलाई व्यवस्थित गर्ने राज्यको अभिभारा हो। अहिले मुलुकमा तीन तहको सरकार छ, लोकतन्त्र अहिले घरघरमा पुगिसकेको छ। त्यसबाट रत्तिभर पनि विचलित हुनुपर्ने अवस्था छैन। न्यायालयले त्यसका लागि अग्रगामी भूमिका निर्वाह गर्छ भन्ने मैले विश्वास लिएको छु। हाम्रो चण्डेश्वर श्रेष्ठ समूहको उम्मेदवारहरूले त्यसलाई आत्मसात गरेका छौं। न्यायालयमा सुदृढीकरण र शुद्धीकरणका लागि हाम्रो भूमिका अपरिहार्य छ।

**○ अन्त्यमा के भन्न चाहनुहुन्छ ?**

– म न्यायकर्मीहरूको बीचमा सेवा व्यवसाय गर्ने एउटा अभियन्ताको रूपमा लिन अनुरोध गर्दछु। नेपाल बार एसोसिएसनको कार्यसमितिमा हाम्रो समूहलाई सर्वसहमति पठाउन आग्रह गर्दछु। यो देशको मुहार फेर्न न्यायालयको जुन भूमिका हुनुपर्छ त्यसमा हामी खरो उत्रिन्छौं भन्ने मेरो बचन हो। हामीबाट जे अपेक्षा राखिन्छ त्यो हामी पूरा गर्छौं।

## मधेश अपडेट

### सरकारलाई खबरदारी गर्न जरूरी : डा.भट्टराई

धनगढी। पूर्वप्रधानमन्त्री तथा नयाँ शक्ति पार्टी नेपालका संयोजक डा. बाबुराम भट्टराईले दुई तिहाईको कम्युनिष्ट सरकारलाई खबरदारी गर्नुपर्ने बताएका छन्। उनले यो दुई तिहाइको सरकारले भ्रष्टाचार मौलाएको आरोपसमेत लगाएका छन्। उनले कर्मकाण्डी र परम्परावादी लोकतन्त्रलाई सच्चा र विकसित लोकतन्त्र बनाउनमा नयाँ शक्ति पार्टी लागेको बताए। दुई तिहाइ बहुमतको अहिलेको कम्युनिष्ट सरकारले सुशासन र विकास दिन नसकेको निष्कर्षसमेत निकालेका छन्।

### रेशमलाई अविलम्ब रिहा गर्नुपर्छ : गच्छदार

विराटनगर। नेपाली कांग्रेसका उपसभापति विजय कुमार गच्छदारले सांसद रेशमलाल चौधरीलाई अविलम्ब रिहा गर्न माग गरेका छन्। कांग्रेसको संसदीय दलका उपनेता समेत रहेका गच्छदारले टीकापुर घटनाका सम्बन्धमा लाल आयोगको प्रतिवेदन सार्वजनिक भएमा नै घटनामा को को संलग्न छन् भन्ने प्रष्ट हुने दाबी गरेका छन्। चर्चा गर्दै जननिर्वाचित रेशम चौधरीलाई अविलम्व जेलबाट रिहा गर्नुपर्ने बताए।

### वीरगन्ज चिनी कारखाना अनुगमन

पर्सा। उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री मातृकाप्रसाद यादवले वीरगञ्ज चिनी कारखानाको स्थलगत अनुगमन तथा निरीक्षण गरेका छन्। मंगलबार मन्त्री यादवले विगत डेढ दशकदेखि बन्द अवस्था रहेको चिनी कारखानाको वस्तुस्थितिबारे जानकारी लिएका हुन्। सो अवसरमा उनले उपयोगविहीन अस्थामा रहेका कारखानाका उपकरणहरू जीर्ण हुँदै गएकोप्रति चिन्ता व्यक्त गरेका हुन्। अहिले कारखाना परिसरमा उच्च अदालत जनकपुरको अस्थायी इजलास सञ्चालनमा रहेका छन्। चिनी कारखानाको स्वामित्व रहेका जग्गामध्ये कित्ता नं ११३१ मा रहेको दश बिघा जग्गा अदालतको पूर्वाधार निर्माणका लागि उपयुक्त हुने नहुनेबारे काठमाडौं फर्केपछि यस विषयमा थप छलफल गर्ने उनले बताए।

### "मिलको जग्गा नगरपालिकाको हुने"

राकेश यादव, रौतहट। प्रदेश २ का सभामुख सरोज यादवले गौर राइस मिलको जग्गा चाँडै गौर नगपालिकाको नाउँमा आउने बताएका छन्। यसअघि मुख्यमन्त्री मो. लालबाबु राउत गद्दी र आन्तरिक मामिला तथा कानूनमन्त्री ज्ञानेन्द्र कुमार यादवले राइस मिलको जग्गा छिट्टै अधिग्रहण हुने प्रतिवद्धता व्यक्त गरिसकेका छन्। गौर नगरपालिका ५ स्थित रहेको श्रीराम मंदिर पुनर्निर्माण गर्ने उद्देश्यले सनातन युवा मंच नेपालको प्रस्तुति तथा श्री राम मन्दिर संरक्षण समिति, श्रीमद भागवत महापुराण मूल समिति गौर ५ को संयुक्त आयोजनामा गौर राइस मिलको मैदानमा आयोजित श्रीमद भागवत महापुराण ज्ञान सप्ताह महायज्ञको आइतबार उदघाटन गर्दै सभामुख यादवले १ महिना भित्रै राइस मिलको जग्गा गौर नगरपालिकाको हुने उद्घोष गरेका छन्। सभामुख यादवले धर्म सस्कृतिको रक्षा, जगेर्ना गर्नुपर्ने आवश्यक रहेको बताए। प्रदेश सरकार भाषा, सस्कृति, कला, धर्म लोप हुँदै गएको संस्कृतिको संरक्षण गर्न सक्रिय रहेको जानकारी गराए। सभामुख यादवले यज्ञमा २५ हजार रूपैयाँ सहयोग दिने घोषणा गरेका छन्।

### प्रदेश सरकार सतर्क : मुख्यमन्त्री राउत

जनकपुरधाम। प्रदेश २ का मुख्यमन्त्री मो.लालबाबु राउत गद्दीले क्षयरोग नियन्त्रणका लागि प्रदेश सरकार गम्भीर रहेको बताएका छन्। १३६औ विश्व क्षयरोग दिवस तथा सार्क क्षयरोग दिवसको अवसरमा आयोजित अन्तरक्रिया कार्यक्रमलाई सम्बोधन गर्दै मुख्यमन्त्री राउतले विगतमा क्षयरोग नियन्त्रणका लागि सरकारले गरेको लगानी अनुरूप प्रतिफल प्राप्त हुन नसकेको भएपनि अगामी दिनमा त्यो समस्या आउन नदिने बताए। उनले प्रदेशमा व्याप्त अशिक्षा र खुला सिमानाका कारण स्वास्थ्यमा सोच अनुरूपको प्रगति हुन नसकेको स्वीकार गर्दै अबको दिनमा क्षयरोग जस्ता रोगहरूको नियन्त्रण तथा उन्मुलनका लागि प्रदेश सरकार सतर्कताका साथ अघि बढ्ने प्रतिवद्धता जनाए। पछिल्ला एक दशक जनप्रतिनिधिविहीन रहेका कारण समेत अनुगमन निरीक्षण हुन नसक्दा कार्यक्रमहरू प्रभावकारी हुन नसकेकोले अबको दिनमा नियमित अनुगमन निरीक्षण गर्दै क्षयरोग नियन्त्रणका लागि कडा रूख अख्तियार गरिने उल्लेख गरे।

### कांग्रेसको जनविरोधी कार्य : सांसद साह

रौतहट। नेपाल कम्युनिष्ट पार्टी प्रदेश नं २ का अध्यक्ष तथा प्रतिनिधिसभा सदस्य प्रभु साहले नेपाली कांग्रेस जनविरोधी काममा लागेको आरोप लगाएका छन्। उनले कांग्रेसका केही नेताहरू संविधान विरोधी गतिविधिमा लागेको आरोप लगाएका हुन्। फगुवा विजयपुर नगरपालिकास्थित खैरा टोलमा आयोजित विकास निर्माणसम्बन्धी अन्तर्क्रिया कार्यक्रममा उनले यस्तो आरोप लगाएका हुन्। राजतन्त्र, गणतन्त्र, हिन्दूराष्ट्र र सङ्घीयताका लागि जनमत सङ्ग्रहको माग गरेर समाजलाई पुन: अराजकतातर्फ धकेल्न खोजेको साहको भनाइ थियो।

### अन्तर्राष्ट्रिय सम्मेलन सम्पन्न

रूपन्देही। बुद्ध जन्मस्थल लुम्बिनीमा आयोजित अन्तर्राष्ट्रिय सम्मेलन बुधबार सम्पन्न भएको छ। दक्षिण एशियामा जातीय र धार्मिक द्वन्द्व न्यूनीकरण गरी शान्ति स्थापनाका लागि प्रयास गर्ने, लुम्बिनीमा अन्तर्राष्ट्रिय शान्ति केन्द्र स्थापनाका लागि सबै देशले सहकार्य गर्ने तथा प्रत्येक वर्ष लुम्बिनीमा अन्तर्राष्ट्रिय शान्ति सम्मेलन गर्ने निर्णय गरी सम्मेलन सम्पन्न भएको हो। लुम्बिनी विकास कोष, नेपाल सरकार र विनचेस्टर विश्वविद्यालय बेलायतद्वारा संयुक्त रूपमा आयोजना गरिएको 'दक्षिण एशियामा शान्ति र मेलमिलापका लागि धर्म र संस्कृतिको भूमिका' विषयक सम्मेलनमा १५ मुलुकका १२ विज्ञले कार्यपत्र प्रस्तुत गरेका थिए।

### भरतमोहनको स्मृतिमा श्रद्धाञ्जलीसभा

विराटनगर। पूर्वउपप्रधानमन्त्री एवं नेपाली वाम लोकतान्त्रिक आन्दोलनका शीर्षस्थ नेता भरतमोहन अधिकारीको स्मृतिमा श्रद्धाञ्जलिसभाको आयोजना गरिएको छ। नेकपा जिल्ला समिति मोरङले सोमबार विराटनगरमा श्रद्धाञ्जलीसभाको आयोजना गरेको थियो। सो कार्यक्रममा स्व.अधिकारीको योगदानबारे वक्ताहरूले चर्चा गरेका थिए। कार्यक्रममा उपप्रधानमन्त्री एवं रक्षामन्त्री ईश्वर पोखरेलले राष्ट्र र समाजका लागि गरिने योगदान कहिले पनि खेर नजाने बताएका छन्। पोखरेलले निकै खारिएका र परिपक्व अधिकारीको सपना, योगदान र विचारले पार्टीलाई कालान्तरसम्म फाइदा भइरहने विचार व्यक्त गरे।

### मेडिकल कलेजमा बिरामीहरूको चाप बढ्दो

वीरगन्ज। प्रदेश नं.२ मा रहेका एक मात्र नेशनल मेडिकल कलेज शिक्षण अस्पतालमा बिरामीहरूका चाँप बढेको छ। दिन प्रतिदिन मौसम परिवर्तनको कारणले गर्दा तराईमा गर्मी बढेकोले झाडा-पखाला लागेका बिरामीहरू बढी मात्रामा अस्पतालमा भर्ना भएका छन्। वीरगंजमा रहेका सरकारी अस्पताल नारायणी उप-क्षेत्रीय अस्पतालमा सुविधा अनुकुल मध्यमवर्गका बिरामीहरू त्यहाँ जाने गरेका छन्। तर, अन्यभन्दा पनि बढी खर्च लाग्ने र समयमा नारायणीा अस्पतालको हाताभित्र रहेका औषधि पसलहरूमा चाहेको औषधिहरू नपाउँदा बिरामीहरू अन्यत्र अस्पतालहरूमा जाने गरेका छन्। नेशनल मेडिकल कलेज शिक्षण अस्पतालमा सरकारी अस्पतालभन्दा पनि कम दरमा उपचार, चेक-जाँचहरू गर्ने गरेका छन्। तर, नेपाल सरकारले त्यस्ता मेडिकल कलेजहरूलाई गर्नुपर्ने सहयोग नगरी अनावश्यक कठिनाईमा बारम्बार पार्ने गरेको नेशनल मेडिकल कलेजका निर्देशक डा.प्रमोद सरार्फले बताए। तराईमा मौसम परिवर्तन भएको महिनोभन्दा बढीको क्रममा विभिन्न रोग लागेका हजारौ बिरामीहरू लाम बद्ध भई उपचार गराउने गरेका छन्।

### प्रहरीमा ५० प्रतिशत महिला सिट हुने : मुख्यमन्त्री

सप्तरी। प्रदेश २ का मुख्यमन्त्री मो.लालबाबु राउत गद्दीले प्रदेश सरकारको प्रहरीमा महिलाका लागि ५० प्रतिशत सिट आरक्षित गर्ने बताएका छन्। शनिबार सप्तरीको कञ्चनरूपमा विराट नवाह ज्ञान महायज्ञ समापन गर्दै मुख्यमन्त्री राउतले सो कुरा बताएका छन्। उनले छोरीलाई बोझ र अभिशापको रूपमा नहेर्न आग्रह गर्दै भने, 'प्रदेश सरकारले ल्याउने प्रहरी र निजामती ऐनका साथै लोकसेवा गठनपछि प्रहरीमा ५० प्रतिशत महिलाको सिट आरक्षित हुनेछ।' कञ्चनरूप १२ श्रावणपुरमा गत चैत १ देखि शुरू भएको श्री पञ्चकन्या धार्मिक तथा सांस्कृतिक महामहोत्सव श्रीमद्भागवत धनधान्याचल विराट नवाह ज्ञान महायज्ञको शनिबार सम्पन्न भएको छ।

# विदेशी लगानीलाई कसरी आकर्षित गर्ने ?



लक्ष्मी विलास कोइराला

राजनीतिक स्थिरतापछि नेपालले विकास समृद्धिको लक्ष्य प्राप्त गर्नको लागि विश्वमञ्चहरूमा लगानी गर्न लगानीकर्ता, उद्योगी एवं व्यापारिक व्यक्ति तथा फर्महरूलाई आमन्त्रण गर्दै गर्दा र लगानी बोर्डले नेपालमा लगानी गर्न भारतीय लगानीकर्ताहरूलाई उत्प्रेरित र आर्कषित गर्ने उद्देश्यले गरेको लगानी सम्मेलन सकिन नपाउदै उद्योग व्यवसाय सञ्चालन सहजताको अवस्था चित्रण गर्ने विश्व बैंकको डुईङ विजनेस प्रतिवेदन २०१९ अनुसार विश्वका १९० देशहरू मध्ये सन् २०१८ को १०५औं स्थानबाट झरेर नेपाल ११० स्थानमा पुगेको छ । उद्योग व्यवसाय सञ्चालन गर्ने सहज वातावरणको अवस्था सुधारोन्मुख हुन नसक्नुले विदेशी लगानी आर्कषित गर्ने कार्य झन चुनौतिपूर्ण बन्न पुगेको स्पष्ट हुन्छ । देशमा विदेशी लगानी आकर्षित गर्ने रहर गरेर मात्र हुदैन । त्यसको लागि लगानीको आकर्षक वातावरण निर्माण गर्नुपर्दछ । हाम्रो देशमा विदेशी लगानी भित्रयाउन राजनीतिक, प्रशासनिक तथा व्यवहारगत बानीबेहोरामा धेरै सुधार गर्नुपर्ने देखिएको छ ।

सरकार देश विकास गर्न लगानी खोजिरहेछ भने देशका कर्मठ युवाको ठुलो हिस्सा रोजगारीको खोजीमा विदेशमा पसिना बगाईरहेछन् र स्वदेशमा सानो काम गर्न पनि कामदार नपाउने अवस्था सिर्जना भइरहेको छ । देशमा दक्ष र सक्षम जनशक्ति नै छैन् । देश उपभोगमूखी अर्थतन्त्रमा निर्भर छ । नेपाली कामदारले विदेशबाट पठाएको पैसाले किनेर खाने बानी परेको छ । उद्यम गर्ने संस्कृति हराउदै गएको छ । उत्पादन नराम्ररी घटेको छ । अर्थतन्त्र भन्सार राजस्वमा चलेको छ । समग्र अर्थतन्त्रलाई उत्पादनमूलक नबनाएसम्म समृद्ध नेपाल र सुखी नेपालीको लक्ष्य प्राप्त गर्न सजिलो छैन् ।

देशको अर्थतन्त्रलाई गतिशील बनाउन सार्वजनिक र निजी लगानी बढाउने पर्ने हुन्छ । उदार अर्थनीतिसँगै सार्वजनिक लगानी शिक्षा, स्वास्थ्य, सामाजिक न्याय र समानताका लागि केन्द्रित गर्नुपर्ने हुन्छ । औद्योगिक एवं व्यापारिक क्षेत्रमा निजी क्षेत्रबाट लगानी गर्ने गरिएको छ । तर, देशमा सार्वजनिक तथा निजी दुवै लगानीको अभाव छ । देशको औद्योगिकीरणको लागि सीमित पूँजी भएकाले मानवीय एवं प्राकृतिक स्रोतसाधनको अधिकतम परिचालन गरी अर्थव्यवस्थालाई सबल, गतिशील एवं प्रतिस्पर्धात्मक बनाउन विदेशी लगानी परिचालन एवं नवीन प्रविधि हस्तान्तरण गर्न आवश्यक हुन्छ ।

विकाशोन्मुख देश जहाँ आर्थिक पछौटेपन रहेको हुन्छ, अर्थतन्त्र कृषिमा आधारित हुन्छ र वेरोजगारी यत्र तत्र सर्वत्र पाईन्छ । विकाशोन्मुख अर्थतन्त्रमा प्रत्यक्ष विदेशी लगानीले महत्वपूर्ण भूमिका खेल्न सक्दछ । विकाशोन्मुख देशमा दिगो, उच्च र फराकिलो आर्थिक विकास गर्न, रोजगारीका अवसरहरू सिर्जना गर्न, अन्तर्राष्ट्रिय बजारमा पहुँच बृद्धि गर्न, निर्यात बढाई व्यापार घाटा कम गर्न, तुलनात्मक लाभका क्षेत्रहरूबाट व्यापारिक लाभ हासिल गर्न, व्यावसायिक क्षेत्रमा नवीन संस्कृतिको विकास गर्न, राष्ट्रिय उत्पादकत्व र उत्पादन बढाउन, वैदेशिक सहायतामाथिको अत्यधिक निर्भरता कम गर्न, आर्थिक पछौटेपन समाप्त गर्न, औद्योगिक र व्यापारिक क्रियाकलापहरू सञ्चालन गर्न, तथा नवीन प्रविधि, व्यवस्थापन कला तथा स्रोतमा रहेको अन्तर पूरा गर्न विदेशी लगानीले महत्वपूर्ण भूमिका खेल्ने गर्दछ ।

एउटा देशको व्यक्ति तथा फर्म वा कम्पनीले अर्को देशमा आफनो पूँजी (नगद, जिन्सी), प्रविधि, ज्ञान र सेवा लगाउनुलाई बिदेशी लगानी भनिन्छ । यस्तो लगानी प्रत्यक्ष वा शेयरमा लगानी (पोर्टफोलियो लगानी) गर्ने गरी गरिन्छ । विदेशी लगानीले प्रविधि हस्तान्तरण (टेक्नोलोजी ट्रान्सफर) लाई समेत समेटेको हुन्छ । विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०४९ अनुसार विदेशी लगानीकर्ताले उद्योग व्यवसायको शेयरमा गरेको लगानी, लगानीबाट प्राप्त आयको पुनर्लगानी, ऋण वा ऋण सुविधाको रूपमा गरेको लगानीलाई प्रत्यक्ष विदेशी लगानी भनेको छ ।

यसैगरी ऐनले उद्योग र विदेशी लगानीकर्ताबीच विदेशी उत्पत्तिको कुनै प्रविधि सम्बन्धी अधिकार विशिष्टता, फरमुला, प्रक्रिया, पेटेण्ट वा प्राविधिक ज्ञानको उपयोग गर्ने, विदेशी स्वामित्वको ट्रेडमार्क उपयोग गर्ने तथा वैदेशिक प्राविधिक सल्लाहकार, व्यवस्थापन एवं बजार सेवा उपलब्ध गर्ने सम्झौता गरी गरिने प्रविधिको हस्तान्तरण पनि विदेशी लगानी हुने स्पष्ट गरेको छ । विदेशी लगानीका सन्दर्भमा लगानीकर्तालाई लगानी गर्ने, लगानीको नाफा पठाउने (प्रोफिट रेमिटयान्स), पूँजी फिर्ता लैजाने ( क्यापिटल रिपार्टिसन) सुविधा दिइएको हुन्छ र लगानीको सुरक्षाको प्रत्याभूति पनि गरिएको हुन्छ । साथै लगानी सम्बन्धी कुनै विवाद उठेमा त्यस्तो विवाद अन्तर्राष्ट्रिय व्यापार कानून सम्बन्धी संयुक्त राष्ट्रसंघीय आयोगको मध्यस्थता गर्नुपर्ने व्यवस्थालाई समेत समेटिएको हुन्छ ।

सन् १९३० को विश्व आर्थिक मन्दी पछि अर्थतन्त्रमा सरकारको हस्तक्षेप र लगानी व्यापकरूपमा बढ्न गए पछि आर्थिक संरक्षण बढन गएको थियो । सार्वजनिक संस्थानहरू व्यापकरूपमा खुल्न पुगे । सरकारी क्षेत्रको अत्यधिक संलग्नताले नीजि क्षेत्र संकुचित हुन पुग्यो । विश्वमा प्रजातन्त्र र उदारवादको फैलावट सँगै विश्वव्यापीकरणले स्थान लियो । वित्तीय क्षेत्र सुधार, सरकारी खर्चमा कटौती, करमा सुधार, सार्वजनिक संस्थानहरूको निजीकरण, वैदेशिक लगानीका लागि खुला, बैंकको व्याजदर र विदेशी मुद्राको दर निर्धारण बजारद्वारा निर्धारण, सम्पतीको अधिकार तथा सरकारी नियन्त्रण खुकुलो बनाउने जस्ता सिद्धान्तहरूको वासिङ्गटन सहमतिले संसारभर विश्वव्यापीकरण फैलियो । नेपालले पनि उदार आर्थिक नीति अवलम्वन गऱ्यो । सार्वजनिक संस्थानहरूको निजीकरण गरियो । विकास र सेवा प्रवाहका काममा सरकारको संलग्नतामा कमी आयो र निजी क्षेत्र आर्थिक क्रियाकलापमा सक्रिय सहभागि बन्न थाल्यो ।

विश्वव्यापीकरण भनेको बस्तु र सेवा, पूँजी, श्रम, वित्त, ज्ञान, सीप र प्रविधिको एक देशबाट अर्को देशमा निर्वाध आवागमन हुनु हो । देशहरूले वस्तु, सेवा, प्रविधि, वित्तको आवागमनलाई पूर्णतः खुला गरे पनि लगानीकर्ता कामदारका लागि भने भिसाको प्रावधान राखी भूमण्डलीकरणलाई सीमित पारेको दोष देशहरूमाथि लागिरहेको छ । तापनि सुविधा र सहुलियत दिएका, राजनीतिक स्थायित्व भएका, सवल अर्थतन्त्र र स्रोतसाधनको प्रचुरता रहेका देशहरूमा विदेशी लगानीको ओईरो लागेको छ र ती देशहरूले छोटो समयमा अनुपम विकास गरेका छन् । हाम्रो देशले पनि खुला बजार नीति अबलम्वनसँगै विदेशी लगानी भित्रयाउन पहल गरेकोछ ।

नेपालको संविधानले राष्ट्रिय हित अनुकुल आयात प्रतिस्थापन, निर्यात प्रवर्द्धनका क्षेत्रमा बैदेशिक पूँजी तथा प्रविधिको लगानीलाई आकर्षित गर्दै पूर्वाधार विकासमा प्रोत्साहन एवं परिचालन गर्ने नीति लिएको छ । आठौं योजना पछिका सबै आवधिक योजनाहरूले दिगो, फराकिलो र उच्च आर्थिक विकास तथा रोजगारी सिर्जनाकालागि विदेशी लगानीलाई आकर्षित र प्रोत्साहन गर्ने नीति लिएका छन् । त्यस्तै, विदेशी लगानीलाई आर्कषित र सुनिश्चित गर्नको लागि फ्रान्स, बेलायत, मौरिसस, फिनल्याण्ड, र भारत गरि ६ वटा देशहरूसँग विप्पा (वाईल्याटरल ईन्भेस्टमेन्ट प्रोटेक्सन एण्ड प्रोमोशन एग्रिमेन्ट) सम्झौता गरेका छ । छिमेकी तथा मित्रराष्ट्रहरूसँग व्यापार तथा पारवाहन संझौता गरेको छ भने दस विभिन्न मुलुकहरूसँग दोहोरो करमुक्तिका लागि संझौता पनि गरेको छ । विदेशी लगानी आर्कषित गर्न लगानीको सुरक्षा र लगानीको प्रतिफल फिर्ता लैजाने व्यवस्थाको प्रत्याभूतीका लागि नेपाल विश्व बैंकको भातृ संगठन बहुपक्षीय लगानी सुनिश्चित नियोग ( मिगा) को सदस्य बनेकोछ । विदेशी लगानी संवन्धी विवाद समाधानका लागि अन्तराष्ट्रिय व्यापार कानून संवन्धी संयुक्त राष्ट्रसंघीय आयोग (यूनिसिटरल) को पनि नेपाल पक्ष रहेकोछ ।

नेपालमा विदेशी लगानीलाई आर्कषित र प्रोत्साहित गर्नको लागि औद्योगिक नीति, व्यापार नीतिमा सुधार गरी उदारवादलाई अङ्गिकार गर्दै विदेशी लगानीमैत्री बनाईएकोछ । विदेशी लगानी नीति २०७१ कार्यान्वयनमा ल्याईएकोछ । श्रम ऐन २०४८ मा सुधार गरी श्रमिक, सरकार र उद्योगपतिबिचको औद्योगिक संवन्धलाई सौहार्द बनाईएकोछ । विदेशी लगानी व्यवस्थापनका लागि आवश्यक विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन २०४९, दामाशाही (ईनसोल्भेन्सी) ऐन २०६४, निजीकरण, ऐन २०५०, प्रतिस्पर्धा तथा बजार संरक्षण ऐन २०६३, उपभोक्ता संरक्षण ऐन २०७५, विशेष आर्थिक क्षेत्र ऐन २०७३, औद्योगिक व्यवसाय ऐन को व्यवस्था समेत गरिएकोछ । नेगेटिभ लिष्टमा परेका वाहेक सवै क्षेत्र विदेशी लगानीका लागि खुला गरिएकोछ ।

साथै, आर्थिक कुटनीति अबलम्वन गरी विश्वका देशहरूमा नेपालको आर्थिक नीति तथा लगानी वातावरणको प्रचारप्रसार गरी देशमा विदेशी लगानी ल्याउन सक्रिय बनाईएकोछ भने लगानी संवन्धी कार्य गर्न अलग्गै निकायको रूपमा लगानी बोर्डको समेत व्यवस्था गरिएकोछ । नेपालले विदेशी लगानीकालागि विशेष आर्थिक क्षेत्र (सेज) को स्थापना गरेको पनि छ । साथै, उद्योगव्यापारलाई राष्ट्रियकरण नगरिने र बस्तुको मूल्य निर्धारणमा सरकारको हस्तक्षेप नहुने प्रतिवद्धता पनि विदेशी लगानी नीति २०७१ ले गरेकोछ ।

आर्थिक सर्भेक्षण २०७४/७५ले नेपालको कुल गार्हस्थ्य उत्पादन र रोजगारीमा प्रत्यक्ष विदेशी लगानीको योगदान केवल एक प्रतिशतको हाराहारीमा देखाएकोछ । नेपालमा विदेशी लगानी हुने परियोजनाको हाल संख्या ४२७३ रहेकोछ । परियोजनाहरूमा कुल लगानी ४१३९३ करोड हुने अनुमान छ भने परियोजनाको कुल स्थीरपूँजी ३५५४८ करोड रहेकोछ । प्रस्तावित परियोजनाहरूमा कुल रोजगारी २,३७,१३४ जनाले रोजगारी पाउने छन् । वैदेशिक लगानी गर्ने देशहरूमा भारत (३५%), चीन (२५%), हङकङ (११%), दक्षिण कोरिया (५%), बेलायत (५%), र अमेरिका (३%), पहिलो, दोस्रो, तेस्रो, चौथो, पाँचौं र छैठौं स्थानमा रहेकाछन् । प्रदेशगतरूपमा हेर्दा विदेशी लगानीका परियोजना प्रदेश ३ मा ५५.६, गण्डकी प्रदेशमा १६, प्रदेश ६ मा १५, प्रदेश ५ मा ५, प्रदेश १ मा र प्रदेश ४/४ प्रतिशत र सुदूरपश्चिम प्रदेश दशमलव चार प्रतिशत रहेकोछ । विदेशी लगानीको प्रतिबद्धता र वास्तविक लगानीबीचको अन्तर ठुलो छ । धेरैजसो विदेशी लगानी काठमाडौं केन्द्रीत छ । विदेशी लगानीको अवस्थाको विश्लेषणवाट नीति र कानूनी व्यवस्था गरेर मात्र विदेशी लगानी नभित्रिने र आई सके पछि पनि टिकिनरहने अवस्था विद्यमान रहेको स्पष्ट देखिन्छ ।

प्रत्यक्ष विदेशी लगानी कुनै पनि राष्ट्रको स्वार्थका लागि प्रवाहित हुने लगानी होईन । प्रत्यक्ष विदेशी लगानी लगानीकर्ताको स्वार्थसँग गाँसिएको र नाफाउन्मुख हुन्छ । लगानीकर्ता आफनो स्वार्थ र उद्देश्यलाई मार्गनिर्देशक सिद्धान्तकोरूपमा लिदै लगानीगर्दा लगानीको सरलता, लगानीगर्दाको सम्मान र लगानीको भविष्य हेर्ने गर्दछ । नयाँ बजारको खोजी, उत्पादन लागतमा कमी ल्याउने, नयाँ रणनीतिक सहयात्री खोजी गर्ने, नयाँ प्रविधिमा पहुँच, व्यवसायको अन्तराष्ट्रिय विस्तार र स्रोतसाधन माथि पहुँच बढाउने जस्ता उद्देश्य पुरा गर्नको लागि बहुराष्ट्रिय कम्पनीहरू अन्य देशमा लगानी गर्न उत्प्रेरित हुने गर्दछन् । यसकारण प्रत्यक्ष लगानी भित्रयाउनको लागि सरकारले लगानीको प्रवेश, लगानीपछिको कार्यसञ्चालन सहजता (प्लेईङ फिल्ड) तथा लगानीको बर्हिगमन प्रक्रिया स्पष्ट गरी लगानीकर्तालाई बुझाउनु पर्दछ ।

डुईङ विजनेस प्रतिवेदनले प्रत्यक्ष विदेशी लगानीको लागि देशहरूमा कस्तो वातावरण छ वा बनेकोछ भनेर हरेक वर्ष देशहरूको ऱ्याङ्क सहित प्रतिवेदान सार्वजनिक गर्दछ । उद्योग व्यवसाय सञ्चालन सहजताको अवस्था, साना लगानीकर्ताको सुरक्षा, सीमापार व्यापारमा सहजता, टाट पल्टिएको विवाद समाधानको सुविधा, सम्पति सुरक्षा, लगानीको लागि ऋण प्राप्तिको सुविधा, व्यवसायको सुरूवात गर्ने सरलता, विद्युत उपलब्धताको सरलता, कर भुक्तानी व्यवस्था, करार कार्यान्वयनको सुनिश्चितता र पूर्वाधार निर्माण अनुमति दिने व्यवस्था जस्ता आधारहरूको चित्रण गर्दै डुईङ विजनेस प्रतिवेदनमा देशहरूको समग्र ऱ्याङ्क तयार गरिएको हुन्छ ।

सार्क मुलुकहरू मध्ये भारत, भुटान र श्रीलंकापछि चौथो स्थानमा नेपाल रहेकोछ । डुईङ विजनेस प्रतिवेदनले नेपाल साना लगानीकर्ताको सुरक्षामा ७२ औं, सीमापार व्यापारमा ८२ औं, टाट पल्टिएको विवाद समाधानमा ८३ औं, सम्पति सुरक्षामा ८८ औं, र ऋण प्राप्तिमा ९९ औं स्थानमा रहेको देखाएकोछ । त्यस्तै, व्यवसायको सुरूवात गर्न सहजताको १०७ औं, विद्युत उपलब्धताको १३७ औं, कर भुक्तानीमा १५८ औं, करार कार्यान्वयनमा १५४ औं र निर्माण अनुमतिमा १४८ औं स्थानमा रहेको पनि देखाएकोछ । लामो र धेरै प्रयासगर्दा पनि नेपालमा विदेशी लगानी व्यवसाय सञ्चालन गर्ने गरी वातावरणमा सुधार नआएको डुईङ विजनेस प्रतिवेदनले देखाएकोछ ।

त्यस्तै, विश्व बैंकले ग्लोवल लगानी प्रतिस्पर्धा सर्भेक्षण गरी प्रत्यक्ष विदेशी लगानीका लागि वातावरण निर्माणमा राष्ट्रहरूबीच रहेको प्रतिस्पर्धाको जानकारी दिने गर्दछ । सर्भेक्षणे समग्र आर्थिक स्थायित्व, राजनीतिक सीथरता, कानूनी शासन, बजारको आकार, विदेशी मुद्राको परिवर्त्य सुविधा, मेघावी र दक्ष मानव संसाधन, भरपर्दो पूर्वाधार, न्यून कर दर, न्यून ज्याला दर, जग्गा प्राप्तिमा सरलता, वित्तीय सुविधा जस्ता आधारभूत पक्ष हेरेर कुन देशमा कस्तो लगानी वातावरण छ के कस्ता सुविधाहरू छन् देखाउने गर्दछ । ग्लोवल लगानी प्रतिस्पर्धा सर्भेक्षणमा पनि नेपालको अवस्था सन्तोषजनक देखिदैन ।

विदेशी लगानीका लागि गरिएको अथक

## सन्दर्भ : लगानी सम्मेलन

प्रयासका वावजुत लगानी ल्याउन नसकिएको यर्थाथ हाम्रो अगाडि छर्लङ्ग नै छ । विदेशी लगानीलाई राजनीतिक जोखीम, प्रवेश गर्दा, कार्यसञ्चालन गर्दा र निस्कदाको कर्मचारीतन्त्रीय झञ्झट तथा सम्पतिको सुरक्षा र बजारको आकारले निर्धारण गर्दछ । हाम्रो वैदेशिक लगानी नीति लगानीको प्रवेशकेन्द्रीत छ र नीतिले कार्यसञ्चालन र बर्हिगमन व्यवस्थापनलाई संबोधन गर्न सकेकोछैन् । नेपालमा नीतिमा अकस्मात परिवर्तन गर्ने प्रवृति छ । त्यसमाथि सरकार तथा राजनीतिक दलका उच्च नेतृत्वले निजी क्षेत्रमा सञ्चालित स्कूल, अस्पताल सरकारीकरण गर्ने तथा व्यक्तिगत सम्पतिको बारेमा जथाभावी बोल्ने गरेकाले विदेशी लगानीकर्ताले राजनीतिक तहको प्रतिबद्धतामा शंका गर्ने गरेको देखिन्छ । उत्तरदायी एवं पारदर्शी व्यवहार राजनीतिज्ञ र कर्मचारीतन्त्र दुवैमा कम छ । सूचना प्रवाह प्रणाली कमजोर छ । देशमा विश्वासिलो पूर्वाधारको अभाव छ र दक्ष कामदार उत्पादनको आधारभूत पूर्वाधार पनि छैन ।

साथै, श्रम व्यवस्थापनको विश्वासिलो वातावरण नभएको प्रमाण पटक पटक विदेशी लगानी भएका व्यवसायमा भएको हडतालले दिईरहेकोछ । श्रम ऐनमा लचकता छैन् । लगानी गर्न चाहनेले अन्य देशको तुलनामा झण्डै पाँच गुणाभन्दा बढी दिन कम्पनीको स्विकृति लिन मात्रै खर्च गर्नुपर्छ । कम्पनी कानूनमा तोकिएको दिन भित्र दर्ता भइसक्दैन । कानून कार्यान्वयन कमजोर छ । कर्मचारीतन्त्रको हतोत्तसाही बनाउने रवैया, अफिस अफिस चाहार्नु पर्ने बाध्यता र प्रक्रियागत ढीलासुस्तीले प्रवेश गर्दाका बखतनै लगानीकर्ता नाक खुम्च्याउन पुग्दछ । त्यसपछि नीतिगत र कार्यसञ्चालन तहमा रहेको भ्रष्ट्राचार, काम गराईमा रहने अपारदर्शिता, सानो वजार, न्यून आय भएका उपभोक्ता, अदक्ष मानव संसाधन, उत्पादनका साधनहरूको न्यून उत्पादकत्व, बैंक तथा वित्तीय संस्थाहरूको लगानी क्षमता कमजोर तथा लगानीको सुरक्षाको सुनिश्चितता प्रत्याभूत गराउन नसक्नु जस्ता तत्वहरूले विदेशी लगानीलाई अनुत्प्रेरित गर्ने गरेकाछन् ।

विदेशी लगानी भित्रयाउन विश्वमा विकाशिल देशहरूबीच चर्को प्रतिस्पर्धा रहेकोछ । विदेशी लगानीकर्तालाई दिईने सुविधा, सम्मान र अवसरहरू अन्य देशको तुलनामा हाम्रो देशमा उत्कृष्ट हुनुपर्दछ । मेरो देशमा लगानी गर्न आउ भनेकै भरमा कोही लगानी गर्न आउनेवाला छैन् । कसैको लगानी गर्न आउछु भन्ने प्रतिबद्धताको पनि कुनै अर्थ छैन् ।

विदेशी लगानीकर्ताले लगानी पूर्व लगानीको वातावरणलाई राम्रोसँग अध्ययन गरेको हुन्छ । लगानीकर्ताहरूले आफनो पैसा लगानीगर्दा संवन्धित देशमा सम्पति सुरक्षाको प्रत्याभूती कस्तो छ हेर्ने गर्दछन् । त्यसपछि नाफाको उपयोग र व्यवसाय शुरू र वन्द गर्दा के कसरी व्यवस्थापन हुन्छ त्यो तुलनात्मकरूपमा हेर्ने गर्दछन् । भरपर्दो पूर्वाधार तथा बजार, प्रतिस्पर्धा र उपभोक्ता कानून पनि हेर्छन् । राजनीतिक दलका नेताहरूको मनोवृति पढछन् । खासमा कर धेरै भयो भनेर विदेशी लगानीकर्ता हतोत्तसाही भएको देखिदैन् । यसकारण विदेशी लगानीकर्तालाई लगानी गर्न नेपाल आउभन्दा हाम्रो नीति, हामीले दिने सुविधा र ग्यारेन्टीहरू के के हुन् र ती अन्य देशको तुलनामा कसरी उत्कृष्ट छन् भन्ने विषयमा सरकार, राजनीतिक नेता, नीतिनिर्माता, प्रशासक र उद्योग व्यवसायीहरू प्रष्ट हुन जरूरी छ ।

विदेशी लगानीलाई प्रभावित गर्ने सबैभन्दा महत्वपूर्ण पक्ष राजनीतिक स्थायित्व, विश्वास र जवाफदेहता हो । राजनीतिक स्थायित्व प्राविधिक पक्ष हो । खासमा राजनीतिज्ञहरूको मनोवृति र व्यवहार बदलिनु पर्दछ । सरकार र राजनीतिक दलका राजनीतिक पदाधिकारीहरूले निजी सम्पतिको अधिकार र सुरक्षा, खुला बजार नीति तथा परराष्ट्र नीति जस्ता विषयमा जथाभावी बोल्ने वानी रोक्नुपर्दछ । कर्मचारीतन्त्रीय झञ्झट नै विदेशी लगानी भित्रयाउने सबैभन्दा ठुलो समस्या देखिएकाले निजामती सेवा सभ्य सुसँस्कृत र नैतिकवान बन्नुपर्दछ । निजामती सेवाको काम गराई सूचना प्रविधिमा आधारित छिटो छरितो हुनुपर्दछ ।

साथै, विदेशी लगानी आर्कषित गर्न नीतिगत स्थिरता, कार्यप्रणालीमा पारदर्शिता र उत्तरदायित्व, सही सूचना प्रवाहको सँस्कृति, भरपर्दो पूर्वाधारको विकास, दक्ष मानव रू.साधनको विकास, हार्दिक औद्योगिक संवन्ध, लचिलो श्रम कानून, सशक्त पूँजी बजार, भ्रष्ट्राचारको शुन्यता र जिम्मेवारपूर्ण व्यवसायिक व्यवहार हुनुपर्दछ भने करका सरल प्रावधानहरूको सुविधा दिनुपर्दछ । सबैभन्दा महत्वपूर्ण विदेशी लगानीको कम्पनिको दर्तादेखि खारेजीसम्मको सबै कार्य एकलविन्दुबाट विश्वका सबै देशको भन्दा कम समयमा निप्टाउने व्यवस्था गर्नुपर्दछ । विवादको व्यवस्थापन अन्तराष्ट्रिय कानूनअनुसार हुने व्यवस्था प्रचार गर्नुपर्दछ । साथै, राजनीतिक जोखीमको विमा व्यवस्था तथा ब्ल्याकचेन प्रविधि, विटक्वाईन र क्रिप्टो करेन्सीको प्रयोगबाट वेसी विदेशी लगानी आउँछ भने बौद्धिक मन्थन गरी उपयुक्त कानून बनाउनु पनि पर्दछ ।

सारमा विदेशी लगानी ल्याउन सकेमा हामीलाई विदेशी सहयोगका लागि अनुनय विनय गरिरहनु पर्दैन् ऋणको भार थपिदैन पनि । विदेशी सहयोगमा जस्तो विदेशी लगानीमा दाताकहाँ नै ठुलो हिस्सा फर्कने अवस्था पनि रहदैन । विदेशी लगानीमा उत्पादित बस्तुको बजारको खोजी स्वयं लगानीकर्ताले पहल गर्ने भएकाले सरकारले विदेशमा निर्यातको वातावरण र स्वदेशमा लगानीको वातावरण मिलाउदा नै पर्याप्त हुन्छ । देशको विकास र जनताको कल्याणका लागि देशभित्र लगानी नगरेसम्म विदेशमा रोजगारी गर्ने युवाहरू देशमा बस्ने वातावरण बन्दैन । युवाशक्ति पलायन हुँदासम्म देशको विकास पनि हुदैन । लगानी गरेर रोजगारी सिर्जना गर्न देशमा उपलब्ध लगानी मात्र पर्याप्त हुदैन । संबन्धित निकायहरूलाई भूमिका दिने नाममा हाम्रा सुधारहरू झन अलमल्याउने खालका हुने गर्दछन् । यसकारण प्रत्यक्ष विदेशी लगानी भित्रयाउने सुधार आजको आवश्यकता बनेकोले लगानीका आकांक्षीहरूको प्रतिस्पर्धामा सबैलाई उछिन्ने गरी लगानी वातावरण बनाउन सुधार केन्द्रित हुनुपर्दछ ।

## संक्षिप्त समाचार

### सञ्चारमाध्यमको महत्वपूर्ण भूमिका : मुख्यमन्त्री

कैलाली । सुदूरपश्चिम प्रदेशका मुख्यमन्त्री त्रिलोचन भट्टले समृद्ध नेपाल सुखी नेपालीको नारा साकार पार्न सञ्चारमाध्यमको भूमिका महत्वपूर्ण रहेको बताएका छन् । उनले सञ्चारमाध्यमलाई सरकारको हरेक अभियानमा साथ दिन आग्रह गरेका छन् । धनगढीमा आयोजित प्रेस क्लबको उद्घाटन समारोहमा उनले सो कुरा बताएका हुन् । उनले सञ्चारमाध्यमले महत्वपूर्ण भूमिका निर्वाह गर्न सुझाव दिएका हुन् ।

### उपहानगरले महिलामैत्री बस सञ्चालन गर्ने

नेपालगन्ज । नेपालगन्ज उपमहानगरपालिकाले महिलामैत्री बस सञ्चालन गर्ने भएको छ । महिलाको सुरक्षालाई ध्यानमा राखेर उपमहानगर आफैँले बस सञ्चालन गर्ने तयारी गरेको जनाइएको छ । उपमहानगरपालिका र त्यस आसपासका क्षेत्रमा महिलामैत्री बस सञ्चालन गरिनेछ ।

### राष्ट्रिय हिन्दी सम्मेलन हुने

जनकपुरधाम । चैत २० र २१ गते जनकपुरधाममा १८ औं नेपाल राष्ट्रिय हिन्दी सम्मेलन हुने भएको छ । नेपाल राष्ट्रिय हिन्दी सम्मेलनद्वारा आयोजना हुने सो सम्मेलनमा हिन्दी भाषाबारे विचारविमर्श, कविगोष्ठी र स्रष्टालाई सम्मान गरिने जनाइएको छ । सो अवसरमा यस वर्षको राजर्षि जनक प्रतिभा पुरस्कार डा रामदयाल राकेशलाई प्रदान गरिने निर्णय गरिएको सम्मेलनका अध्यक्ष एवं वरिष्ठ पत्रकार राजेश्वर नेपालीले जानकारी दिए । सो पुरस्कारको राशि रू ५५ हजार ५५५ छ । त्यस्तै सम्मेलनमा नेपालका १० र भारतका दुई स्रष्टालाई सम्मान गरिने बताइएको छ ।

### पप्पुको कमाल, समय अगावै काम सम्पन्न

वीरगञ्ज । पप्पु कन्स्ट्रक्सनले मकवानपुरको हेटौंडादेखि लोथर सडकखण्डअन्तर्गत साढे ४ किलोमीटर सडक कालोपत्रे गर्ने कार्य समय अगावै सम्पन्न गरेको छ । हेटौडा डिभिजन सडक कार्यालयका प्रमुख सुमन योगेशले पप्पुलाई १५ महिनामा सक्ने गरी सडक कालोपत्रेको ठेक्का दिइएकोमा २ महिनाअघि नै निर्माण पूरा गरेको जानकारी दिए । ६ करोड ४२ लाख रूपैयाँको लगातमा रोड निर्माण गर्ने ठेक्का दिइएको थियो । सडक विभागले २०७४ कात्तिकमा सो ठेक्का लगाएको थियो । १५ महिनामा पूरा गर्ने सम्झौता भएकोमा समयअघि नै निर्माण कार्य पूरा गरिसकेकाले ठेकेदारलाई कार्य सम्पन्नताको प्रमाणसमेत दिइसकेको सडक कार्यालयले बताएको छ ।

### स्वचालित प्रविधिमार्फत सवारीसाधनको जाँच

रूपन्देही । भैरहवा भन्सार कार्यालयको मुख्य प्रवेशद्वारमा स्वचालित प्रविधिमार्फत सवारीसाधनको जाँच गर्ने प्रणाली लागू भएको छ । नयाँ सफट्वेयरमार्फत जाँच गर्न थालिएको भन्सार कार्यालयले जनाएको छ । भन्सारमा सो प्रणाली लागू भएसँगै भैरहवा भन्सार प्रवेशद्वारबाट अब चौबीसै घण्टा मालवाहक गाडी भन्सार यार्डमा प्रवेश गर्नसक्ने छन् । सो प्रणाली लागू भएपछि अब कम्प्युटर प्रणालीबाट काम हुनेछ ।

### जुनोसिस रोगबारे छलफल

कपिलवस्तु । शुद्धोधन गाउँपालिका लवनी कपिलवस्तुले पशुबाट मानिसमा सर्ने रोग अर्थात जुनोसिस रोग बारे १ दिने अन्तरकिया लवनी स्वास्थ्य चौकीमा सम्पन्न गरेको छ । घरपालुवा पशु तथा छाडा रूपमा पालिने पशुपक्षीं र जगली पशुबाट मानिसमा सर्ने सयौं प्रकारका रोग भएकोले त्यसबाट बच्नका लागि जनचेतना गर्नका लागि कार्यकम आयोजना गरिएको गाउँपालिकाले जनाएको छ । कार्यकममा पशुबाट मानिसमा सर्ने रेविज, क्षयरोग, पटके, एभियन इन्फुन्जा, जापानिज इन्सेफलाटिस, एन्थेक्स, जुका लगायतका रोगको बारेमा वरिष्ठ पशु चिकित्सक डां अखिलेश्वर पाण्डेयले सहजिकरण गरेका थिए । खुल्ला सिमाना, पशुमा खोप नलगाउने चलन तथा सरसफाइमा ध्यान नदिनु काचो मासु तथा दुधको सेवनले गर्दा यस्ता रोगहरूमा मानिसमा सजिलै सर्ने र ज्यानै समेत जान सक्ने खतरा रहेको समेत पाण्डेयले बताए ।

### वडाअध्यक्षका छोरा र भतिजा पक्राउ

धनुषा । जनकपुरधाम उपमहानगरपालिका वडा नम्बर १३ का अध्यक्ष शुभनारायण मण्डलका छोरा र भतिजालाई प्रहरीले पक्राउ गरेको छ । वडाअध्यक्षका छोरा रोशन र भतिजा विक्कीलाई कुटपिटको आरोपमा प्रहरीले शनिबार पक्राउ गरेको हो । सोही वडाका जितनारायण र नगिना राउतलाई केहि दिन अगाडि कुटपिट गरेको आरोपमा प्रहरीले पक्राउ गरेको जनाएको छ ।

### कैलालीमा दुईको मृत्यु

कैलाली । कैलालीमा मोटरसाइकल र मिनिट्रक ठोक्किँदा दुई जनाको मृत्यु भएको छ । गोदावरी नगरपालिका-९ बल्मीस्थित सडकमा से.३ प ९४२९ नम्बरको मोटरसाइकल र भे.१ ख १४१४ नम्बरको मिनिट्रक एकआपसमा ठोक्किएको थियो । सोमबार राति दुर्घटना हुँदा गम्भीर घाइते भएका मोटरसाइकल चालक डडेल्धुरा नवदुर्गा गाउँपालिका-४ घर भई हाल कञ्चनपुर कृष्णपुर नगरपालिका-४ बस्ने ५० वर्षीय तेजबहादुर रावल र मोटरसाइकलमा सवार ६० वर्षीय बीरबहादुर रावलको सेती अंचल अस्पताल धनगढीमा उपचारको क्रममा दुवै जनाको मृत्यु भएको प्रहरीले जनाएको छ । दुवै सवारी साधन र ट्रक चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

कानून बमोजिम लिनुपर्ने इजाजत नलिइ वा इजाजत पत्र नविकरण नगराई वा इजाजत प्राप्त व्यक्तिको मृत्यु पश्चात हकवालाको नाममा नामसारी नगराई वा अन्य जुनसकै तरिकाले नेपाल राज्य भित्र कोही कसैले अवैध हतियार र खरखजाना राखेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिन भित्र नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालय वा नेपाली सेनाको ब्यारेकमा अनिवार्य रुपमा बुझाउनु हुन नेपाल सरकार (म.प.) को मिति २०७५/११/२८ को निर्णयानुसार यो सूचना प्रकाशित गरिएको छ । यसरी हातहतियार र खरखजाना बुझाउन ल्याएमा यस अघि ती अवैध हातहतियार र खरखजाना राखेको कारणले मात्र त्यस्ता व्यक्तिलाई कुनै कानुनी कारवाही नचलाइने हुँदा तोकिएको समय भित्र अवैध हातहतियार तथा खरखजाना अनिवार्य रुपमा बुझाउनुहुन सम्बन्धित सबैमा जानकारी गराइन्छ । यदि इजाजत प्राप्त नगरी आफुसँग रहेका हातहतियार खरखजाना तोकिएको अवधिभित्र स्वेच्छाले नबुझाएमा त्यस्ता व्यक्ति उपर प्रचलित कानून बमोजिम कारवाही हुने व्यहोरा समेत सूचित गरिन्छ ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

# भुक्तानी नदिँदा ल्याण्डफिल साइटको गति सुस्त

वीरगन्ज । वीरगञ्ज महानगरपालिकाले ठेकेदारले काम गरेको बीलको भुक्तानी समयमा नगर्दा निर्माणाधीन फोहोर मैला प्रशोधन केन्द्रअन्तर्गत ल्याण्डफिल साइट तोकिएको समयमा पूरा नहुने सम्भावना बढेको छ । सुरूमा परामर्शदाताले डिजाइनमा गरेको पटके संशोधनका कारण ढिलाई भएकोमा अब महानगरले भुक्तानीमा आलटाल गर्दा निर्माणले गति लिन नसकेको हो ।

वीरगञ्ज महानगर र चिनियाँ निर्माण कम्पनी जेडआइसीबीच सन् २०१६ अप्रिलमा २ वर्षमा काम पूरा गर्ने सम्झौता भएको थियो । ४२ करोड रूपैयाँको ठेक्का सन् २०१८ अप्रिलमा सकिनुपर्नेमा परामर्शदाता स्म्याकले पटकपटक नक्सा परिवर्तन गरी सन् २०१८ को मार्च ३१ मा अन्तिम डिजाइन दिएको थियो ।

आफ्नै कमजोरीका कारण पटकपटक नक्सा परिवर्तन गरेपछि परामर्शदाता कम्पनीका टिम लिडर नागेन्द्र झाले थप १ वर्ष समय थप्ने सिफारिस गरेका थिए । थपिएको समयअनुसार सन् २०१९ अप्रिलसम्ममा काम पूरा गर्नु पर्दछ ।

एसियाली विकास बैंकको सहयोगमा सञ्चालित योजना पहिलो निर्धारित समयमा नसकिएपछि खरीद विभाग प्रमुख मनिराम गेलालसहितको उच्चस्तरीय बैठकले ठेकेदारसँग तोकिएको समयमा काम सक्ने प्रतिबद्धता मागेको थियो । ठेकेदारले समयमा भुक्तानी दिएमा आउँदो अप्रिलसम्म काम सक्ने लिखित प्रतिबद्धता गरेको छ । तर, काम गरिसकेको रकमसमेत समयमा भुक्तानी नगर्दा काम प्रभावित हुने अवस्था आएको हो ।



*वीरगन्ज महानगरमा निर्माणाधीन ल्याण्डफिल साइट ।*

महानगरका तर्फबाट योजनामा व्यवस्थापक रहेका शैलेन्द्र श्रेष्ठ भने आफ्नो व्यवस्थापकीय कमजोरी ढाकछोप गर्न ठेकेदारमाथि दोष थुपार्न उद्यत देखिन्छन् । उनले केही दिनअघि पर्साका प्रमुख जिल्ला अधिकारीले बोलाएको बैठकमा ठेकेदारले ढिलासुस्ती गरेको आरोप लगाएका थिए । अहिले ठेकेदारविरोधी माहोल बनिरहेका बेला ठेकेदारविरूद्ध जे बोले पनि सदर हुन्छ भन्ने बच्कना बुझाई उनीमा रहेको देखिन्छ । श्रेष्ठले निर्माण कम्पनीसँग आधिकारिक रूपमा सरोकारै नभएका व्यक्तिको नामै लिएर ठेकेदारले काम नगरेको आरोप खन्याएका थिए । जब कि, महानगरले सहमतिअनुसार रकम भुक्तानी नगर्दा काम अवरूद्ध हुने अवस्था आइपरेको छ ।

निर्माण कम्पनीले गत फेब्रुअरीमा एघारौं बील पेश गरेकोमा परामर्शदाताले ७ करोड रूपैयाँ भुक्तानी दिन सिफारिस गरे पनि महानगरले अनेक बाहानामा डेढ महीनादेखि बील अड्काएर राखेको बताइएको छ । महानगरका प्रमुख विजयकुमार सरावगीले समेत ३ हप्ताअघि नै भुक्तानी दिने प्रतिबद्धता गरेकोमा हालसम्म भुक्तानी नभएकाले आर्थिक अभावका कारण कामले गति लिन नसकेको ठेकेदार कम्पनीको गुनासो छ ।

ठेकेदारले बील पेश गरेको बढीमा २८ दिनभित्र भुक्तानी गरिसक्नुपर्ने प्रावधान ठेक्का सम्झौतामा हुन्छ । महानगरले यसअघिको बीलको समेत १ करोड रूपैयाँ भुक्तानी बाँकी राखेको बताइएको छ । अघिल्ला बीलमा एसियाली विकास बैंकको ८४ प्रतिशतले हुन आउने रकममात्र भुक्तानी भएको छ । महानगर र नगर विकास कोषको ८/८ प्रतिशत भुक्तानी ६ महीनादेखि रोकिएको छ । महानगरले नयाँ र पुरानो गरी ८ करोड रूपैयाँ रोकेर राखेको ठेकेदारले बताएको छ ।

महानगरले भुक्तानी नदिँदा ठेकेदारले होलीजस्तो पर्वमा समेत कर्मचारी र मजदूरलाई पारिश्रमिक भुक्तानी गर्न सकेका छैनन् । होलीमा समेत रकम भुक्तानी गर्न नपाएपछि ठेकेदार ती कर्मचारीबाट आगामी दिनमा कसरी काम लिन सकिएला भन्ने चिन्तामा डुबेका छन् ।

ल्याण्डफिल साइटको भौतिक प्रगति अहिले ६० प्रतिशत देखिए पनि यो करीब ८० प्रतिशतबराबर भएको दाबी गरिएको छ । २० प्रतिशत काम एक वर्षसम्मको सञ्चालन र उपकरण आपूर्तिको हुने सम्झौतामा उल्लेख छ । आर्थिक संकटबाट गुज्रिइरहेका ठेकेदारले समयमा भुक्तानी पाए अप्रिलसम्म काम सक्ने बताएकोमा महानगरकै अकर्मण्यताका कारण योजना समयमा नसकिने देखिएको छ ।

पटकपटकका उच्च स्तरीय बैठकले महानगरलाई चाँडो भुक्तानी दिएर काम अघि बढाउन निर्देशन दिए पनि महानगरका केही स्वार्थी र पूर्वाग्रही कर्मचारीका कारण भुक्तानी रोकिएको बताइएको छ । विगतमा महानगरका हालीमुहाली गर्न पल्किएका केही स्वार्थी कर्मचारीको समूह नै यसका लागेको स्रोतको दाबी छ । महानगरमा आर्थिक स्वार्थ र चल्ती बन्द भएपछि महानगरका कामप्रति जनतामा असन्तोष बढाएर जनप्रतिनिधिलाई बद्नाम गराउन त्यस्तो गिरोह लागिपरेको बताइन्छ । यसमा केही राजनीतिकर्मीको स्वार्थसमेत मिसिएको बुझिएको छ ।

# कपिलवस्तु महोत्सव तयारी तीव्र, देउवाले उद्घाटन गर्ने

**मणि प्रसाद गैह्रे**

कपिलवस्तु । यही चैत १८ गतेदेखि ३० गतेसम्म कपिलवस्तु जिल्लाको सदरमुकाम तौलिहवामा सञ्चालन हुन गैरहेको छैठौं प्राचीन कपिलवस्तु महोत्सवको तयारी ९० प्रतिशत पूरा भएको आयोजकले जनाएको छ । उद्योग वाणिज्य संघको कार्यालय तौलिहवा कपिलवस्तुमा सम्पन्न पत्रकार सम्मेलन मार्फत कपिलवस्तु जिल्लाको समग्र विकासको आधार, धार्मिक स्थलको प्रवर्द्धन, पर्यटन कृषि उद्योग र व्यापार भन्ने मुल नारा सहित चैत १८ देखि सञ्चालन हुने महोत्सवको तयारी करिब करिब पूरा भएको आयोजकले जनाएको छ । विगतका वर्षहरूभन्दा यस वर्ष धेरै स्टलहरू हालसम्म १ सयभन्दा धेरै स्टलहरू दर्ता भैसकेको र अझ थप दर्ता हुने बताइएको छ । यस वर्ष पनि विगतका वर्षहरूमा झैँ डान्स आइडोल, विभिन्न समुदायका कला संस्कृतिको प्रस्तुति कषि सामग्रीहरूको प्रदर्शनी रहने, पशुपति शर्मासहित दर्जनौ ख्याति प्राप्त राष्ट्रिय कलाकारहरूको प्रस्तुति रहने बताइएको छ ।

महोत्सवको उद्घाटन पूर्वप्रधानमन्त्री एवं नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले गर्ने कार्यक्रम तय भएको मूल आयोजक समितिका संयोजक गयादिन कुर्मीले बताए । सम्भवत: नेपालमै एक मात्र त्यस्तो महोत्सव प्राचीन कपिलवस्तु महोत्सव सञ्चालनको विगत ५ वर्षे अनुभवलाई हेर्दा सधैंका वर्षहरूमा भन्दा महोत्सवलाई नाफामा लैजानका लागि यस वर्ष महोत्सवमा केहि परिवर्तनहरू गर्ने तयारी रहेको तौलिहवा उद्योग वाणिज्य संघका अध्यक्ष गयादिन कुर्मीले बताए । यस वर्ष महोत्सव साँझ बरू चाँडै सुरू गरेर राती पनि चाँडै सम्पन्न गर्ने, उँटको अवलोकन गर्न सकिने, पहिले भन्दा अत्याधिक संख्यामा स्टलहरू राखिने, पहिले भन्दा व्यवस्थित किसिमले सञ्चालन गर्ने तयारी रहेको कुर्मिले जानकारी दिए ।

प्राचीन कपिलवस्तुको पहिचान र प्रर्वद्धनका लागि यस महोत्सवमा झण्डै कुल १ करोड बढिको कारोबार हुने र विगत ५ वर्षे इतिहासलाई उल्टाउँदै यस वर्ष भने महोत्सव नाफामा जाने अपेक्षा आयोजकले दावी गरेको छ । महोत्सवबाट हुने आम्दानीले तौलिहवा लुम्बिनी सडक खण्डमा प्राचिन लुम्बिनि प्रवेशद्धारा बनाउने बताइएको छ । पत्रकार सम्मेलन कार्यक्रम सघंका अध्यक्ष गयाद्धिन कुर्मिको अध्यक्षता, महासचिव अर्जुन चापागाँइको स्वागत महोत्सवका मिडिया संयोजक मणि प्रसाद गैह्रेको सञ्चालन र जिल्लामा क्रियाशिल सञ्चारकर्मिहरूको उपस्थितिमा सम्पन्न भएको थियो । पत्रकार महासंघका जिल्ला सचिव हरी अधिकारीले महोत्सवको प्रचार प्रसारमा पत्रकारले सहयोग गर्ने बताए ।



## स्वर्ण पदक विजेता यादवलाई सम्मान



काठमाडौं । नेपाल एथ्लेटिक्स सङ्घले हङकङमा सम्पन्न तेस्रो युथ एसियन एथ्लेटिक्स च्याम्पियनसिपमा स्वर्ण पदक विजेता खेलाडी अजितकुमार यादवलाई सम्मान गरेको छ । सङ्घले मंगलबार एक कार्यक्रमको आयोजना गरी यादवलाई सम्मान स्वरूप टिभिएस मोटरसाइकल प्रदान गरेको हो । अजितले हङकङमा भएको उक्त च्याम्पियनसिपको तीन हजार मिटर दौडमा नेपाललाई स्वर्णपदक दिलाएका हुन् । सङ्घका अध्यक्ष राजिव विक्रम शाहले विभिन्न समस्याका बाबजुत पनि अजितले नेपाललाई स्वर्ण दिलाएकोमा एथ्लेटिक्स सङ्घको मात्र नभई सिङ्गो नेपालको नाम उच्च भएको विचार व्यक्त गरे ।

## व्यापारिक मार्गमा कालोपत्रे द्रुत गतिमा

वीरगञ्ज । वीरगञ्ज-पथलैया व्यापारिक मार्ग सुधार योजनाअन्तर्गत वीरगञ्जदेखि परवानीपुरसम्मको ६ लेन सडक खण्डमा धमाधम कालोपत्रे गर्ने कार्य भइरहेको छ । पप्पु कन्स्ट्रक्सनले निर्माणको जिम्मा लिएको यो खण्डमा अहिले कालोपत्रेको काम द्रुत गतिमा भइरहेको आयोजनाले जनाएको छ । सो सडक खण्ड निर्माणको ठेक्का पप्पुले लुम्बिनी कन्स्ट्रक्सनसँग साझेदारीमा लिएको हो । २ वर्षमा पूरा हुने गरी २०७३ असारमा ठेक्का लगाइएको थियो । म्याद थपेर योजना पूरा गर्ने समयसीमा २०७६ असोजसम्म पुर्‍याइएको छ । वीरगञ्जको सुक्खा बन्दरगाहदेखि परवानीपुरसम्मको सो खण्डको अधिकांश काम तीव्र गतिमा भइरहेको पप्पु कन्स्ट्रक्सनका प्रबन्ध निर्देशक सुमित रौनियारले बताए । ५३ करोड रूपैयाँ लगातमा निर्माण भइरहेको सो खण्डमा माटो भर्ने, ग्राभेल र बेस निर्माण भएर कालोपत्रेको काम भइरहेको रौनियारले जानकारी दिए । समयसीमाभित्रै काम पूरा हुने विश्वास निर्माण कम्पनीको छ ।

## "मोदी चौकीदार"

काठमाडौं । छिमेकी मित्रराष्ट्र भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले नाम परिवर्तन गरी चौकीदार नरेन्द्र मोदी राखेका छन् । भारतमा आसन्न आम निर्वाचनलाई मध्यनजर गर्दै चुनावी नाराको रूपमा प्रधानमन्त्रीदेखि मन्त्रीहरूसमेतले आफ्नो नामको अगाडि चौकीदार राखेका हुन् । प्रधानमन्त्री नरेंद्र मोदी, बीजेपी अध्यक्ष अमित शाह, रेलमन्त्री पीयूष गोयलसमेत कैयौं नेताहरूले ट्विटरमा अपने नामको अगाडि चौकीदार शब्द जोडेका हुन् । प्रधानमन्त्री मोदीले शनिबारदेखि नै 'म पनि चौकीदार' अभियान सुरूवात गरेका हुन् ।

## स्थानीय सम्वाद

# प्रभावकारी बन्दैछ "छोरी जीवन बीमा"



**गंगा पासमान**

**नगरप्रमुख, कर्जन्हा नगरपालिका, सिरहा**

**संक्षिप्त परिचय**

**स्थापना : २०७३, ~~जम्मा वडा : ११,~~ जनसंख्या : ३०,९६५, क्षेत्रफल : ७६.८४ ( वर्ग कि.मी.), समावेश गाविसहरू : कर्जन्हा, बडहरामाल, कल्याणपुर कालबञ्जर र गौताडी**

**० तपाइँ जनप्रतिनिधिको रूपमा निर्वाचित भएर आएदेखि केकस्ता कामहरू गर्नुभयो ?**

– नगरप्रमुखको रूपमा म निर्वाचित भएर आएदेखि यहाँका जनताका आधारभूत आवश्यक्ता अनुसारका कामहरू अगाडि बढाएका छौं । स्वास्थ्य, शिक्षा, सडक, कृषिलगायत क्षेत्रमा लगनशील भएर काम गरिरहेको छु । यहाँ कर्मचारी अपुग भएका कारण चाहेजति काम गर्न सकिएको छैन । जसले गर्दा काम गर्न हामीलाई अलिकति अप्ठ्याराहरू आइरहेका छन् । नयाँ संरचनाअनुसार अहिले हामीसँग विभिन्न शाखाका कर्मचारीहरू अपुग छन् । हाम्रो नगरपालिकामा अहिले अधिकृत नै छैन ।

**० यस वर्षको बजेटमा के-के प्राथमिकतामा राख्नुभएको छ ?**

– कर्जन्हा नगरपालिका कृषिमा आधारित भएकाले हामीले यस वर्षको बजेटमा सबभन्दा प्राथमिकता कृषिलाई दिएका छौं । त्यसपछि स्वास्थ्य, शिक्षा, सडक, पर्यटन लगायतका शीर्षकहरूमा बढी बजेट लगाएका छौं ।

**० कृषिमा के-के योजनाहरू छन् ?**

– कृषिमा आत्मनिर्भर बनाउनका लागि हामी विभिन्न योजनाहरू ल्याएका छौं । सुख्खा क्षेत्रमा डीप बोडिङ्ग जडान गर्ने, सिंचाईका लागि विद्युत पुर्‍याउने, उन्नत जातका बीउबीजन अनुदानमा गराउने लगायतका कार्यक्रमहरू सञ्चालनमा छन् । कृषिमा सबभन्दा ठूलो समस्या सिंचाईको थियो, त्यसका लागि हामीले व्यवस्था मिलाएका छौं ।

**० नगरपालिकाको कामबाट कर्जन्हावासी कतिको सन्तुष्ट छन् ?**

– यहाँका जनता एकदम सन्तुष्ट छन् । वर्षौंदेखि जनप्रतिनिधिविहीनताको अवस्थामा अहिले हामी आएपछि सबै आवश्यक्ता त पूरा गर्न सकेका छैनौं तर, हाम्रो कामबाट जनता सन्तुष्ट नै छन् । जनताको अपेक्षा र आकांक्षा धेरै छन् । सबै एकचोटि पूरा गर्न नसकिए पनि पूर्वाधार विकासमा हामी ध्यान केन्द्रित गरेका छौं । हामीले कर्मचारी अभावका कारणले पनि चाहेजति काम गर्न सकिरहेका छौं । तर, जनताले स्थानीय सरकारको महसुस गरिरहेका छन् ।

**० स्थानीय निर्वाचनपश्चात् सिंहदरबार गाउँ-गाउँमा भनिन्थ्यो, सिंहदरबार गाउँ-गाउँमा गएको छ ?**

– हाम्रो नगरपालिकावासीले सिंहदरबार गाउँ-गाउँमा भन्ने नारा महसुस गरेका छन् । सिंहदरबारका अधिकारहरू गाउँ-गाउँमा आएका छन् तर कर्मचारी अभावका कारण द्रुतगतिमा विकास निर्माणको काम अगाडि बढाउन सकिरहेका छैनौं । तर, त्यसको अनुभूति जनताले गरिरहेका छन् ।

**० निर्वाचनका बेला जनतालाई केकस्ता आश्वासन दिनुभएको थियो ?**

– यहाँका जनजीवन कृषिमा आधारित रहेकोले कृषिमा आत्मनिर्भर बनाउने मुख्य प्रतिबद्धता थियो । त्यस्तै, सरकारी कामकाजमा सहजता प्रदान गर्ने, सुकुमवासीहरूको समस्या समाधान गर्ने, खानेपानीको समस्या समाधान गर्ने, सिंचाईको व्यवस्था गर्ने लगायतका प्रतिबद्धता दिएका थियौं । हामीले निर्वाचनका बेला जुन आश्वासन दिएका थियौं त्यहीं पूरा गर्न लागिपरेका छौं । हामीसँग कर्मचारी पूर्ति भइसकेपछि हामीले गरेका सबै प्रतिबद्धता पूरा गर्छौं ।

**० विकास निर्माणमा प्रदेश २ सरकारसँग नगरपालिकाको कस्तो सहकार्य हुँदैछ ?**

– प्रदेश र स्थानीय सरकारबीच सहकार्य भइरहेको छ । प्रदेश सरकारले केही योजनाहरू हामीलाई दिइरहेको छ । नगरपालिकामा के-के चाहिन्छ, प्रदेश सरकारले के गर्न सक्छ लगायतका विषयमा हामीबीच सम्वाद पनि जारी छ ।

**० प्रदेश सरकारले ल्याएको छोरी जीवन बीमा कर्जन्हा नगरपालिकामा लागू भएको छ ?**

– माघ १ गतेदेखि प्रदेश २ मा जन्मिने छोरी लखपति भएर जन्मिने प्रदेश २ का मुख्यमन्त्रीजीको प्रतिबद्धता पूर्णरूपमा लागू भएको छ । बेटी बचाउ, बेटी पढाऊ अभियानअन्तर्गत प्रदेश सरकारबाट निर्देशन भएको यो छोरी जीवन बीमाका लागि हामीले वडा-वडामा डाटा संकलन गरिरहेका छौं । यो योजनाले यहाँका जनता एकदम खुशी छन् । यो एकदम सराहनीय र स्वागतयोग्य योजना हो । अहिले हामीले तीन जना छोरीको दर्ता गराइसकेका छौं र अझ पनि माघदेखि जन्मिएका छोरीहरूको बारेमा खोजतलास गर्दैछौं । हामी सबै तथ्यांक संकलन गरेर यो योजना लागू गर्छौं ।

**० तपाइँ काम गरिरहँदा के कस्ता समस्याहरू आउँछन् ?**

– म एउटा दलित समुदायबाट प्रतिनिधित्व गर्छु । तराई-मधेशमा दलितलाई हेप्ने, छुवाछूत गर्ने प्रवृत्ति अहिले पनि समाप्त भइसकेको छैन । म भएकोले कतिपयले सानो सानो कुरामा असन्तुष्टि जनाउँदै विगतमा तोडफोड र आगजनी पनि भयो । हाम्रो समाजमा अहिलेसम्म पनि दलितलाई पूर्णरूपमा स्वीकार गर्न सकेको छैन । दलित भएकै कारण मलाई हेपिएको भन्ने महसुस भयो ।

**० तपाइँ हुँदा पनि दलित भएको कारण विभेदमा हुनुहुन्छ ?**

– मैले त्यो भोगेको हुँ । पहिलेदेखि जुन प्रवृत्ति छ त्यो हट्न सकेको छैन । दलित समुदायबाट निर्वाचित भएका मेयरलाई जुन हिसावले हेपियो त्यसले दलित समुदायमा सचेतना बढेको छ ।

**० तपाइँ आफ्नो कार्यभित्र यो नगरपालिकालाई कस्तो बनाउने सोच्नुभएको छ ?**

– म आफ्नो कार्यकालभित्र सबभन्दा पहिला यो नगरपालिकालाई आत्मनिर्भर बनाउँछौं । त्यसका लागि खेत-खेतमा पानी पुर्‍याउन विद्युतीकरण गर्ने, कमला नदीबाट हरेक किसानको खेतमा पानी पुर्‍याउने, किसानले उब्जाएको अन्नलाई व्यावसायीकरणका लागि बजार व्यवस्थापन गर्ने लगायतका मेरो मुख्य योजना छ । त्यस्तै, कमला नदीको छेउमा बाझो रहेको जमीनलाई प्लटिङ्ग गरेर व्यवसायमुखी योजनाहरू ल्याउने र बेरोजगारी समस्यालाई हटाउने छौं । त्यस्तै, पिछडिएका समुदायहरू खासगरी दलितहरूको जीवन उकास्नका लागि सबभन्दा बढी शिक्षामा जोड दिने, जनचेतना कार्यक्रम गरेर शीपमूलक तालिमको व्यवस्था गर्ने लगायतका क्षेत्रमा मेरो मुख्य ध्यान केन्द्रित छ । म आफ्नो कार्यकालमा स्वास्थ्य, शिक्षा, कृषिमा जनतालाई अनुभूति दिलाउने छु ।

## विश्व परिवेश

# पाकिस्तानका भयभीत अल्पसंख्यक

**परवेज हुडभोय**

कालो चादर ओढेर न्युजिल्यान्डकी ३८ वर्षीया प्रधानमन्त्री ज्यासिन्डा अर्डेन क्राइस्टचर्चस्थित मस्जिद आक्रमणका मृतकका परिवारसमक्ष पुगिन् । शोकाकुल महिलालाई अँगालो हालिन् । 'मुस्लिम अरू होइनन्, हामी हौं,' भनिन् । अस्ट्रिलियन हत्याराबारे अर्डेनले भनिन, 'तिमीले हामीलाई छान्यौ । हामी तिमीलाई पूर्ण अस्वीकार र निन्दा गर्छौं ।' बाइबल नछोई भगवानका नाममा कसम नखाई उनले १८ महिनाअघि प्रधानमन्त्रीको शपथ लिएकी थिइन् । 'धर्म होइन, सोचले महत्व राख्छ,' उनले भनेकी थिइन् । अहिले यस देशका अधिकांश जनता शोकमा छन् । घटनालगत्तै देशको झन्डा आधा झुकाइयो । जनताले राष्ट्रिय एकता प्रदर्शन गरे ।



अब चर्चा गरौं पाकिस्तानको, जहाँ सामूहिक हत्यामा राज्य र जनसमुदायले देखाउने व्यवहार फरक हुने गर्छ । सन् २०१४ मा पेसावर आर्मी स्कुलमा एक सय ३२ विद्यार्थीसहित एक सय ४९ को ज्यान जाने गरी भएको आपराधिक घटनाबाहेक अन्य घटनामा सर्वसाधारणले शोक वा आक्रोश देखाएको मलाई सम्झना छैन ।

सन् २०१० मेमा लाहोरस्थित दुई अहमदी धार्मिकस्थलमा ९४ जनाको ज्यान जाने गरी भएको घटना यसको साक्षी हो । घटनापछि कुनै राजनीतिज्ञ, मन्त्री वा ठूला व्यक्तित्वले मृतकका परिवारलाई भेट्न आवश्यक ठानेनन् । पूजाका लागि आएका निहत्था व्यक्तिले समातेर एक हतियारधारीलाई प्रहरीको जिम्मा लगाएका थिए । तर, उनी केही समयपछि रिहा भए ।

सेप्टेम्बर २०१३ मा पेसावरको अल सेन्ट्स चर्चमा लगातार गरिएका दुई आत्मघाती आक्रमण, जहाँ एक सय २७ जनाको मृत्यु भयो । दुर्भाग्य, त्यतिवेला पनि राष्ट्रियस्तरका अधिकांश नेता मौन बसे । इमरान खानले यस्ता आक्रमण बन्द गराउन तालिवान (टिटिपी) सँग वार्ता गर्नुपर्ने धारणा राखे, जब कि आक्रमणको जिम्मेवारी नै टिटिपीले लिएको थियो । पाकिस्तानका अल्पसंख्यक अहमदी, क्रिस्चियन, हजारा, हिन्दू र सिया कति सुरक्षित महसुस गरिरहेका छन् ? अल्पसंख्यक नागरिक मूलधारबाट टाढिनु र गुपचुप बस्नु उनीहरूभित्र जीवित अतिवादको त्रास मापन गर्ने एउटा बलियो आधार हुन सक्छ ।

नवजात शिशुको नामकरण नै यस्तो खतराको ठूलो प्रमाण हो । क्रिस्चियनलाई हेरौं, सन् १९५० ताका कराँचीका क्रिस्चियनको नाम बाइबलबाट जुराइएका हुन्थे । तर, अहिले क्रिस्चियन अभिभावक आफ्ना शिशुलाई इस्लामिक नाम दिन्छन् । उनीहरूले सुरक्षाका लागि यसो गरेका हुन् । तर, अघिल्लो महिना यो उपाय पनि तीन छोराछोरीसहितको एउटा सुखी क्रिस्चियन दम्पतीलाई काम लागेन । यी परिवारकी महिलामाथि एक यौनहिंस्रक पुरूषको आँखा लाग्यो । हातमा पेस्तोल बोकेका ती पुरूषले घरमा जबर्जस्ती छिरेर महिलाको अपहरण गरे । प्रहरीले सुरूमा त एफआइआर नै दर्ता गरेन । अन्त्यमा, दबाबपछि मात्रै दर्ता भयो ।

अल्पसंख्यक नागरिक मूलधारबाट टाढिनु र गुपचुप बस्नु उनीहरूभित्र जीवित अतिवादको त्रास मापन गर्ने एउटा बलियो आधार हो । दुई सातापछि विक्षिप्त अवस्थामा यी महिलालाई दर-उल-अमान लगियो । उनको शरीरका धेरै भागमा दाग थिए । १० दिनसम्म बलात्कार गरिएको उनको बयान थियो । मेडिकल जाँचका लागि श्रीमानले गरेको अनुरोध प्रहरीले अस्वीकार गर्‍यो, किनकि ती प्रहरीले देखाएको कागजअनुसार ती महिलाले धर्म परिवर्तनका लागि हस्ताक्षर गरिसकेकी थिइन् । अब उनी अपहरणकारीका पत्नीमध्येकी एक थिइन् । समस्या थप गहिरियो किनकि ती महिलाले फेरि क्रिस्चियन बन्न पाउने कानुनी बाटो थिएन । उनले दबाबमा आएर हस्ताक्षर गरेकी थिइन् भन्ने विषयले यहाँ अर्थ राखेन । अवश्य पनि अदालतले निर्णय गर्ने ठाउँ बाँकी थियो । तर, यस्ता मुद्दामा फैसला आउन धेरै महिनादेखि धेरै वर्षसम्म लाग्न सक्छ । अहिले यो परिवार लुकेर बसिरहेको छ । हत्यारा खुलेआम हिँडिरहेका छन् ।

२२ करोड जनसंख्या रहेको पाकिस्तानमा यस्ता उदाहरण धेरै छन् । यस्तो अवस्थामा अल्पसंख्यकले समाजमा कसरी आफू उभिएको अनुभव गर्न सक्छन् । दुर्भाग्य, आफू वरपरका व्यक्तिले देखाउने सहानुभूति औषधि होइन । दजनौं व्यक्ति अपहरित भएको विरोधमा इस्लामाबादमा विरोध ऱ्याली निकालियो । अपहरितमध्ये अधिकांश क्रिस्चियन थिए । उनीहरू बारम्बार भनिरहेका थिए- हामीले पनि पाकिस्तानका लागि लडेका छौं । यस्तो दुव्यर्वहार कतिन्जेल सहने ?

अल्पसंख्यक समुदाय बहुसंख्यकको जुत्तामुनि दबिइरहेको छ र उनीहरूले सत्य बोल्न सक्ने अवस्था छैन । संसारमा घृणाको जग बलियो बन्दै छ । तर, मलाई आशा छ, कुनै दिन कसैले ज्यासिन्डा अर्डेनलाई नोबेल शान्ति पुरस्कारका लागि मनोनीत गर्ने विषयमा सोच्नेछ । आशा छ, कुनै दिन पाकिस्तानले पनि उनीजस्तै प्रधानमन्त्री पाउनेछ ।

*– एजेन्सीको सहयोगमा*

# विखण्डनवादको मुद्दा समाप्त भयो, दीपावली गरे हुन्छ : प्रधानमन्त्री

काठमाडौं । प्रधानमन्त्री केपी शर्मा ओलीले नेपालबाट विखण्डनवादको मुद्दा समाप्त भएको घोषणा गर्दै नेपालीले अब दीपावली मनाउनुपर्ने धारणा राखेका छन् ।



सरकारले डा.सीके राउत समूहसँग गरेको सम्झौताप्रति टिकाटिप्पणी भइरहेको भन्दै यो नेपालीका लागि ठूलो उपलब्धि रहेको जिकिर गरे ।

प्रतिनिधिसभाको आइतबारको बैठकमा अधिवेशन समापनको मन्तव्य व्यक्त राख्दै प्रधानमन्त्री ओलीले भने, 'विखण्डनवादको मुद्दा एकदम गम्भीररूपमा बढिरहेको थियो, त्यो मुलुकको हितमा थिएन ।'

उनले त्यस्ता समूहहरूसँग सम्झौता गरेर विखण्डनवादको मुद्दालाई नेपालबाट समाप्त गरेको दाबी गर्दै त्यो दिपावली मनाउन नसकेकाहरूले आज दिपावली मनाउँदा हुने बताए ।

उनले संघीय लोकतान्त्रिक गणतन्त्र भिक्षा मागेर नल्याएको बताए । नेपाल कुनै हालतमा पछाडि फर्कन नसक्ने बताएका हुन् । "जोगीले फेरी लगाएजस्तो जनताले फालिसकेको राजतन्त्र ल्याउँछौं भन्दै केही मान्छे फेरी लगाएर हिंडेका छन्," प्रधानमन्त्री ओलीले भने, "२५० वर्षअघि घलेहरूले बुझेका थिए, जन्मसिद्ध राजा हुँदैन । दौडेरै भए पनि जित्नै पर्छ ।"

प्रधानमन्त्री ओलीले प्रतिगमनको सम्भावना नरहेको उल्लेख गर्दै अनावश्यक चलखेल नगर्न सचेत गराए । "लोकतन्त्र भिक्षा मागेर ल्याएको होइन । गाई र त्रिशूल खेलेर ल्याएको होइन । गणतन्त्र रगत बगाएर ल्याएको हो," प्रधानमन्त्रीको भनाइ छ, "राजतन्त्र-राजतन्त्र भनेर धेरै फट्याकफुटुक नगरे हुन्छ ।" विप्लव समूहलाई पटक पटक हिंसात्मक गतिविधि त्याग्न आग्रह गरेको स्मरण गर्दै प्रधानमन्त्री ओलीले सरकारले बाध्य भएर उक्त समूहका गतिविधि प्रतिबन्धित गरेको उल्लेख गरे । "लोकतान्त्रिक अभ्यासको उच्चतम अभ्यास चुनाव हुन नदिने, निर्दोष मान्छे मार्ने, अंगभंग गर्ने, यस्तो नगर्न आग्रह गरियो,"विप्लव समूह कतै दर्ता नभएको बताउँदै भने, "त्यस समूहका आपराधिक क्रियाकलाप माथि निषेध गरिएको हो । त्यसो गर्दा कतिलाई हनहनी ज्वरो आयो । बम पड्काउन पाउने, चन्दाका नाममा लुट्न पाउने कुरा लोकतन्त्रको नाममा हुन्छ ?"

विप्लव समूहका गतिविधि सरकारले नियन्त्रण गरेरै छाड्ने बताउँदै प्रधानमन्त्रीले तोकिएको समयभित्र हतियार बुझाउन अपिल गरे । "यस्ता तत्वलाई राज्यले नियन्त्रण गर्छ, अब ब्याक गियर छैन," उनले भने, "विप्लव समूहलाई हतियार बुझाउन समय दिएका छौं । लुरूलुरू हतियार लिएर आए हुन्छ । दुई तिहाईको-दुई तिहाईको भनिन्छ, दुई तिहाईकै सरकारको हो, यस्तो जथाभावी हुन दिइँदैन ।" अशान्तिको श्रृंखला लामो समय चल्न नदिने प्रधानमन्त्रीले स्पष्ट पारे । "कसैले कल्पना नगरे हुन्छ । निराशा छाडौ आशावादिताका साथ अघि बढौं," उनले भने, "निराश जनता देशका लागि घातक हुन्छ ।"

प्रधानमन्त्री ओलीले विकासका कामले तीब्रता पाएको बताउँदै भने, "मेरो स्वभाव प्रश्न गर्ने होइन, उत्तर दिने छ । समस्या खडा गर्ने होइन, समाधान दिने बानी छ, त्यसकारण विकास किन भइरहेको छैन भनेर चिन्तन मनन गर्ने होइन विकास गरेर देखाइन्छ ।"

प्रधानमन्त्री ओलीले उपयुक्त समयमा गिरिशचन्द लालको प्रतिवेदन सार्वजनिक गर्ने प्रतिबद्धता समेत व्यक्त गरे ।

उनले प्रतिवेदन सार्वजनिक गर्नकै लागि आयोगको गठन भएको र सो प्रतिवेदन सरकारले अध्ययन गरिसकेपछि सार्वजनिक गर्ने बताएका हुन् ।

# नेपाल लाइफको 'घातक रोग सुविधा योजना'

काठमाडौं । विगत १८ वर्षदेखि नेपाली जीवन बीमा क्षेत्रमा उत्कृष्ट सेवा तथा सुविधा प्रदान गरी आम जनमानसमा लोकप्रिय बनेको नेपाल लाइफ इन्स्योरेन्स कम्पनीले पछिल्लो पटक विभिन्न घातक रोगहरू (क्रिटिकल इल्नेस) को जोखिम बहन गर्ने बीमा योजना सार्वजनिक गरेको छ । कम्पनीले आफ्ना उच्च अधिकारी र एजेण्टहरूको उपस्थितिमा एक कार्यक्रमका बीच रू. ५० लाखसम्मको जोखीम वहन हुने **'घातक रोग सुविधा योजना'** नामक बीमा योजना सार्वजनिक गरेको हो ।



विभिन्न समयमा समयसापेक्ष उत्कृष्ट योजनाहरू ल्याइरहेको यस कम्पनीले समयको माग र सेवाग्राहीहरूको आवश्यकतालाई दृष्टिगत गरी यो योजना सार्वजनिक गरेको जानकारी दिएको छ । कम्पनीका प्रमुख कार्यकारी अधिकृत विवेक झाले भने, 'हामीले आमसर्वसाधारणलाई घातक रोग लाग्दा आइपर्न सक्ने आर्थिक संकटलाई दृष्टिगत गरी यो योजना अघि सारेका हौं । हाल विश्वव्यापी रूपमा बढ्दै गएको घातक रोगहरूको उच्च जोखिमबाट हुने क्षतिलाई न्यूनीकरण गर्न यो योजनाले हाम्रा सेवाग्राहीहरूलाई ठूलो सहयोग पुग्ने विश्वास लिएका छौं ।'

कम्पनीका अनुसार यो पूरक करार (थप सुविधा) लिएपछि बीमा अवधिमा तोकिएका घातक रोग लागेमा बीमाले जोखिम बहन गर्नेछ । साथै, साविकको योजना भने बीमा अवधिसम्म चालू रहनेछ । यस पूरक करारले थप जोखिम बहन गर्नेछ । ऐच्छिक सुविधा दिने पूरक करार पहिला कुनै पनि योजनाको जीवन बीमा गरेका बीमित वा नयाँ बीमितले तोकिएका शर्तहरू पूरा गरी यो थप सुविधा लिन सक्नेछन् ।

यस योजनामा क्यान्सर, अन्तिम चरणको मृगौला विफलता, प्राथमिक पल्मुनरी धमनी उच्च रक्तचाप, सिम्पटम्स मल्टिपल स्क्लेरोसिस, मुख्य अंग प्रत्यारोपण, ओपन चेष्ट सीएबीजी, महाधमनीको शल्यक्रिया, ओपन हार्ट सर्जरी वा मुटुका भल्भहरूको मर्मत, मष्तिस्कघात, माइयोकार्डिअल इन्फ्राक्सन वा पहिलो हृदयाघात, कोमा, पूर्ण अन्धोपन, स्थायी रूपले भएको अंगहरूको पक्षाघात, अन्तिम चरणको कलेजोको विफलता, अन्तिम चरणाको फोक्सोसम्बन्धी रोग, अल्जाइमर्स रोग, पार्किन्सन्स रोग, तेस्रो डिग्रीमा पोलेको/डढेको गरी विभिन्न रोगहरू समावेश गरिएको छ ।

यस योजनामा सहभागी हुन नियमित बीमाशुल्कमा न्यूनतम रकम मात्र थप गरे पुग्ने कम्पनीले जानकारी गराएको छ । जीवन बीमा बजारमा झण्डै एकतिहाइ भाग ओगटेको यस कम्पनीले विभिन्न योजनामार्फत सेवाग्राहीहरूलाई उच्चतम लाभ तथा प्रतिफल प्रदान गरिरहेको छ ।

कम्पनीले सन् २०१३, २०१४, २०१६ र २०१७ मा गरी चार पटक न्यू बिजनेस एज प्रालिद्वारा प्रदान गरिने 'बेस्ट म्यानेजमेण्ट अवार्ड' प्राप्त गरेको छ । साथै, विश्वव्यापी परामर्शदाता कम्पनी फ्रष्ट एण्ड सुलिभानद्वारा प्रदान गरिने 'बेष्ट प्राक्टिस अवार्ड २०१६' अन्तर्गतको फाइनान्सियल इन्ष्टिच्यूशन अफ द इयर-इन्स्योरेन्स कम्पनी' अवार्ड बाट सम्मानित भएको थियो । यो अवार्ड उत्कृष्ट सेवा सुविधा तथा व्यवस्थापन भएको कम्पनीलाई दिइने गरिन्छ ।

कम्पनीले आफ्ना बीमितहरूलाई ६५ देखि ८२ रूपैयाँसम्म प्रतिहजारमा बोनस दिई बीमा क्षेत्रमै सबैभन्दा उत्कृष्ट बोनस दिने अग्रणी इन्स्योरेन्स कम्पनीको रूपमा आफूलाई उभ्याउन सफल भएको छ । नेपालको बीमा बजारमा एकतिहाइ बजार हिस्सा ओगटेको यस कम्पनीको चुक्ता पुँजी ४ अर्ब ४० करोड रूपैयाँ रहेको छ । साथै सर्वाधिक जीवन बिमा कोष ५९.४९ अर्ब, सर्वाधिक लगानी ६५.९८ अर्ब, १,१६,००० भन्दा बढी सर्वाधिक प्रशिक्षित अभिकर्ता, १७० शाखाहरूबाट हालसम्म स्वदेश र विदेश गरी २५ लाख भन्दा बढी व्यक्ति यस कम्पनीमा बीमित भइसकेका छन् ।

## जिल्ला समाचार

### ५ वडामा फोरमको कमिटी गठन

राकेश यादव, रौतहट । रौतहट जिल्लाको १८ वटै स्थानीय तहमा संघीय समाजवादी फोरम नेपालको वडा अधिवेशन तीव्र रूपमा भइरहेको छ । पार्टी केन्द्रीय कार्य समितिले जारी गरेको सर्कुलेशन अनुसार वड़ा, नगर अधिवेशनको कार्य शुरू गरिएको हो । माधव नारायण नगरपालिकाका ५ वटा वडाको विधिबत अधिवेशन सम्पन्न भाइसकेको जिल्ला इन्चार्ज विन्देश्वर यादवले जानकारी दिएका छन् । चैत्र महिना भित्रमा पार्टीको जिल्ला अधिबेशन सम्पन्न गर्ने लक्ष्यको साथै वडा नगर अधिबेशन गर्ने कार्य भैरहेको इन्चार्ज यादवले बताए । माधव नारायण नगरपालिका वडा नम्बर ४ मा रामईश्वर राय यादवको अध्यक्षतामा १३ सदस्यीय, वड़ा नम्बर ५ मा मेघु साहको अध्यक्षतामा २५ सदसीय वडा कमिटी गठन गरिएको छ । जिल्ला सहसंयोजक श्यामविहारी यादव, नगरप्रमुख वीरेन्द्र प्रसाद यादवको विशेष उपस्थितिमा वडा कमिटी गठन गरिएको छ । वडा नम्बर ७ मा राम उपनेत महतोको नेतृत्वमा २१ सदस्यीय, वडा नम्बर ८ मा रमेश गिरीको अध्यक्षतामा २१ सदस्यीय तथा वडा नम्बर ९ मा सुरेश सहनीको अध्यक्षतामा ११ सदस्यीय वडा कमिटी गठन भएको जिल्ला संयोजक यादवले जनाएका छन् । चैत्र २२ गतेसम्म सम्पूर्ण नगर, वडाको अधिवेशन सम्पन्न हुने त्यसपछि जिल्ला अधिवेशनको तयारीमा जुट्ने जिल्ला कार्य समितिले जनाएको छ ।

### आगलागीबाट ११ घर र ५ गोठ जलेर नष्ट

मणि प्रसाद गैह्रे, कपिलवस्तु । जिल्लाको शिवराज नगरपालिका ६ पैकीवण्डामा शुक्रबार भीषण आगलागी भएको छ । आगो बुधई कुर्मीको घरबाट सल्किएको थियो । आगलागीबाट ११ घर र ५ गोठ जलेर नष्ट भएका छन् भने करिब ५५ लाख बराबरको क्षति भएको अनुमान प्रहरीले गरेको छ । आगलागीबाट बुधई कुर्मी, वहब मुसलमान, इलाकत मुसलमान, हरिद मिया, राहत मिया, अब्दुल मुसलमान, भगवती पाल, अब्दुल कलाम मुसलमान, सनिउल्ला मिया, समीम नाउ, मन्जुर नाउ, वर्मा कुर्मी, कोदई कुर्मी, किसलावती कुर्मी, मिताउल्ला मिया र बरसती मुसलमानको घर जलेको प्रहरीले बताएको छ । यस्तै आगलागीबाट अन्दाजी ४५ वर्षीय समिउल्ला मिया घाइते भएका छन् भने उनको अहिले स्थानीय स्वास्थ्य संस्थामा उपचार भइरहेको प्रहरीले जनाएको छ । आगलागीबाट १ गाई पनि मरेको छ भने २ गोरू घाइते भएको बताइएको छ । शुक्रबार दिउँसो अत्याधिक हावाहुरी चलेको थियो । आगलागीबारे अनुसन्धान भैरहेको प्रहरीले जनाएको छ । यसअघि पनि शिवराज नगरपालिकाको वनकसावासमा भीषण आगलागी भएको थियो । वनकसावासमा ४ घर जलेको थियो । जिल्लामा प्रत्येक वर्ष हावाहुरी सुरू हुन साथ आगलागी हुने गरेको छ ।

### हिन्दू राष्ट्रका लागि आन्दोलन गर्ने चेतावनी

वीरगंज । हिन्दू युवा परिषद् वीरगंज नगर कमिटीको बैठक मंगलबार सम्पन्न भएको छ । बैठकमा युवाहरूलाई निर्देशन दिँदै सम्पूर्ण नेपालीहरूको पहिचानका लागि हुने आन्दोलनमा युवाहरूको महत्वपूर्ण भूमिका हुनु पर्ने कुरामा जोड़ दिएका थिए । नेपाललाई पुन: हिन्दू राष्ट्र बनाउनका लागि आगामी दिनमा हुने आन्दोलनमा युवा जमातले नेतृत्वदायी भूमिका हुनु पर्ने धारणा राखेका थिए । नेपालमा कम्युनिस्ट सरकार माथि क्रिष्चन तन्त्र हाबी भएकोले सचेत एवं सजक हुने बेला आएको परिषद्का केन्द्रीय अध्यक्ष सन्तोष पटेलले बताए । गैरहिन्दूहरूले हालका दिनमा नेपालका विभिन्न जिल्लामा आतंक मचाउने र हिन्दूका आस्थासँग खेलवाडका घटना हुँदा राज्य मुकदर्शक हुनुले देशी विदेशी शक्ति केन्द्रले सुनियोजित तरिकाले प्रहार गरिरहेको पटेलले बताए । आफ्ना पहिचान र स्वभिमानका लागि आफ्ना पार्टी भन्दा माथि उठने बेला आएको बताए ।

### विप्लवका मोरङ इन्चार्ज पक्राउ

विराटनगर । प्रहरीले नेत्रविक्रम चन्द'विप्लव' समूहको नेपाल कम्युनिष्ट पार्टीको मोरङ इन्चार्ज कृष्णकुमार श्रेष्ठ (प्रज्वल) लाई पक्राउ गरेको छ । श्रेष्ठलाई आज मोरङबाट पक्राउ गरी अनुसन्धानका लागि इलाका प्रहरी कार्यालय धरान लगिएको छ । यसअघि सोही समूहका दुई कार्यकर्तालाई प्रहरीले पक्राउ गरेको थियो ।

### नागरिक अभिनन्दन

बाँके । सिद्धबाबा नागरिक अभिनन्दन मूल समारोह समिति कर्णाली प्रदेश सुर्खेतद्वारा 'नागरिक अभिनन्दन' कार्यक्रमको आयोजना भएको छ । सो कार्यक्रममा कर्णाली प्रदेशका प्रमुख दुर्गाकेशर खनालले मानवीय विकासले मात्रमा समाजमा सुख शान्ति मिल्ने बताएका छन् । महायोगी सिद्धबाबा अध्यात्मिक प्रतिष्ठान भक्तपुर नेपालका संस्थापक तथा आजीवन अध्यक्ष कृष्णदासजी महाराजले आफ्नो जन्मभूमिको सर्वाङ्गीण विकासका लागि भेदभावरहित 'भित्र पसेर हेर र माथि उठेर सोच' भन्ने उक्तिबारे विश्लेषणात्मक प्रस्तुति राखेका थिए ।

### श्रम कार्यालय सार्न मन्त्रीको निर्देशन

रूपन्देही । श्रममन्त्रीको निर्देशनपछि बुटवलको चाँदबारीस्थित श्रम तथा रोजगार कार्यालय शुक्रबारदेखि बुटवलकै रामनगरमा सर्ने भएको छ । गत फागुन २२ गते श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री गोकर्ण विष्टले निरीक्षण गर्ने क्रममा साँघुरो ठाउँमा भएका कारण सेवाग्राहीलाई समस्या हुने भएकाले पाँच दिनभित्र कार्यालय सार्न निर्देशन दिएका थिए । गत पुस १५ गतेदेखि चाँदबारीमा सञ्चालनमा आएको श्रम तथा रोजगार कार्यालय साँघुरो ठाउँमा राखिएको कारण सेवाग्राहीले पटक पटक सेवा लिन असजिलो भएको गुनासो गर्दै आएका थिए ।

### नि:शुल्क स्वास्थ्य शिविर सम्पन्न

जलेश्वर । महोत्तरी जिल्लाको जलेश्वरनाथ नगरपालिका वडा नं. ४ सुगामा सोमबार नि:शुल्क स्वास्थ्य शिविर गरिएको छ । चित्राँश सेवा समिति सुगाको आयोजना र शशिवंशी दत्त मोती देवी ट्रष्टको सहकार्यमा चित्राँश सेवा समितिको भवनमा एकदिने विशेषज्ञ नि:शुल्क स्वास्थ्य शिविर गरिएको चित्राँश सेवा समितिका अध्यक्ष विष्णुचन्द्र लालले जानकारी दिएका छन् । काठमाडौंस्थित वीर अस्पताल, शिक्षण अस्पताललगायत अन्य अस्पतालमा कार्यरत विशेषज्ञ चिकित्सकहरूद्वारा गरिएको सो स्वास्थ्य शिविरमा विभिन्न वडाका विरामीहरूले स्वास्थ्य सेवा लिएको जनाइएको छ । सात जना विशेषज्ञ डाक्टरहरूको सेवा लिन विहानैदेखि शिविरमा घुँइचो लागेको थियो । सो स्वास्थ्य शिविरमा हाड, जोर्नी तथा नशा रोग विशेषज्ञ डा.दिपक दत्त, नाक, कान, घाँटी रोग विशेषज्ञद्वय डा. हिमपाली दास र रवि महथा, युरो सर्जन डा.अमरेश कर्ण, बालरोग विशेषज्ञ डा.अमलेन्द्र यादव, दाँत रोग विशेषज्ञ डा.प्रियंवदा कर्ण, आँखा रोग विशेषज्ञ डा.विकासकुमार साहले विरामीहरूलाई उपचार गरेका छन् । सो स्वास्थ्य शिविरमा तीन सयभन्दा बढी विरामीहरूले स्वास्थ्य जाँचका साथसाथै नि:शुल्क औषधी प्राप्त गरेको आयोजक समितिका सचिव अर्पणकुमार कर्णले बताए । उनले शिविरमा ल्याव टेक्निसियन दिपेश कर्णले समेत ल्याव सेवा उपलब्ध गराएको जानकारी दिए ।

### आगलागीबाट तीन लाखको क्षति

मोरङ । मोरङमा आगलागी हुँदा तीन लाखभन्दा बढीको धनमाल जलेर नष्ट भएको छ । धनपालथान गाउँपालिका-३ टिटैया बस्ने नारायणकुमार मण्डलको चिया नास्ता पसल र सोही ठाउँ बस्ने मनोज मण्डलको परालमा सोमबार बिहान आगलागी हुँदा अनटेस्ट लेखिएको मोटरसाइकल र पसल जलेर करिब ३ लाख रूपैयाँ बराबरको धनमाल नष्ट भएको छ । स्थानीय बासिन्दा र दमकलको सहयोगमा प्रहरीले आगलागी नियन्त्रणमा लिनुका साथै यस सम्बन्धमा आवश्यक अनुसन्धान गरिरहेको छ ।

### कीटनाशक झुल वितरण

बाँके । लामखुट्टेबाट सर्ने रोगबाट जोगउन बाँकेको डुडुवा गाउँपालिकाले किटनाशक झुल वितरण गरिएको हो । वडा २ बेतहनीका बासिन्दालाई किटनाशकयुक्त झुल वितरण गरिएको हो । वडा नं. २ बेतहनी अन्तर्गतका विभिन्न गाउँका छ हजार बढीलाई झुल वितरण गरिएको गाउँपालिकाले जनाएको छ । बाँके जिल्लाको डुडुवा ३ र बैजनाथ गाउँपालिकाको वडा नं. १,२ र ३ औलोको उच्च जोखिममा रहेकोले सोबाट बच्नका लागि किटनाशकयुक्त झुल वितरण गरिएको छ । ५ बर्षभन्दा माथिको उमेरका दुई जना बराबर एकवटाका दरले झुल वितरण गरिएको छ ।


राजपा पार्टी नेपालले जातिवाद ,नातावाद र द्रव्यबादमा मस्त भएको, समानुपातिक र समावेशी सिद्धान्तको उपेक्षा गरेको र तानाशाही प्रवृति अंगीकार गरेकोले सबै मिलेर पार्टीको हितमा शुद्धीकरण गर्न अग्रसारित होउ । **सत्यनारायण मण्डल**


सीके राउतसँग जोडिएको सवाल हो, 'विकल्प सहमति हो वा मुठभेड'र ? स्पष्टता देखाउन सकेनन् भने संस्थापनको असमञ्जस कठोरतामा परिणत हुन बेर लाग्दैनर । छिमेकीका आशय नबुझिने किसिमका छैननर् । सीकेले राजनीतिक जटिलता बुझ्न ढिलो गर्दै गए भने मधेशमा फेरि नयाँ थिचोमिचो सुरू हुन्छ र । **चन्द्रकिशोर**


आफूलाई मधेशी नठान्ने बने मधेशी आयोगका अध्यक्ष । पदका लागि नैतिकता बिर्सनेहरूको नेपालमा खडेरी कहाँ छ र । त्रिविका एक प्रोफेसरले भन्दै थिए,'जसले ढोग, नमस्कार र स्तुतिगानलाई आफ्नो रूटिङ बनायो,उसले नै नेपालमा बाजी मार्ने हो । **दिनेश यादव**


शिवानी र दिक्षा नेपालगन्जका दुई दिदी बहिनीले मुद्दा लडेर आमाको नामबाट नागरिकता लिए । जागिरको लागि संघर्ष गर्दैछन् । नेपालगन्जका नामी शिक्षक स्वर्गिय अनिरूद्र सिंह जसले कैयौंलाई देशको उच्च ओहदामा पुग्न लायक बनाए, उनकै सन्तानले यस्तो सास्ती भोग्नु पर्यो । **मोहना अन्सारी**


मूलधारको राजनीतिमा प्रवेश गर्ने डा. सीके राउतको निर्णयले फोरम, राजपा र विप्लव प्रभावित हुने निश्चित छ भने डा. राउत मधेश कित्ता छोडेर नेकपा कित्तामा गए हृदयेश त्रिपाठीहरू जस्तै एक्लिने सम्भावना पनि छ । अर्कोतर्फ डा. राउतले विगतमा स्वतन्त्र मधेश अभियानका क्रममा बनाएको निडर र इमान्दार व्यक्तित्वको छबि बचाउन सके अखण्ड नेपालसहित मधेशीहरूको अधिकारको संघर्षमा सहयोग पुग्ने पनि निश्चित छ । **अजय साह शिवाली**


नागरिकता लिन उमेर पुगेको व्यक्तिले जसको नामबाट नागरिकता लिन्छु भनेर प्रमाण पेश गर्छ उसकै नाममा नागरिकता दिऊँ । नागरिकता पाउने व्यक्तिको अधिकार हो भने राज्यको कर्तव्य । बाबु मात्रैले सन्तानलाई नागरिकता दिलाउन सक्दा, जन्म दिने आमाले सन्तानलाई नागरिकता दिलाउन नसक्ने ? संसदमा पेस भएको नागरिकता संसोधन बिधेयक सच्याईयोस् । **संगीता रेग्मी**


राष्ट्रियता खतरामा पार्न नागरिकता नै बोक्नु पर्छ र ? फेरि देशमा अचकाली के छ र सबका सब नेपाली बन्न ओइरिने, यो केवल पितृसत्तात्मक मानसिकता हो, अरूले माग्दा रमाउने र दिएको वा दिन अनकनाउँदा ठूलो भए भन्ने मानसिकता । **समा थापा**


मधेशको यथार्थ बुझ्न खोज्दैछु तर मलाई मधेशलाई बुझ्न् डर लाग्छ । किनभने, जुनदिन मधेशको यथार्थ बुझ्ने छु त्यो दिन नेपाली हुनुको परिचय गुमाउने छु र म यो कदापि चाहन्न, किनभने म मधेश सहितको नेपाल चाहन्छु । **आदित्य नेपाल**


यो भन्दा अगाडि चीनबाट अनुदानमा आएका करोडौं मूल्य बराबरको ब्रुमर समयमै मर्मतसम्भार नगर्दा प्रयोगहीन छन् ।अनि राजधानीमा सडक विस्तार गर्ने, खानेपानी पाइपलाइनका लागि सडक खन्ने, ढल निर्माणका लागि सडक खोतल्ने, बिजुली र सोलारका लागि पोल बनाउने काम पनि रोकिएको छैनन् यस्तो अवस्थामा २ करोड १५ लाख १७ हजार ४ सय ३६ रूपैया मा ल्याइएको ब्रुमरको के काम ? **रमिता यादव**

# प्रोपोगण्डा...

पुऱ्याउनुलाई दुर्भाग्यपूर्ण भनेर कडा शब्द पत्रमा उल्लेख गर्नुले सत्ता नछाडेसम्म वार्तासमेत उसको भित्री मनासाय देखिन्छ ।

फोरम सत्तामै छ भने राजपा संघीय सरकारलाई दिएको समर्थन फिर्ता लिएर प्रतिपक्षी कित्तामा उभिएको छ । राजनीतिका यी दुई ध्रुवबीच यही अवस्थामा एकता कसरी होला त ? राजपाका तत्कालीन संयोजक महेन्द्र राय यादवले पठाएको पत्रमा पार्टी एकता र एजेण्डा सम्बोधनका लागि फोरमले साहसिक निर्णय गर्नुपर्ने प्रस्ताव राखिएको छ । साहसिक निर्णय भनेको फोरमले सत्ता त्याग्नुपर्ने माग हो भन्ने बुझ्न कठिन छैन ।

**सीके राउतको डर**

पृथक मधेशको नारालाई छाडेर मूलधारको राजनीतिमा सीके राउतको अवतरण पछि त्यसको झट्का सबैभन्दा बढी फोरम र राजपालाई नै लागेको छ । के सीके राउतले मधेशमा वर्षौंदेखि राज गरिरहेको शक्तिलाई 'मिनिमाइज' गर्न सक्छ त ? यो प्रश्न अहिले जोडतोडका साथ उठिरहेको छ । तर राउत मधेशको राजनीतिमा कति टिक्छन् भन्ने प्रश्न पनि उठ्न थालेको छ ।

राउत मूलधारको राजनीतिमा आएपछि मधेशको जनमत प्राप्त राजपा र फोरम झस्किएका छन् । उनीहरू सरकारले देश विखण्डनको नारा लिएर अघि बढेका राउतलाई मूलधारमा ल्याएर गलत काम गरेको आरोप लगाउँदै आएका छन् ।

राउत मूलधारको राजनीतिमा आएसँगै फोरम र राजपामा चुनौती थपिएको छ । किनभने यी दुई पार्टीलाई अब मधेशमा राजनीति गर्न अप्ठयारो हुनेछ । दुवै दलले विगतमा गरेको गल्ती, सत्ताका लागि देखाएको लोभ, मधेशी जनतासँग गरेको वाचा पूरा नगरेका कारण उनीहरूको राजनीतिमा सीके राउतको प्रवेशले झनै अप्ठ्यारो आउन सक्छ ।

मधेशकेन्द्रित दलको मनमा राउतको डर भए पनि राउतले चुनौती दिन सक्ने वा नसक्ने अहिले नै भविष्यवाणी गर्न सक्ने आधार छैन ।

यसर्थ पछिल्लो समय राउतको चुनौतीले राजपा र फोरम एक हुन लागेको विश्लेषण गरिन्छ । मूलधारको राजनीतिमा राउत आएसँगै असुरक्षित महसुस गरेर यी दुई दलले एकताका लागि चिठी आदानप्रदान गर्नु पनि यसैको संकेत हो ।

# सचिवस्तरीय बैठक सुरु



काठमाडौं । भारतका विदेश सचिव विजय गोख्ले नेपालको दुई दिवसीय औपचारिक भ्रमणमा काठमाडौं आएका छन् । आफ्ना नेपाली समकक्षी शङ्करदास वैरागीसँग भारत-नेपाल सम्बन्धका सबै पक्षमा विचारविमर्श गर्न उनी नेपाल आएका हुन् ।

नेपाल आएका गोख्ले र नेपालका विदेश सचिव शङ्करदास वैरागीबीच भेटवार्ता भएको छ । दुई सचिवको नेतृत्वमा द्विपक्षीय वार्ता भएको हो । सचिव गोख्लेका साथ सहसचिव सुधाकर दलेला पनि भ्रमण दलमा सहभागी छन् ।

प्रधानमन्त्री केपी शर्मा ओली र परराष्ट्रमन्त्री प्रदीपकुमार ज्ञवालीसँग उनले बेग्लाबेग्लै शिष्टाचार भेट गर्ने कार्यक्रम रहेको परराष्ट्र मन्त्रालयले जनाएको छ । करीब १५ महीनाअघि विदेश सचिवमा नियुक्त गोख्लेको यो पहिलो औपचारिक भ्रमण हो । भारतको विदेश सचिवमा नियुक्त भएपछि पारस्परिक विषयमा छलफल गर्न नयाँ दिल्लीबाट उच्च कूटनीतिक अधिकारीले नेपाल भ्रमण गर्ने परम्परा छ ।

# भारतद्वारा रामेछापमा क्याम्पस भवन निर्माण



काठमाडौं । छिमेकी मित्रराष्ट्र भारतको सहयोगमा रामेछाप जिल्लाको बाम्ती भण्डार स्थित सिद्धेश्वर शिक्षा सामुदायिक क्याम्पसका लागि भवन निर्माण भएको छ ।

निर्मित क्याम्पस भवनको औपचारिक उद्घाटन बिहीबार जिल्ला समन्वय समिति तथा क्याम्पस व्यवस्थापन समितिले संयुक्त रूपमा आयोजना गरेको एक सार्वजनिक कार्यक्रम बीच गरिएको छ ।

सन् १९६३ मा स्थापित तथा त्रिभुवन विश्वविद्यालयसँग सम्बद्ध सिद्धेश्वर शिक्षा सामुदायिक क्याम्पसमा हाल १००० विद्यार्थीहरू अध्ययनरत छन् । सन् २००६ देखि यस क्याम्पसले स्नातक तहका कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ । सिद्धेश्वर शिक्षा सामुदायिक क्याम्पस रामेछाप जिल्लाको प्रतिष्ठित शैक्षिक संस्थाको रूपमा परिचित छ ।

भारत सरकारको रू ३.५५ करोड अनुदान सहयोगमा निर्मित यस तीनतल्ले नयाँ भवनमा १२ वटा कक्षाकोठा रहेका छन् । संकाय, प्रधानाध्यापक, पुस्तकालय, बैठक, लेखाशाखा, प्रयोगशाला, भण्डारणका लागि एक-एक कोठा तथा प्रत्येक तलामा छात्र छात्राका लागि शौचालय निर्माण गरिएका छन् ।

यस नवनिर्मित संरचनाले विद्यार्थीहरूको सिकाई वातावरणलाई अभिवृद्धि गर्ने मात्र नभई रामेछाप तथा यस जिल्लासँग जोडिएका अन्य क्षेत्रका गरिब तथा सीमान्तकृत विद्यार्थीहरूको शिक्षामा पहुँच समेत बढाएको छ ।

# नेकपा नेता खनालद्वारा भारतमा सम्बोधन



काठमाडौं । पूर्वप्रधानमन्त्री झलनाथ खनालले व्यक्तिगत वा मानसिक शान्ति तथा सामाजिक शान्ति बहुआयामिक विधिबाट सम्बोधन गरिनुपर्ने बताएका छन् । भारतको केरला, त्रिवेन्द्रम पोथेनकोडमा भएको सन्तगिरि आश्रम हीरक जयन्तीका अवसरमा आयोजित सभालाई सम्बोधन गर्दै उनले मानसिक शान्ति मैत्री, करूणा, दया, संयम, नम्रता, क्षमा, अहिंसा, प्रेम र अहङ्कारबाट तथा सामाजिक शान्ति सामाजिक न्याय र विकासबाट प्राप्त हुन सक्ने स्पष्ट गरे ।

उनले आश्रमले चलाएको सनातन गुरूशिष्य परम्परा, लोकोपकारी र मानवीय गतिविधि तथा धर्मनिरपेक्ष आध्यात्मिकता र सांस्कृतिक सद्भावको अभियान नेपालमा पनि चलाउनका लागि आश्रमसँग मिलेर काम गर्न सकिने बताए । कार्यक्रममा उनले पद्भूषण भरत मोहनलाललाई मलायम सिनेमामा दिएको योगदानवापत सन्तगिरि प्रणव पद्म पुरस्कार पनि प्रदान गरे ।

# दार्जिलिङमा नेपाल-भारतका साहित्यकारको जमघट हुने




काठमाडौं । भारतको दार्जिलिङमा शुक्रबारदेखि 'सांग्रीला दार्जिलिङ लिटरेचर फेस्टेभल' हुने भएको छ । महोत्सवमा कला, साहित्य, राजनीति र नेपाल भारत सम्बन्धका विषयमा विभिन्न सेसनमा बहस तथा अन्तरक्रिया हुनेछ । ३ दिनसम्म चल्ने उक्त महोत्सवमा नेपाल र भारतका साहित्यकारको उपस्थिति रहनेछ । साथै, नेपालको फिल्मी र राजनीति क्षेत्रका व्यक्तित्वको पनि विभिन्न सेसनहरू रहेका छन् ।

# सरकार संस्थागत भ्रष्टाचार गर्दै : संग्रौला

मणि प्रसाद गैह्रे, कपिलवस्तु । नेपाली कांग्रेसका केन्द्रीय सदस्य एवं संघीय सांसद डा.डिला संग्रौलाले बर्तमान केपी ओली नेतृत्वको सरकारले संस्थागत रूपमै नै भष्टचार गरी राज्यकोषको दुरूपयोग गरेको आरोप लगाएकी छन् । नेपाल प्रेस युनियक कपिलवस्तुले तौलिहवामा राखेको पत्रकार सम्मेलनमा वोल्दै संग्रौलाले जनतालाई सवृद्धिको नारा दिएर सरकार कानुनको खिलाप गर्दै भ्रष्टाचारमा लिप्त रहेको उनले बताइन् ।

# "प्रारम्भिक पढाई बलियो हुनुपर्छ"

वीरगंज । संघीय समाजवादी फोरम नेपालका पर्सा जिल्ला अध्यक्ष एवम सांसद प्रदिप यादवले बालबालिकाहरूको प्रारम्भिक पढाई मजबुत भयो भने मात्र भविष्य मजबुत हुने बताएका छन् । श्री नेपाल राष्ट्रिय प्राथमिक विद्यालय प्रसोतीपुर लालपर्साले आयोजना गरेको राष्ट्रिय प्रारम्भिक कक्षा पढाई कार्यक्रमलाई सम्बोधन गर्दै सांसद यादवले घर बनाउँदा जसरी जग मजबुत बनाउनु पर्छ त्यसैगरी बच्चाहरूको भविष्य बनाउन उनीहरूको जगको रूपमा रहेको प्रारम्भिक पढाई मजबुत बनाउनु पर्नेमा जोड दिए । हाम्रो बेलामा प्रारम्भिक पढाईको त्यती व्यवस्थापन हुँदैनथ्यो र कक्षा १ देखि पढाई हुन्थ्यो तर अहिले बालबालिकाहरूलाई थप मजबुत बनाउन प्रारम्भिक पढाई सुरू गरिएकोमा सो कार्यक्रमको सांसद यादवले प्रशंसा समेत गरे ।

## आर्थिक समाचार

# ग्लोबल आईएमईको शाखा श्रीनगरमा



काठमाडौं । ग्लोबल आईएमई बैंक लिमिटेडले सल्यान जिल्लाको श्रीनगरमा शाखा कार्यालय स्थापना गरेको छ । सल्यानको श्रीनगर र आसपासका बासिन्दालाई सेवा पुऱ्याउने उद्देश्यले खोलिएको शाखाको कर्णाली प्रदेशका आर्थिक मामिला तथा योजनामन्त्री प्रकाश ज्वालाले उद्घाटन गरे । उनले श्रीनगर तथा वरपरको क्षेत्रको आर्थिक विकास तथा गतिविधि र बैकिङ सेवाको पहुँचका लागि बैंकले यस क्षेत्रमा शाखा विस्तार गरेकोमा खुसी व्यक्त गरे । क्षेत्रको आर्थिक विकासमा ग्लोबल आईएमई बैंकले महत्वपूर्ण भूमिका निर्वाह गर्ने उनले विश्वास व्यक्त गरे । बैंकका अध्यक्ष चन्द्रप्रसाद ढकालले यस क्षेत्रका स्थानीयको निक्षेप यसै क्षेत्रमा लागानी गर्ने र व्यापार व्यवसाय विस्तार गर्न सहयोग पुग्ने बताए । बैंकले सबै क्षेत्र र वर्गसम्म बैंकिङ सेवाको पहुँच पुऱ्याउने उद्देश्यले विभिन्न स्थानमा शाखा, एक्सटेन्सन काउन्टर तथा शाखारहित सेवा प्रदान गर्दै आइरहेको छ ।

# एनआईसीमा रायमाझी

काठमाडौं । एनआईसी एसिया क्यापिटलको ५५ औं सञ्चालक समितिको बैठकले रमेन्द्र रायमाझीलाई कम्पनीको प्रमुख कार्यकारी अधिकृतमा नियुक्त गरेको छ । रायमाझीले ११ वर्षभन्दा बढी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय वित्तिय क्षेत्रको अनुभव हासिल गरेका छन् । विगतको कार्यसम्पादन तथा कार्य अनुभवबाट उनको कार्यकालमा कम्पनीको समग्र व्यवसाय विस्तार हुनुका साथै क्यापिटलबाट प्रदान गरिने सम्पूर्ण सुविधा उत्कृष्ट हुने कम्पनीको विश्वास छ । क्यापिटलले सेवाग्राहीको सहजतालाई मध्यनजर गर्दै उच्चतम प्रविधि तथा उत्कृष्ट जनशक्तिको सहायताबाट गुणस्तरीय सेवा प्रदान गर्दै आएको छ ।

# एभरेस्टका ग्राहकलाई नगद १०%

काठमाडौं । एभरेस्ट बैंकले ग्राहकका लागि विशेष योजना ल्याएको छ । बैंकका कार्ड होल्डरले हरेक खरिदमा १० प्रतिशत नगद फिर्ता पाउने योजना ल्याएको हो । बैंकका ग्राहकले रेस्टुरेन्ट, होटल, मल र सुपरमार्केटमा भिसा कार्डमार्फत भुक्तानी गर्दा १० प्रतिशत रकम उनीको खातामा फिर्ता हुनेछ । 'सर्भिस वीथ स्माइल' नारासहित आकर्षक योजना सार्वजनिक गरेको बैंकको ९२ शाखा, २८ काउन्टर र ११६ एटीएम सेवा छन् ।

# निःशुल्क विद्युत मिटर वितरण

काठमाडौं । आर्थिक अवस्था कमजोर भएका (विपन्न वर्ग) घरपरिवारलाई निशुल्क विद्युत मिटर वितरण गर्ने सरकारको कार्यक्रम कार्यान्वयन सुरू भएको छ । नेपाल विद्युत प्राधिकरणले मुलुकभर रहेका आफ्ना वितरण केन्द्रहरूमार्फत विपन्न वर्गलाई निशुल्क मिटर जडान सुरू गरेको हो । विपन्न वर्गले प्राधिकरणको मापदण्डअनुसारको ५-३० एम्पिएर क्षमताको बक्ससहितको सिंगल फेज इनर्जी मिटर, एमसीबी बक्स निशुल्क पाउने छन् । प्राधिकरणले मिटर जडानका लागि सेवा शुल्क लिंदैन । सम्बन्धित स्थानीय तहले उपलब्ध गराएको विपन्न वर्गको सिफारिसका आधारमा प्राधिकरणले निशुल्क मिटर जडान गरिदिने छ । मिटरको एक हजार ९ सय ३५ रूपैयाँ, एमसीबीको मूल्य, अधिकतम २ वटा पोल (करिब १ सय मिटर) सम्मको सर्भिस केबल, जडान गर्दा लाग्ने सेवा शुल्कसहित नयाँ मिटर जडान गर्दा लाग्ने जम्मा तीन हजार देखि तीन हजार पाँच सय रूपैयाँबराबरको लागत विपन्न वर्गले निशुल्क पाउने छन् । यो रकम जुटाउन नसक्दा त्यस्ता समुदायले चोरी (हुकिङ)मार्फत विद्युत प्रयोग गर्दै आएका थिए ।

# सञ्चारमाध्यम संवेदनशील हुनुपर्नेमा जोड

काठमाडौं । नेपाल भारतबीचको कूटनीतिक सम्बन्धलाई थप बलियो बनाउन सञ्चारमाध्यमले सकारात्मक भूमिका निर्वाह गर्नुपर्नेमा जोड दिइएको छ । नीति-अनुसन्धान प्रतिष्ठानले काठमाडौंमा गरेको 'नेपाल भारत सम्बन्ध सुदृढ बनाउनमा सञ्चारमाध्यमको भूमिका' विषयक अन्तरक्रियामा सहभागी वक्ताले दुवै मुलुकका जनताबीचको शदियौं पुरानो सम्बन्धका साथै दुई देशको कूटनीतिक सम्बन्धलाई असर नपर्ने गरी सञ्चारकर्मीले सत्यतथ्य सूचना प्रवाह गर्नुपर्ने सुझाव दिए । राष्ट्रिय समाचार समितिका पूर्वमहाप्रबन्धक देवप्रकाश त्रिपाठीले दुवै देशको सांस्कृतिक तथा सामाजिक पक्ष एकै किसिमको रहेको विचार व्यक्त गर्दै ती सम्बन्धलाई कायम राखेर दुवै राष्ट्रका सञ्चारकर्मीले दुई देशको आर्थिक वृद्धिका लागि एकापसमा सहकार्य र सहयोग अभिवृद्धि गर्नुपर्नेमा जोड दिए ।

# छलफल गर्न वार्ता टोली गठन

काठमाडौं । सरकारले नेपाल-भारतबीचको व्यापार र पारवाहन लगायतका विषयमा छलफल गर्न १० सदस्यीय वार्ता टोली गठन गरेको छ । सरकारका प्रवक्ता एवम् सञ्चारमन्त्री गोकुल बास्कोटाले सहसचिव रविशंकर सैंजुको नेतृत्वमा १० सदस्यीय वार्ता टोली गठन गरेको जानकारी दिए । उक्त टोलीले नेपाल र भारतबीचको व्यापार र पारवाहन लगायतका विषयमा देखिएका समस्या र त्यसमा देखिएका चूनौतीका विषयमा वार्ता गर्नेछ । मन्त्रिपरिषद बैठकले भारतीय सरकारी कम्पनी कोनकन रेलवे कर्पोरेशन लि.मार्फत नेपालका लागि रेल खरिद गर्न रेल विभागलाई स्वीकृत समेत दिएको छ ।

# संस्कृत अध्ययन केन्द्र स्थापना हुने

काठमाडौं । योग र आयुर्वेदलाई प्रवर्द्धन गर्नेलगायत सात बुँदे घोषणापत्र जारी गर्दै तीन दिने अन्तर्राष्ट्रिय संस्कृत सङ्गोष्ठी राजधानीमा सम्पन्न भएको छ । भारत सरकार संस्कृति मन्त्रालय, भारतीय राजदूतावास र विवेकानन्द सांस्कृतिक केन्द्रको आयोजनामा मङ्गलबारदेखि कार्यक्रम शुरू भएको थियो । सङ्गोष्ठीमा नेपाल र भारतका गरी ५०० भन्दा बढी संस्कृतका विद्वान्को सहभागिता थियो । संस्कृतको संवर्द्धनका लागि दुवै देशका सरकारसँग अनुरोध गर्ने निष्कर्ष पनि कार्यक्रमले निकालेको छ । प्रत्येक वर्ष पालैपालो सम्मेलन आयोजना गरी संस्कृतमा भएगरेका कामको विश्लेषण गरिने जनाइएको छ ।




मधेशवाणी प्रा.लि.द्वारा प्रकाशित, सम्पादक : **राजेश अहिराज**, कार्यकारी सम्पादक : **रामसुकुल मण्डल**, कार्यालय : मधेश मिडिया हाउस, अनामनगर, काठमाडौं, फोन नं. ४२६६१४२, ४२६६१४१, फ्याक्स : ४२६६१४१, Email : madheshvani@gmail.com, Website : www.madheshvani.com, मुद्रण : **धिम्ले अफसेट प्रेस**, काठमाडौं